वर्ष : १५, अंक : ८, काठमाडौं, २०७६ जेठ २४ गते शुक्रबार, 7 June 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## राष्ट्रपति 'रोजा इफ्तार'मा सहभागी



नेपालगञ्ज । राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रिय एकता, धार्मिक सहिष्णुता एवम् आपसी सद्भाव कायम गर्न मुस्लिम समुदायको उत्तरदायी भावना रहेको बताएकी छन् । मुस्लिम समाज बाँकेले इदउल फित्रको अवसरमा नेपालगञ्जमा आयोजना गरेको 'रोजा इफ्तार' समारोहलाई बोल्दै राष्ट्रिय एकता, धार्मिक सहिष्णुता एवम् आपसी सद्भाव कायम गर्न यस्ता पर्वले प्रेरणा प्रदान गरेको बताइन । मुस्लिम समुदायसँग भेटघाट र अन्तरक्रिया गर्न पाउँदा आफूलाई खुशी लागेको बताउँदै राष्ट्रपतिले रोजा इफ्तारका अवसरमा सुख, शान्ति र समृद्धिको कामना गरेकी थिइन् । पहिलो पटक 'रोजा इफ्तार'मा सहभागी भएकी राष्ट्रपति भण्डारीलाई मुस्लिम समुदाय बाँकेले विभिन्न चार बुँदे अनुरोधपत्र बुझाएका थिए । समाजका अध्यक्ष अब्दुल वाहिद मन्सुरीले बुझाएको अनुरोधपत्रमा मुस्लिम समुदायको रूपमा छुट्टै पहिचान कायम गर्नका लागि पहल हुनुपर्ने, मुस्लिम समुदायको पर्वहरूमा राष्ट्रिय रूपमा सार्वजनिक बिदाको व्यवस्था, राष्ट्रिय मदरसा बोर्ड गठन गर्नुपर्ने लगायतका विषय उल्लेख छ ।

## '११ प्रदेशका लागि संघर्ष हुन्छ'



धनगढी । समाजवादी पार्टी नेपालका अध्यक्षद्वय उपेन्द्र यादव र डा. बाबुराम भट्टराईले ११ प्रदेशको प्रादेशिक संरचना नै वैज्ञानिक रहेको दाबी गर्दै त्यसको लागि मधेशमा संघर्ष हुने चेतावनी दिएका छन् । धनगढीमा कैलाली तथा कञ्चनपुरका थारू अगुवा, मुक्तकमैया लगायतसँगको भेटघाटको क्रममा अध्यक्षद्वय यादव र डा. भट्टराईले १० जोड १ प्रदेशको संरचना नै वैज्ञानिक रहेको तर्क गरे ।

उपप्रधान एवम् स्वास्थ्य तथा मन्त्री समेत रहेका अध्यक्ष यादवले भने, 'थरूहट आन्दोलन नितान्त राजनीतिक आन्दोलन हो । यसमा मेरो पनि संलग्नता छ । टीकापुरमा कार्यक्रम गर्दाताका बाटोमा अवरोध हुँदा जंगलको बाटो भएर म पनि फर्केकै हुँ । यो मुद्दा राजनीतिक भएकोले फौजदारी न्यायको हिसाबमा कुनै पनि हालतमा निकास दिँदैन । राजनीतिक ढंगले नै निकास हुनुपर्छ ।'

उनले हालको ७ प्रदेशको प्रादेशिक संरचनाले पनि दिगो निकास दिन नसक्ने दाबी गरे । थारू, मधेशी, दलित, जनजातिलगायत उत्पीडनमा परेका समुदायको माग  र मुद्दा सम्बोधन गर्न १० जोड १ प्रादेशिक संरचना नै वैज्ञानिक रहेकोले आफूहरू अझैपनि १० जोड १ प्रदेशको मान्यतामा आडिग रहेको यादवले बताए ।

पार्टीका अर्का अध्यक्ष भट्टराईले हालसम्मको राजनीतिक परिवर्तनलाई अपूरो क्रान्तिको संज्ञा दिदै सबै असन्तुष्ट पक्षको माग सम्बोधन गर्न १० जोड १ को प्रादेशिक संरचना उपयुक्त रहेको बताए । उनले हालै लोक सेवा आयोगले खुला गरेको विज्ञापनले हालसम्म भएका अधिकार प्राप्तिका संघर्षको विरूद्धमा रहेको खारेज गर्नुपर्ने बताए ।

## लोकसेवा आयोग भर्सेस प्रदेश २

# कानूनी उपचार खोज्ने कि गल्ती सच्याउने ?

**मधेशवाणी डेस्क**

काठमाडौं । झण्डै ५ सयभन्दा बढी स्थानीय तहको पदपूर्तिका लागि संघीय लोकसेवा आयोगले आह्वान गरेको कर्मचारी विज्ञापनमा विवाद देखिएको छ । यसका साथै कर्मचारी विज्ञापन समावेशी समानुपातिक पद्धतिअनुसार हुन नसकेको भन्दै चौतर्फी विरोध पनि भइरहेको छ ।

आयोगले जेठ १५ गते सूचना निकाल्दै ५ सय १५ स्थानीय तहका लागि ९ हजार १ सय ६१ पदमा कर्मचारी आवश्यक रहेको भन्दै विज्ञापन आह्वान गरेको थियो ।

प्रमुख विपक्षी नेपाली काँग्रेसदेखि मधेशी दलसम्मका नेताहरूले लोकसेवा आयोगको विज्ञापन संविधानको भावना विपरीत समावेशितालाई लत्याउँदै आह्वान गरिएको बताउँदै आएका छन् ।

संविधानको धारा २७७ मा स्थानीय तहको कर्मचारी व्यवस्थापन प्रदेश सरकारले गर्ने स्पष्ट व्यवस्था हुँदाहुँदै संघीय लोकसेवा आयोगले किन विज्ञापन निकाल्यो त भन्ने प्रश्न पनि उब्जिएको छ ।

त्यसैले प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउतले संविधानको भावनाविपरीत भइरहेको गतिविधि विरूद्ध कानूनी उपचार खोज्ने पनि चेतावनी दिएका छन् । लोकसेवाले आह्वान गरेको विज्ञापनले मधेशी, मुस्लिम, महिला, आदिवासी तथा जनजातिलाई उपेक्षा गरेकाले आफूहरूले यसलाई नमान्ने भन्दै प्रदेशमा आवश्यक कर्मचारी प्रदेशले नै भर्ना गर्ने पनि उनले बताइसकेका छन् । प्रदेश २ ले जेठ १९ गते ल्याएको नीति तथा कार्यक्रममा पनि अर्को वर्षदेखि प्रदेश आफैले आवश्यक कर्मचारी भर्ना गर्ने उल्लेख छ ।

संघीयताको अर्थ आफ्नो शासन-प्रशासन हुनु पर्छ तर संघीय सरकारले अंकुश लगाउने गरी ल्याएको विज्ञापनले संघीय प्रणालीकै मजाक उडाइरहेको छ । लोकसेवा आयोगले निकालेको पछिल्लो विज्ञापनले तीनै तहको सरकारबीच अधिकारको विवाद अझैसम्म टुंगिन नसकेको देखाएको छ । देश संघीय संरचनाको अभ्यासमा अघि बढेको दुई वर्ष हुन लाग्दा पनि संघीय सरकारले प्रदेश र स्थानीय तहको सरकारलाई नियन्त्रण गरे जस्तै व्यवहार गरिरहेको छ ।

**आरक्षित सिट बाँडफाँटमा भएको असंगति**

| आरक्षित समूह | ऐनअनुसार छुट्याउनुपर्ने सिट संख्या | विज्ञापनमा छुट्याइएको सिट संख्या | घटीबढी संख्या | घटीबढी प्रतिशत |
|---|---|---|---|---|
| महिला | १,३६० | १,६४२ | +२८२ | +२१ |
| आदिवासी जनजाति | १,११३ | ५०८ | - ६०५ | -५४ |
| मधेशी | ९०७ | ७६ | -८३१ | -९२ |
| दलित | ३७१ | ३० | -३४१ | -९२ |
| अपांगता भएका व्यक्ति | २०६ | ४ | -२०२ | -९८ |
| पिछडिएको क्षेत्र | १६५ | २ | -१६३ | -९९ |
| जम्मा | ४,१२२ | २,२६२ | -१८६० | -४५ |

**नोट : जम्मा कर्मचारी मागसंख्या ९१६१ जसको ४५ प्रतिशत (४१२२ सिट) प्रचलित ऐनअनुसार समावेशिताका लागि छुट्याउनुपर्ने ।**

संसदले पारित गरेको यो विधेयक गएको फागुन १० मा राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेपछि ऐनको रूपमा कार्यान्वयनमा आएको हो । ऐनको दफा १२ को उपदफा ३ मा प्रदेश र स्थानीय तहमा विज्ञापन गर्दा सम्बन्धित प्रदेश र स्थानीय तह नै खुलाएर विज्ञापन गर्नुपर्ने र उपयुक्त उम्मेदवारलाई नियुक्तिका लागि सम्बन्धित प्रदेश र स्थानीय तहमा नै सिफारिस गर्ने प्रावधान पनि स्पष्टसँग उल्लेख छ ।

प्रदेश तथा स्थानीय तहमा आवश्यक कर्मचारी भर्ना प्रदेश लोकसेवा आयोगबाट हुने संविधानमा नै प्रावधान छ । तर अहिलेसम्म कुनै पनि प्रदेशमा प्रदेश लोकसेवा आयोग गठन भइनसकेकाले संघीय लोकसेवा आयोगबाटै त्यसको काम भइरहेको हो ।

संविधानको धारा २२६ र २२७ ले स्थानीय तहले प्रदेश कानुन अनुसार आफैंले कानुन बनाएर कर्मचारी भर्ना गर्न सक्ने व्यवस्था गरेको छ । संविधानको धारा २८५ मा कर्मचारी पदपूर्ति गर्दा कानुन बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ ।

तर संविधानमा र ऐनमा उल्लेख भएअनुरूप प्रदेश लोकसेवा गठन भइनसकेको तथा प्रदेश र स्थानीय तहले कानून पनि बनाइनसकेकाले अहिले संघीय लोकसेवा आयोगबाटै कर्मचारी भर्नाका लागि विज्ञापन आह्वान भएको आयोगको भनाइ छ ।

**सर्वत्र विरोध**

कर्मचारी आह्वान सम्बन्धी विज्ञापन समावेशिताको सिद्धान्तअनुसार नभएको भन्दै ठाउँठाउँमा विरोध भइरहेको छ । हेटौंडामा लोकसेवा आयोगको कार्यालय घेराउ भएको छ भने काठमाडौंको माइतीघर मण्डलामा विरोध जुलुस निकालिएको छ । आयोगको विज्ञापनप्रति सत्तापक्ष र प्रतिपक्षका सांसदहरू पनि रूष्ट देखिएका छन् ।

सरकारमा सहभागी दल समाजवादी पार्टीले पनि आयोगको विज्ञापन समावेशी नभएको भन्दै विज्ञापन सच्चाएर फेरि अर्को आह्वान गर्न आग्रह गरेको छ । ठूलो संख्यामा कर्मचारी माग गर्दा पनि आयोगले आवश्यक समानुपातिक समावेशी सिद्धान्त उल्लंघन गरेको र समावेशी क्लस्टरका लागि आवश्यक संख्या नछुट्याइएको विषय विवादित बन्न पुगेको हो ।

निजामती सेवा ऐनको दफा ७ को उपदफा ७ मा आयोगले आह्वान गर्ने विज्ञापनमा कूल संख्याको ४५ प्रतिशत समावेशी समूहका लागि छुट्याउनुपर्ने व्यवस्था छ ।

समावेशीका लागि छुट्याइएको ४५ प्रतिशतमा नै महिला, आदिवासी, जनजाती, मधेशी, दलित, अपांगता भएका समूहलाई भाग लगाइन्छ । समावेशीका लागि छुट्याइएको ४५ प्रतिशतलाई शतप्रतिशत मानेर त्यसमा महिला ३३, आदिवासी/जनजाति २७, मधेशी २२, दलित ९, अपांगता भएका व्यक्ति ५ र पिछडिएका क्षेत्रका मानिसका लागि ४ प्रतिशत पद छुट्याउनुपर्ने व्यवस्था छ । बाँकी रहेको ५५ प्रतिशतमा भने खुला प्रतिष्पर्धामार्फत कर्मचारी भर्ना गराइने व्यवस्था छ । यसअघि यही प्रक्रियामा विज्ञापन आह्वान हुने गरेको थियो । तर अहिले आयोगले आह्वान गरेको ९ हजार १

**बाँकी अन्तिम पृष्ठमा**

## प्रदेश २ ले मान्दैन : मुख्यमन्त्री



जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले संघीय लोक सेवा आयोगबाट स्थानीय तहका लागि गरिएको विज्ञापन प्रति आक्रोश व्यक्त गरेका छन् । मुख्यमन्त्री राउतले संविधानको भावना विपरीत समावेशितालाई लत्याउदै आह्वान गरेको विज्ञापन स्वीकार्य नहुने चेतवनी दिएका छन् । संविधानको धारा २७७ मा स्थानीय तहको कर्मचारी व्यवस्थापन प्रदेश सरकारले गर्ने स्पष्ट व्यवस्था रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले संविधानको भावनाविपरीत भइरहेको गतिविधि विरूद्ध कानूनी उपचार खोज्ने स्पष्ट पारे । उनले भने 'संघीयताको अर्थ आफ्नो शासन/प्रशासन हुनु पर्दछ । तर, संघीय सरकारले त्यसमाथि अंकुश लगाउने प्रयास गरिरहेको र समावेशितालाई लत्याउने प्रयास गरिएको छ, त्यो सहय हुँदैन । हामी कानूनी उपचार खोज्छौ ।' संघीय निकायहरूले एकपछि अर्को अधिकार खोस्ने प्रपञ्च गरिरहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले स्थानीय तहका प्रतिनिधीहरूलाई हातेमालो गर्न आग्रह समेत गरे । प्रदेश सरकारले ल्याउन लागेको नीति तथा कार्यक्रम र बजेटको पूर्व संध्यामा आयोजना गरिएको समन्वय परिषद्को बैठकमा स्थानीय तहका प्रमुखले आ-आफ्ना सुझाव राखेका थिए ।

## टीकापुरका थारूहरू संघर्ष गर्ने

काठमाडौं । थरूहट थारूवान राष्ट्रिय सम्मेलन तयारी समितिले टीकापुर घटनाका क्रममा पक्राउ गरेर थुनिएका बन्दीहरूलाई नि:शर्त रिहा गर्न माग गरेको छ ।  समितिले काठमाडौंमा पत्रकार सम्मेलन गर्दै यस्तो माग गरेको हो । समितिले टीकापुर घट्नाबारे सत्य, तथ्य छानबिन गर्न पूर्वन्यायाधीश गिरिश चन्द्र लाल दास नेतृत्वको न्यायिक समिति, सर्वदलीय संसदीय समिति र राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने पनि माग गरेको छ ।  कार्यक्रममा थरूहट नेता लक्ष्मण थारूले आफू ४२ महिना लामो जेल जीवन पछि पहिलो पटक मिडियामा आएको बताउँदै आफूहरू फेरि मर्न तयार भएर शान्तिपूर्ण आन्दोलनमा जुटेको बताए ।  'हामीलाई झुठा मुद्दा लगाएर ४२ महिनासम्म जेल राखियो, अझै पनि हाम्रा धेरै साथीहरू जेलमै छन् । अब हामी फेरि मर्न तयार भएर शान्तिपूर्ण आन्दोलनमा जुटेका छौं', उनले भने। भदौ ७ गतेबाट देशभरका पाँच लाख थारू उतारेर सम्मेलन गर्ने थारूको भनाई छ ।  कार्यक्रममा थरूहट थारूवान राष्ट्रिय सम्मेलन तयारी समितिका संयोजक मिनराज चौधरीले नेपालमा रहेका सबै क्षेत्रका वर्ग, समूदायका मागहरू पूरा गर्नुपर्नेमा जोड दिए । उनले आफूहरूले उठाएका जायज मागहरू समयमै सम्बोधन गर्नुपर्ने पनि माग गरे ।

## 'संविधान संशोधनको आवश्यक्ता र औचित्य कहिले ?'



काठमाडौं । संविधान संशोधनको माग पूरा नभएको भन्दै राष्ट्रिय जनता पार्टी नेपालले आपत्ति जनाएको छ । प्रतिनिधिसभाको बैठकमा राजपाका सांसदहरू उभिएर आपत्ति जनाएका हुन् । संविधान संशोधनको माग पूरा गराउन सभामुखले रूलिङ गर्नुपर्ने राजपाको माग थियो । राजपाका सांसद प्रमोद साहले सरकार संघीयता विरोधी गएको पनि आरोप लगाए । संघीय सरकारका काम कारबाही संघीयता विरोधी भएको आरोप लगाउँदै उनले संघीयता नाजायज बच्चा जस्तो भएको टिप्पणी गरे । प्रदेश सरकारलाई काम गर्न नदिइएको साहको भनाइ थियो । उनले भने, 'बिना सेना, बिना प्रहरी र बिना हतियारको प्रदेश सरकार हुन्छ? यस किसिमको प्रक्रिया जुन भइरहेको छ त्यो बन्द गर्नुपर्ने हो ।' साहले संविधान संशोधनको आवश्यक्ता र औचित्यका आधारमा हुने भनेकाले त्यो कहिले हुन्छ भनेर प्रश्न गरेका थिए ।





समय-सन्दर्भ

डा.उमाशंकर प्रसाद



# बजेटले मधेशलाई न्याय गरेन

> नेपालको कृषिको आधारभूमि मधेश नै हो । तर, कृषिमा राज्यले जति लगानी गर्नुपर्ने हो त्यति छैन ।

नेपालको आर्थिक ढाँचालाई समाजवाद उन्मुख गराउने भनेर संविधानले भनेको छ । त्यसको आलोकमा आर्थिक वर्ष २०७६/७७ को बजेटलाई हेर्ने हो भने स्वास्थ्य र शिक्षामा सकारात्मक देखिन्छ । विगतका बजेटहरूभन्दा यो बजेटको आकार अलि ठूलो देखिएको छ । यो आकार बढ्ने बित्तिकै स्वाभाविकरूपमा विभिन्न किसिमका कार्यक्रमहरू समेटिएका छन् । विशेषगरी, सामाजिक सुरक्षाको सन्दर्भमा सम्पूर्ण नेपालीलाई स्वास्थ्य बीमाको दायराभित्र ल्याउने लगायतका जुन कुराहरू छन् त्यसले गर्दा यो बजेट समाजवाद उन्मुख बजेट पक्कै पनि हो ।

यस वर्षको बजेटलाई कतिपयले वितरणमुखी मात्रै भनेर विश्लेषण गर्दैछन् तर, त्यसरी हेर्नु हुँदैन । भौतिक पूर्वाधार निर्माणमा डेढ खर्ब जति छुट्याइएको छ । त्यसपछि रेल, जलविद्युत लगायत धेरै योजनाहरू राखिएका छन् । समाजवाद उन्मुख बजेटको परिकल्पना गरिसकेपछि स्वास्थ्य र शिक्षालाई बढी जोड दिँदा अलिकति वितरणमुखी गर्नैपर्छ । यो संसारकै परिपाटी हो, यसलाई अन्यथा लिनुहुँदैन ।

तीन तहको सरकार भइसकेपछि स्थानीय तहमा धेरै बजेट जानुपर्ने थियो । धेरैभन्दा धेरै बजेट यसपटक संघकै मातहतमा राखिएको छ । प्रदेश र स्थानीय तहलाई दिने बजेटको आकार अलिकति धेरै हुनुपर्ने थियो । त्यसकारणले प्रदेश र स्थानीय तहलाई जाने बजेट कम हुने बित्तिकै मधेशमा बजेट कम भएकै हो । खासगरी, मधेशको कुरा गर्दा एकात्मक शासन हुँदा समग्र मधेशमा करिब-करिब १७ प्रतिशत जति मात्रै बजेट जान्थ्यो । तर, मुलुक संघीयतामा गइसकेपछि बढेर लगभग २४ प्रतिशतसम्म पुगेको छ । अहिलेको बजेटलाई हेर्दा हुलाकी राजमार्गमा राम्रै बजेट दिइएको छ । यसपटकको बजेटमा मधेशका लागि कार्यक्रमहरू देखिन्छ तर पर्याप्त रकम विनियोजन गरिएको छैन ।

मधेशमा सबभन्दा ठूलो समस्या दलित र मुस्लिमको छ । मधेशका दलितहरूको स्वास्थ्य र शिक्षाको अवस्था एकदम दयनीय छ । जसकारणले समग्र मधेशको मानव विकासको सूचांक कमजोर भएको अवस्था हो । त्यसकारण, बजेटमा दलितलाई विभिन्न किसिमका सुविधाहरू जस्तै आवासीय सुविधा दिने भन्ने कुराहरू आएको छ । मुसहरको साक्षरता दर मात्र ७ प्रतिशत हो । तिनीहरूका लागि १५/२० वर्षीय आवासीय योजना राखेर शिक्षा र स्वास्थ्यमा सुधार गर्नुपर्छ ।

नेपालको कृषिको आधारभूमि मधेश नै हो । तर, कृषिमा राज्यले जति लगानी गर्नुपर्ने हो त्यति छैन । अहिले नेपालमा कृषिजन्य वस्तु जस्तै, अन्नबालीदेखि लिएर माछा, मासु, फलफूलको जुन आयातको अवस्था छ त्यो असाध्यै भयावह छ । कृषिजन्य वस्तुहरूको आयात हामीले भारतबाट गरिरहेका छौं । यसका लागि सरकारले बजेटमा भनेको छ कि फलफूलमा हामी आत्मनिर्भर हुनेछौं । त्यस्तै, प्रधानमन्त्री कृषि कार्यक्रमअन्तर्गत पनि बजेट छुट्याइएको छ । यी सबै कुराहरूलाई हेर्दा कृषिमा केही विशेष पकेट क्षेत्र बनाएर आयातलाई प्रतिस्थापन गर्ने कार्यक्रमहरू बढाइयो भने त्यो राम्रो हुन्छ ।

बजेट निर्माण हुँदा लक्षित वर्गको सही पहिचान राज्यले जुन किसिमले गर्नुपर्ने हो त्यसरी गर्न सकेको छैन । यसका लागि राज्यका विभिन्न अंगहरू नबनेको होइन । तर पनि कतै न कतै हाम्रो ब्युरोक्रेटभित्र जसरी हाम्रो पहुँच हुनुपर्ने हो, त्यो नभइसकेको कारणले लक्षित वर्ग वा विषय छुट्न जान्छ । उपेक्षित वर्गहरूलाई कसरी सहभागिता गराउने भन्ने कुरा बढ्दै गयो भने लक्षित वर्गले लाभ लिन सक्छन् । तर, अहिले नीति निर्माण ठाउँमा जो व्यक्तिहरू छन् उनीहरूले आफ्ना जात र वर्गलाई हेरिहाल्छ । यो 'ह्युमन नेचर' नै हो । त्यसकारणले बजेटमा उपेक्षित वर्गलाई समाहित गर्नका लागि ब्युरोक्रेसीमा पनि पहुँच त्यतिकै जरूरी छ । त्यसका लागि उपेक्षित वर्गले आवाज बुलन्द गर्नुपर्छ ।

यसभन्दा अघिको बजेटमा पनि तराई-मधेशका लागि धेरै योजनाहरू समावेश गरिएको थियो । तर, ती योजनाहरू प्रभावकारीरूपमा कार्यान्वयन भएको वा लक्षित वर्गमा पहुँच भएको देखिँदैन । यो एउटा ठूलो समस्याको रूपमा पनि देखिएको छ । केही वर्षमा नेपाली व्युरोक्रेसीमा लोकसेवामा आउने व्यक्तिहरू असाध्यै कम क्षमता भएकाहरू आएका देखिन्छन् । त्यसकारणले प्राप्त भएका बजेट खर्च कसरी गर्ने, योजना कसरी बनाउने भन्ने कुराहरू उनीहरूलाई थाहा हुँदैन । त्यसकारण, राज्यको एउटा

**बाँकी अन्तिम पृष्ठमा**



## सम्पादकीय



# संविधानसभाको पदक र मधेशी सांसद

लामो संघर्ष, त्याग र बलिदान तथा दोस्रो जनआन्दोलनको उपलब्धिस्वरूप मुलुकमा पहिलोपटक २०६४ सालमा संविधानसभाको निर्वाचन भयो । नयाँ संविधान ल्याउन हर कोसिस भए पनि अन्ततः विघटन भएपछि २०७० मा अर्को संविधानसभाको निर्वाचन भयो । राजनीतिक दलको सहकार्य र एकताले ९० प्रतिशत बढीको सहभागितामा २०७२ सालमा नयाँ संविधान जारी भई मुलुकले एउटा दिशा तय गरेको थियो । संविधानको मर्म र भावनाअनुसार अहिले देश एउटा समृद्धिको मार्गमा अघि बढेको छ । दशकौंदेखिको वंशीय परम्पराको अन्त्य भई नेपाली जनताले चुनेको व्यक्ति नै राष्ट्रप्रमुख हुने व्यवस्था शुरू गराउनमा दुवै चरणका संविधानसभाका सदस्यले खेलेको भूमिकालाई उच्च मूल्यांकन गरी सरकारले १२औं गणतन्त्र दिवसको भोलिपल्ट संविधानसभाका सदस्यलाई 'संविधानसभा पदक' सहित सम्मान गरेको छ ।

राष्ट्रपति कार्यालय शीतल निवासमा राष्ट्रपति विद्यादेवी भण्डारीले संविधान निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएकोमा उच्च मूल्यांकन गर्दै पहिलो र अर्को संविधानसभामा निर्वाचित तत्कालीन सभासदहरूलाई राष्ट्रको तर्फबाट पदकसहित सम्मान प्रदान गरिन् । नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधान भाग ३२ अन्तर्गत धारा २७७ को उपधारा १ बमोजिम नेपालको संविधान निर्माणमा योगदान पुऱ्याएबापत सभासद्हरूलाई सम्मान गरिएको हो । संविधानमा राष्ट्रपतिले राज्यको तर्फबाट प्रदान गरिने उपाधि, सम्मान र विभूषण प्रदान गर्नेछ भन्ने उल्लेख छ । पदक पाउनेको सूचीमा राष्ट्रपति विद्यादेवी भण्डारी आफै पहिलो नम्बरमा थिइन् । त्यसपछि उनले प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख कृष्णबहादुर महरा, पूर्वराष्ट्रपति रामवरण यादव, उपप्रधान एवम् स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादव, पूर्वप्रधानमन्त्रीहरू, सूर्यबहादुर थापा, गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड', झलनाथ खनाल, माधवकुमार नेपाल, बाबुराम भट्टराई र सुशील कोइरालाको नामसमेत पदक पाउनेको सूचीमा छ । नेपालको इतिहासमा पहिलो पटक २०६४ साल चैत २८ गते प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीअनुसार संविधानसभा सदस्य निर्वाचन भएको थियो । उक्त संविधानसभाले नयाँ संविधान निर्माण गर्न नसकेपछि २०७० मंसिर ४ गते अर्को संविधानसभा निर्वाचन भएको थियो । उक्त संविधानसभाले २०७२ साल असोज ३

## मधेशी दलहरूले संविधान अस्वीकार गरेको बताइरहँदा र संविधानलाई अझै अपनत्व गरिनसक्को अवस्थामा संविधानसभा पदक स्वीकार गर्नु कति जायज हो ?

गते इतिहासमै पहिलो पटक 'नेपालको संविधान २०७२' जारी गरेको थियो । देशमा पहिलोपटक जनप्रतिनिधिमूलक संविधानसभाबाट जारी ३५ भाग ३०८ धारा र ९ अनुसूची रहेको संविधानले २४० वर्ष अघिदेखिको राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरी देशमा गणतन्त्र र सङ्घीयतालाई संस्थागत गरेको हो । संविधान निर्माणपछि मुलुक तीनै तहको निर्वाचन सम्पन्न गरी सरकार गठन गरेर संघीयता कार्यान्वयनमा लागेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने अभिभारा सरकारको छ ।

यी सबैबीच एउटा प्रश्न उब्जिएको छ- संविधान बनाउन पहिलो सभा असफल भयो । संविधान जारी हुन सकेन फलतः दोस्रो संविधानसभाले निकै रस्साकस्सीबीच संविधान जारी गऱ्यो । संविधान जारी गरेको ३ वर्षपछि किन संविधानसभा पदकबाट तत्कालीन सभासदहरूलाई विभूषित गरिएको हो ? अर्कोतर्फ २ वर्षभित्र काम फत्ते गर्छु भनेर चुनिएका प्रतिनिधिले पटक पटक संविधानसभाको म्याद थप गर्दै संविधान जारी गर्न सकेनन् अन्ततः तीव्र जनदबाबपछि बल्लतल्ल संविधान जारी गरियो अनि सम्मान चाहीं तीन वर्ष पछि ?

संविधानसभा पदक वितरणलाई लिएर सामाजिक सञ्जालमा विभिन्न टिप्पणी भएका छन् । अधिकांशले सभासदलाई दिइएको पदकलाई लिएर नकारात्मक टिप्पणी गरेका छन् । सर्वसाधारणमात्र होइन राजनीतिक विश्लेषकहरूले पनि तक्मा आफैंमा खराब नभए पनि संविधान जारी भएको तेस्रो वर्षमा प्रदान गर्नुको रहस्य खोतल्दै छन् । ६०१ को डफ्फाले संविधान जारी गरेको होइन । र त्यसपछिका डफ्फा मध्ये केहीले अहिले पनि संविधान स्वीकार नगरिरहेको सन्दर्भमा यसको प्रयोजन, सान्दर्भिकता के हो ? अझ मधेशी दलहरूले संविधान अस्वीकार गरेको बताइरहँदा र संविधानलाई अझै अपनत्व गरिनसकेको अवस्थामा संविधानसभा पदक स्वीकार गर्नु कति जायज हो भन्ने प्रश्न पनि उब्जिएको छ । संविधान निर्माणमा योगदान गरे वापत पदक प्रदान गरिएको हो र संविधानको विरोध गरिरहेका दल र व्यक्तिबाट उक्त पदक प्राप्त गर्ने लालसा पक्कै उचित होइन । पदक ग्रहण गर्नुअघि मधेशी दलका तत्कालीन सभासदहरूले आफनो योगदानलाई पनि मूल्यांकन गर्नुपदर्थ्यो ।

## सातको सात बात



मुलुकको दिगो विकासका लागि शिक्षामा लगानी वृद्धि गर्न आवश्यक रहेको छ । शैक्षिक लगानीले बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने अवसर प्रदान गर्छ । राज्यले शिक्षामा गरेको लगानीको प्रतिफल जनताले पाउनुपर्छ । विद्यादेवी भण्डारी, राष्ट्रपति



पार्टीभित्र नेताहरूबीचमा जे सहमति भएको छ त्यहिअनुसार चल्नुपर्छ । सरकारमा आलोपालो गर्ने भनि गरिएको सहमति पालना गर्नुपर्छ । उक्त सहमति तोड्नु हुँदैन । दुई अध्यक्षले सहमति गरेर हस्ताक्षर गरेको सहमति कार्यान्वयन हुन्छ । झलनाथ खनाल, नेता, नेपाल कम्युनिष्ट पार्टी



२०७६/७७ को बजेटको सबैभन्दा ठूलो विशेषता संघीयता विरोधी हो । केन्द्रीय सरकारले सबै बजेट चलाउने रे । प्रान्तीय सरकारहरूले २० प्रतिशत पनि बजेट नपाउने रे । हामीले केपी ओलीको नभई स्वायत्त, अधिकार सम्पन्न प्रदेश मागेको छौं । राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल



स्वदेशी उत्पादनमा प्रतिस्पर्धा वृद्धि गर्नु अहिलेको आवश्यकता हो । नेपाली वस्तुहरू उत्कृष्ट छन् तर तिनीहरूको ब्रान्डिङ गर्न र फिनिसिङका लागि नयाँ प्रविधिको प्रयोग गरौं, आफ्नो उत्पादनको आकर्षण व्याकिङ गरौं । मातृका यादव,उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री



सरकारले जनताले चाहेजस्तो बजेट ल्याएको छ । बजेटले देशको समृद्धिलाई जोडेको छ, कार्यान्वयनमा सरकार दृढ छ । विगतमा जस्तो बजेट कार्यान्वयनमा सरकारले छुट दिँदैन । सरकारले ल्याएको समावेशी र जनमुखी बजेटको विरोध गर्नुपर्ने कुने कारण छैन । मो. इस्तियाक राई, शहरी विकासमन्त्री



प्रदेशको समृद्धिको लागि दलित तथा मुस्लिमको शिक्षा, स्वास्थ्य तथा राज्यमा उचित सहभागिता आवश्यक रहेको छ । प्रदेश सरकारले दलित तथा मुस्लिम एवं गरिब समुदायको उत्थानका लागि कानुन नै ल्याएको छ अधिकारको सवालमा आफैं पनि सचेत हुन जरूरी छ । मो. लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश २



लोक सेवा आयोगको विज्ञापनले संविधान, समावेशीकरण र सामाजिक न्यायको सिद्धान्तको मूल ममलाई नै नकारेको देखिन्छ । अहिलेको विज्ञापन न केन्द्रका आधारमा गरिएको छ न त प्रदेशको आधारमा नै । संविधानमा व्यवस्था नै नभएको अञ्चललाई ब्युँताउने काम भएको छ । रिता साह, लेखिका

# नागरिकता पाएका अनागरिक मधेशी

## विचार-विश्लेषण भाग-२६



उपेन्द्र झा

**मधेशीलाई भारतीय भन्ने मानसिकतामा परिवर्तन ल्याई समान, सभ्य व्यवहार गरौं । मधेशी जस्तो देशप्रेम उग्र राष्ट्रवादसँग पनि छैन । उग्र राष्ट्रवादले द्वन्द्व भडकाएर त्यसमा आफ्नो राजनीतिक फायदा लिन चाहन्छ ।**

राज्यसत्तामा पूर्ण स्वामित्वको दावा गर्ने उग्र राष्ट्रवादीको शासकीय मनोवृतिभित्र नेपालको विविधता आत्मसात हुनु पर्ने, उसले दिएको कुरा जनताले सहर्ष स्वीकार गर्नु पर्ने आदि मानसिकताबाट प्रेरित वर्ग समुदायका लागि मधेशको नागरिकता समस्या राजनीति गर्ने मुख्य बिषय बनेको छ । भारतका लाखौं मानिस नागरिकता लिई रहेको, मधेशको जनसंख्या बढि रहेको, भोली हामी अल्पमतमा पर्ने आतंकबाट भयभीत हुने राष्ट्रका स्वामित्व बोकेका दावेदारहरू मधेशको यथार्थबाट धेरै टाढा छन् । हल्ला फिंजाएर मधेशप्रति बिष वमन गर्नेहरू, यो देशको राष्ट्रियता, देशप्रेममाथि एकाधिकार बुझ्नेहरू परिवर्तनका आवाजहरूबाट तर्सिनु स्वाभाविक हो । देशलाई विरासतमा पाएका पैतृक सम्पत्ति जस्तो यसमा एकल नेतृत्व नै रह्नु पर्ने परम्परागत विचारबाट ग्रसित ऊ समय समयमा उग्र राष्ट्रवादलाई जीवन्त राख्न चाहन्छन् । यसैको आडमा राजनीति गर्न चाहन्छ ।

"भारतीयहरूलाई जन्मसिद्ध र अंगीकृत कुनै नागरिकता दिनु हुँदैन" पार्टीका जिम्मेवार नेताहरूको मुखवाट यस्ता अभिव्यक्ति आउनुको अर्थ भारतीयहरूले खुलेयाम नागरिकता पाई रहेको तथ्यलाई उजागर गर्दछ । तर यस्ता घटनाहरू मधेशको कुनै जिल्लामा घटेको कुनै समाचार छैन । तथ्यगत कुरा नगरि झूठको हल्ला फिंजाएर जहिले पनि मधेशलाई होच्याउने, घृणित व्यवहार गर्ने अनि देशलाई साझा बनाउने सपना देख्नेहरूको मनसाय के हो ? साझा देश बनाउन तथा राष्ट्रियता कसरी बलियो पार्ने बिषयको अध्ययन नपुगेको हो कि ? अथवा सधैंभरि द्वन्द्व भडकाएर स्वार्थलाभ लिने मानसिकताबाट अभिप्रेरित हो ।

नागरिकता मामिलामा मधेशको चरित्र पनि हेरौं । कथं कदाचित कसैले भारतीय नातेदारलाई नेपाली नागरिकता दिलाउने प्रयास गऱ्यो भने गाउँकै मानिसले सुराकी बन्छन् अथवा त्यसको विरोधमा खडा हुन्छन् । यो अवस्था मधेशको हरेक जिल्लामा विद्यमान छ । चाहे टोलीबाट नागरिकता लिने कुरा होस् वा जिल्ला प्रशासन कार्यालयबाट । मधेशीहरूमा रहेको यो चरित्रले एकैचोटि ३४ हजार नागरिकता कसरी पायो ? के यो ३४ हजार सबै भारतीय हुन् ? यसको तथ्यगत छानिबिन नगरि सोझै मधेशीको नागरिक हकमाथि आक्रमण गर्नुको अर्थ के हो ? सरकार यस विषयमा गम्भीर हुनु पर्दछ ।

दशकौंदेखि मधेशमा अनागरिक भएर बसि रहेका मधेशीहरूको आवाजलाई मधेशका दलहरूले सरकार समक्ष उठाउँदै आएको नागरिकता समस्याबारे तत्कालिन एमाले सरकारले २०५४ सालमा जितेन्द्र नारायण देवको नेतृत्वमा नागरिकता सिफारिश तथा अनुगमन समिति गठन गरि ३४ हजार नागरिकता वितरण गऱ्यो । टोलीद्वारा वितरण गरिएको जन्मको आधारमा लिएको नागरिकता खारेज गर्न सर्वोच्च अदालतमा परेको रीटमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतले २०५८ सालमा सो नागरिकता खारेज गर्ने आदेश दियो ।

०५४ सालमा नागरिकता नपाएका धेरै मधेशी मध्ये ३४ हजारले मात्र पाए । अनुपस्थित रहेका हजारौंको संख्याका मधेशीहरू नागरिकताबाट बञ्चित नै रहे । यो ३४ हजार पनि सदर बदरको जटिल प्रक्रियामा अडकेर अनागरिक जीवन बिताई रहेका छन् । नागरिकताको राजनीतिक स्टंटवाजीमा यी नागरिकहरू तेश्रो पुश्तामा आई सकेका छन् । पहिलो पुश्ताकै नागरिकता खारेज गर्ने हो भने तेश्रो पुश्ताको अवस्था के होला ? यसको संख्या लाखौंमा पुगेको छ । ०५४ सालमा नागरिकता वितरण टोलीबाट पनि छुट भई अनागरिक अवस्थामा रहेका हजारौं छन् ।

२ फाल्गुन २०७३ मा सर्वोच्चका न्यायाधीश द्वय हरिकृष्ण कार्की र पुरूषोत्तम भण्डारीको संयुक्त इजलासले जनकपुरको प्रभात कुमार शान्तनुको रीटमाथि सुनुवाई गर्दै जन्मसिद्ध नागरिकता पाएका सन्तानलाई वंशजको नागरिकता दियो ।

सुन्सरी जिल्ला बेलगछिया गाविसका नेहा दास र प्रिया दासले आमा बुवा जन्मसिद्ध नागरिकता पाएको तर आफूले वंशजको नागरिकता नपाएको भन्दै १३ आषाढ ०७४ मा रीट दायर गऱ्यो । सो रीटमा सुनुवाई गर्दै सर्वोच्च अदालतका प्रधान न्यायाधीश गोपाल पराजुली र टंकबहादुर मोक्तानको संयुक्त इजलासले २५ माघ ०७४ मा जन्मसिद्धका नागरिकता पाएका सन्तानले वंशजको आधारमा नागरिकता दिन गृह मन्त्रालयलाई आदेश जारी गऱ्यो । व्यक्ति पिच्छे फैसला गर्नुभन्दा सबैका हकमा लागू हुने गरि परिपत्र जारी गर्न गृह मन्त्रालयलाई निर्देशन दियो ।

लाखौं अनागरिक भएर बसेका मधेशीहरू राज्य प्रदत्त हकबाट बञ्चित हुनु परेको, जिल्ला जिल्लामा जन दबाव बढि रहेको कुरालाई विचार गर्दै गृह मन्त्रालयले सर्वोच्च अदालतको नागरिकता सम्बन्धि निर्देशनात्मक आदेश बमोजिम १९ चैत ०७५ मा सबै जिल्ला प्रशासन कार्यालयलाई जन्मको आधारमा नागरिकता पाएका सन्तानहरूलाई वंशजको नागरिकता दिनु भनी परिपत्र गऱ्यो । गृह मन्त्रालयको यो परिपत्रको विरूद्ध वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले वंशजको नागरिकता नबाँड्न सर्वोच्च अदालतमा रीट दायर गऱ्यो । सर्वोच्च अदालतले गृहको परिपत्र कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गऱ्यो ।

३ बैशाख ०७६ मा सर्वोच्च अदालतका न्यायाधीशद्वय र बमकुमार श्रेष्ठको संयुक्त इजलासले न्यायाधीश पुरूषोत्तम भण्डारीको अन्तरीम आदेशलाई खारेज गरेपछि जन्मसिद्धका सन्तानले वंशज नागरिकता लिन सहज अवस्था प्राप्त हुने भएपनि २४ बैशाख ०७६ मा सर्वोच्चका न्यायाधीशद्वय ईश्वर प्रसाद खतिवडा र सुष्मालता माथेमाको संयुक्त इजलासले न्यायाधीशद्वय हरिकृष्ण कार्की र बमकुमार श्रेष्ठको निर्णय उल्टाउँदै जन्मसिद्धका सन्तानलाई नागरिकता वितरण नगर्न पुनश्च गृहमन्त्रालयलाई निर्देशनात्मक आदेश जारी भयो ।

कानूनको अन्तिम मुख्यालय सर्वोच्च अदालतबाट फरक फरक निर्णय बाहिर आएपछि सर्वोच्च अदालतको गरिमामाथि प्रश्न चिन्ह खडा हुने भएकोले नागरिकताको रीटमाथि पुनश्च विचार गर्न न्यायाधीश त्रय ईश्वर प्रसाद खतिवडा, सुष्मालता माथेमा र कुमार रेग्मी रहेको पूर्ण इजलासबाट अन्तिम निर्णय हुने नै भएकोले प्रस्तुत रीटमाथि पूर्ण सुनुवाईका लागि संयुक्त इजलासलाई यही जेठ २, ०७६ मा न्यायाधीश त्रयले आदेश दिएका हुन् । ( यी नजिरहरू ११ जेठको नयाँ पत्रिकाबाट साभार गरिएको छ )

३४ हजार नागरिकता पाएकाहरू भारतीय हुन् यो नागरिकता खारेज गर्न उद्धत सर्वोच्च अदालत पनि किंकर्त्तव्यविमुढको अवस्थामा रहेको छ । कहिले जन्मसिद्धको सन्तानलाई वंशजको नागरिकता प्रदान गरेको छ भने पुनश्च यसलाई खारेज गर्ने निर्णय पनि आएको छ । कानूनको सर्वोच्च निकायले नागरिकता खारेजको फैसला गर्नुभन्दा पहिले यो नागरिकताको जाँचको आदेश दिन उचित ठानेन । रीट कै भरमा खारेजीतर्फको निर्णयले सम्पूर्ण मधेश अन्यायमा परेको पीडा कसले अनुभूत गर्ने ? यस्तो विवादास्पद फैसलाले सर्वोच्च अदालतमाथिको विश्वसनीयता क्षीण हुने कुरा धेरै चिन्ताको बिषय हो । न्यायाधीशपिच्छे एउटै बिषयमा फरक फरक निर्णय आउनु सर्वोच्चको गरिमामाथि प्रश्न खडा हुन्छ तथा कानूनको उपहास पनि हुने कुरामा शंका छैन ।

उग्र राष्ट्रवादले मधेशलाई किन स्वीकार गरिरहेको छैन । यो ठूलो समस्याको रूपमा देखिएको छ । मधेशलाई भारतीय भनेर बुझ्ने शासकहरू नेपालमा जति परिवर्तन भएपनि प्रवृतिमा कुनै सुधार नदेखिनु पनि चिन्ताको विषय हो । नागरिकताको बिषय उठाएर सधैं सशंकित रहने राज्यका अंगहरू अनेकन विघ्न खडा गरि मधेशीलाई उसको अधिकारबाट बञ्चित गराउने कार्य परम्परागत रूपमा गर्दै आइरहेको कुराबाट अवगत भई मधेश आन्दोलनको जन्म भएको हो ।

शासकीय मनोवृतिको बिना शर्त समर्थनमा मात्र मधेशीहरू राज्यबाट स्वीकृत हुने कुरा शासन प्रणालीको परम्परागत महत्वपूर्ण सिद्धान्त हो । मधेश पनि शदियौं शासकहरूको चाकडी र चापलुसी गरेर उच्च तहसम्म पुगेका हुन् तर यही कुरा नीतिगत रूपमा माँग गरिंदा सयकडौं मधेशी निर्ममतापूर्वक मारिएको कटु यथार्थ मधेशी समक्ष छ । मधेश आन्दोलन पछि राज्य र मधेशबीच खिंचिएको विभाजन रेखा देशहितमा कदापि मान्न सकिंदैन । विभेदको चरम अवस्थाले मधेशलाई विद्रोह गर्न बाध्य गऱ्यो भने खिण्डनसम्मको आवाज पनि मुखरित भयो ।

राणाहरूको हुकुमी शासनलाई राजा, नेपाली काँग्रेस र नेपाल कम्युष्ट पार्टीले बर्दास्त गर्न सकेन र फालियो । त्यसपछि राजाको अनावश्यक हस्तक्षेप नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीले सह्न नसकेर फालेको हो । नव परिवर्तनले पुरातन वस्तुलाई फाल्ने प्राकृतिक नियम नै हो । प्रजातन्त्रको पुनर्स्थापना पश्चात् प्रजातान्त्रिक शासन प्रणालीमा उग्र सामन्ती शासकीय प्रवृतिको पकडमा राज्य गएकोले यसले जन अपेक्षालाई सम्बोधन गर्न सकेन र सतहमा ठूला ठूला द्वन्द्व देखा पऱ्यो । द्वन्द्वको कडा चोट बेहोरेका प्रजातन्त्रवादी शक्तिहरू प्रजातन्त्रलाई अझ लचक बनाउन लोकतन्त्र भन्ने शब्दबाट शासन प्रणाली शुरू भयो । यही लचकताले शासकहरूलाई संघीय लोकतान्त्रिक गणतन्त्रसम्म ल्याई पुऱ्याएको छ । यतिका परिवर्तनलाई अंगीकार गर्ने शासकहरू मानसिक रूपमा यति दरिद्र किन ?

आवाजलाई दबाएर शासन गर्ने शैली बर्बर सामन्ती शैली हो । परिवर्तित युगमा त्यसको कुनै औचित्य छैन । मधेशीलाई भारतीय भन्ने मानसिकतामा परिवर्तन ल्याई समान, सभ्य व्यवहार गरौं । मधेशी जस्तो देशप्रेम उग्र राष्ट्रवादसँग पनि छैन । उग्र राष्ट्रवादले द्वन्द्व भडकाएर त्यसमा आफ्नो राजनीतिक फायदा लिन चाहन्छ । स्वार्थ पूरा गर्न चाहन्छ ।

दशकौं द्वन्द्वको पीडा झेल्दै भर्खर शान्तिको उज्यालोमा साँस फेरेको नेपालीलाई अनैतिक व्यवहारका कारण पुनश्च द्वन्द्वमा फर्काउनु लोकतान्त्रिक आचरण होईन । मधेशको नागरिकता बिषयमा कार्यपालिका र न्यायपालिकाबीच अनावश्यक रूपमा द्वन्द्वको स्थिति सृजना भएको छ । मधेश पनि सर्वोच्चको विवादास्पद निर्णयवाट दुःखी छ । यसको बुद्धिमतापूर्ण समाधानको खाँचो छ । यही समयको आवश्यकता हो । मधेशसँग भावनात्मक एकताका विधि अख्तियार गरौं ।

*janukjha24@gmail.com*

# ऐन र मर्म विपरीत विज्ञापन



सुधा मिश्र

स्थानीय तहको कर्मचारी भर्ना सम्बन्धि लोक सेवा आयोगले भर्खरै निकालेको विज्ञापनले जनताको लामो संघर्ष, त्याग र बलिदानीको प्रतिनिधित्वको अधिकारलाई बिर्सेको छ । लोक सेवा आयोगले संविधानको मर्म र भावना विपरीत निकालेको विज्ञापनले महिला, मधेशी, जनजाति, मुस्लिम र अपाङ्गलाई दिएको अधिकार आफूमा सीमित गरेको छ । कुनै पनि हालतमा नेपाली जनताले यो सहन गर्न सक्ने छैन । संविधानले राज्यको हरेक निकायहरूमा समानुपातिक र समावेशी प्रतिनिधित्व हुनु पर्ने व्यवस्था गरेको छ । राज्यको निकायहरूमा हरेक क्षेत्र, वर्ण र समुदायको पहुँच हुनु उनीहरूको मौलिक हक हो ।

समृद्ध नेपाली, सुखी नेपाली त्यही बेला सम्भव हुन्छ जब राष्ट्रका हरेक जनता अधिकार सम्पन्न हुन्छ । कसैलाई काखा कसैलाई पाखा गरियो भने देश उज्यालोतिर नगएर फेरि अन्धकारमा धकालिने छ । विकासमुखी देशभन्दा विकासोन्मुख देशहरूमा समानुपातिक समावेशीको खाँचो छ । समावेशिता जबसम्म देशमा लागू हुँदैन देश तबसम्म समृद्ध हुन सक्दैन । देशमा दुई थरिका मानिस हुन्छ । एक सम्पन्न अर्को विपन्न । सम्पन्नले केहि छोड्नु पर्छ, जसले विपन्नको जीवनमा राहत आउँछ । यो कुरा निरन्तर चलिराख्नु पर्छ र समय परिस्थिति अनुसार परिर्वतन गरिराख्नु पर्छ । हुनेखानेको जहिले पनि आफ्नै भकारी बढ्ने सोचमा रहिरहन्छ भने गरिखानेलाई जहिले समस्याको सामना गरिराख्नु पर्छ । राष्ट्र भनेको सबैको हो । स्वस्थलाई हैन बिरामीलाई उपचार चाहिन्छ । त्यसैले संविधानले आरक्षण छुट्टयाएको थियो जसलाई लोक सेवा आयोगले निकालेको विज्ञापनले फेरि हुनेखानेको नै भकारी भर्ने तिर लगेको छ । भर्खरै निकालेको लोकसेवा आयोगको विज्ञापनमा सुर्खेत, दिपायल, ईलाम, खोटांग, काठमाडौं, पोखरा र बुटवलमा मधेशीका संख्या शुन्य पारेको छ ।

ऐन अनुसार छुट्टाउने पर्ने सिटमा मधेशीका लागि ८८६ हुन्छ तर विज्ञापनले ७६ सिट मात्रै छुट्टयाएको छ । जसले गर्दा मधेशीको "आठ सय दस" सिट खोसिएको छ अर्थात उनीहरूको ९१५ अधिकार खोसिएको छ । ऐन अनुसार छुट्टयाउनु पर्ने सिटमा अपांगताको लागि "दुइ सय एक" हुन्छ तर विज्ञापनले ४ सिट छुट्टयाएको छ । यसरी ऐनअनुसार छुट्टयाउनु पर्ने सिट ८९४४ छ । जसको "चार हजार पच्चीस" सिट ऐन अनुसार समावेशीताका लागि छुट्टयाउनु पर्ने थियो । तर लोक सेवा आयोगले मात्र २२६२ सिट छुट्टयाएर आदिवासी जनजाति, मधेशी, दलित, अपांग, पिछडिएको क्षेत्र आदिको अधिकारलाई दिनपहाडे खोसेको छ । यी जनताहरूले कहिल्यै स्विकार्ने छैन । त्यहि भएर होला जनता आन्दोलित भएका छन् ।

नेकपा सांसद प्रभु साहको यसमा चासो हुनु स्वागत योग्य छ । यसको विरोध सडकमा पुगेको छ । सदनमा पनि पुगोस् । सम्बन्धित निकायको ध्यान पुगोस् । देश सबैको साझा घर हो । कोही पनि अधिकारविहीन नहोस् । सबैलाई आफ्नोपनको आभास होस् । जनताको लामो संघर्ष र बलिदानीको फलस्वरूप प्राप्त अधिकारमा उनीहरूको पहुँच होस् । राज्यको निकायहरूमा समानुपातिक समावेशी प्रतिनिधित्वको पहुँच पुगोस् ।

# सरकारमा रहेर हामी पहरेदारको काम गर्दैछौं



**अमरेश नारायण झा**

**नेता, समाजवादी पार्टी, नेपाल**

> हामी यदि ओली सरकारको मन्त्रिपरिषद्मा नभएको भए यो देशमा यस्ता-यस्ता नीति निर्माण हुन लागेको थियो कि संविधानको मर्म र भावना नै मिच्ने थियो । मन्त्रिपरिषद्मा हामी जनताको पहरेदारको रूपमा काम गरिरहेका छौं । त्यसैले सरकारमा हुँदैमा सरकारको सबै कामको समर्थन हामी गर्दैनौं ।

**० लोकसेवा आयोगको विज्ञापनप्रति समाजवादी पार्टीले किन विरोध गर्दैछ ?**

– लोकसेवा आयोगले गरेको विज्ञापन संविधानविपरीत छ । संविधानमा लक्षित वर्गका लागि गरिएको आरक्षण व्यवस्थालाई छलेर जुन किसिमले यो विज्ञापन आएको छ त्यो संविधान विपरीत हो । पछाडि पारिएका समुदायसँग लोकसेवा आयोगले छल गरेको छ । त्यसैले हामी विरोध गरेका छौं ।

**० राज्य व्यवस्था समितिमा समेत छलफल भएर लोकसेवा आयोगले यस्तो विज्ञापन गरेको छ । त्यो राज्य व्यवस्था समितिमा तपाईंकै पार्टीका सांसदहरू पनि सदस्य छन् । त्यतिबेला उनीहरूले किन रोक्न खोजेनन्?**

– राज्य व्यवस्था समितिमा छलफल भएको होला । तर हरेक बैठकमा सबै जना उपस्थित पनि हुँदैन । हाम्रो पार्टीका सांसदहरू उपस्थित नभएको बेला यस्ता निर्णयहरू गरिएको हुनसक्छ । लोकसेवाको यो विज्ञापनको छलफलमा हाम्रा पार्टीका नेताहरू सहभागी हुन पाएनन । त्यसैले त्यतिबेला उनीहरूले विरोध गर्न सकेनन । जतिबेला हामीलाई थाहा भयो, त्यतिबेलादेखि हामीले विरोध गर्दै आएका छौं । यो विज्ञापन नसच्याइकन सरकारलाई सुखै छैन ।

> प्रदेशमा अहिले कर्मचारी र सचिव छैन । खासगरी, यहाँका ब्युरोक्रेट्सले बर्बाद गर्न खोजेको छ यो देशलाई । काम पनि गर्दैन र गर्न पनि दिँदैन । ९ हजार कर्मचारी भर्नाको कुरा हो । हामीले यसलाई कुनै हालतमा मान्दैनौं । यदि यो विज्ञापन सच्चिएन भने देशमा ठूलो रक्तपात हुन्छ । कसैले रोक्न सक्दैन ।

**० भित्रभित्रै सहमति पनि जनाउने र बाहिर आएर विरोध सुरूपछि राजनीतिक रूपमा विरोध जनाउने दाउ पनि त हुनसक्छ ?**

– सहमति पनि जनाउने र विरोध पनि गर्ने नीति हाम्रो पार्टीको छैन । हामी आफ्ना कुराहरू कडारूपमा राख्छौं । मन्त्रिपरिषद्मा पनि हाम्रा पार्टीका नेताहरूले आफ्ना कुराहरू राख्नुहुन्छ । तर, हाम्रै हातमा सबै कुरा पनि हुँदैन । मन्त्रिपरिषद्को निर्णयमा पनि परिवर्तन गर्न सक्ने हैसियतमा हाम्रो पार्टी छैन । तर, कुनै पनि हालतमा यो विज्ञापन लागू हुन दिँदैनौं ।

**० यो विज्ञापन सच्चिएन भने के गर्नुहुन्छ ?**

– यो विज्ञापन सच्चिएन भने देशमा ठूलो आन्दोलन हुन्छ, राष्ट्रले थेग्नै सक्दैन । यो विषय मधेशी समुदायसँग मात्रै सम्बन्धित होइन, यसमा आदिवासी जनजाति, दलित, महिलालगायत जति पनि पिछडिएका वर्ग समुदायहरूले जुन आरक्षण पाएका छन् त्यसको विरोधमा लोकसेवाले विज्ञापन गरेको हो । राज्यले पनि समावेशीको नाममा गर्ने नियुक्तिहरू पनि कहिल्यै समावेशी देखिँदैन, एकल जातीय मात्र देखिएको छ । त्यसकै स्वरूप पिछडिएका र उत्पीडित समुदायका व्यक्तिहरूलाई मूलधारमा नआउन दिन यस्तो षड्यन्त्र भएको हो । यसमा लोकसेवाका अध्यक्ष उमेश मैनालीले प्रपञ्चै गरेर यस्तो विज्ञापन गर्नुभएको छ । आयोगका अध्यक्ष मैनालीले राजीनामा दिएर सरकारले सच्याई समाधान गर्नुपर्छ ।

**० लोकसेवा आयोगले नियतवश यस्तो विज्ञापन ल्याएको हो ?**

– निश्चितरूपमा यो नियतवश नै हो । किनभने अहिलेसम्मको उनीहरूको चरित्र नै विभेदकारी देखिँदै आएको छ । अहिले नै हेर्नुस्, रेडियो नेपालले मैथिली भाषालाई प्रदेश २ मा सीमित राख्ने षड्यन्त्र गरेको छ । यो देशका ब्युरोक्रेट्सहरू देशलाई बर्बादै गर्न लागि परेका छन् । न त संविधानको मतलब छ, न त समावेशिताको मतलब । यिनीहरूले आफ्ना समुदायलाई मात्रै फाइदा पुर्‍याउने बाहेक सोच नै छैन । यिनीहरूले देशलाई द्वन्द्वमा धकेल्ने प्रयास गरिरहेका छन् । त्यसैले यसको विरोध त हुन्छ नै ।

**० प्रदेश र स्थानीय तहमा कर्मचारी आपूर्तिका लागि प्रदेश लोकसेवाले विज्ञापन गर्नुपर्ने हो । तर, प्रदेश सरकारहरूले किन प्रदेश लोकसेवा गठन गर्न सकेको छैन ?**

– त्यसमा पनि बदमासी छ नि । प्रदेश सरकार केन्द्रको इशारामा चल्नुपर्ने बाध्यता छ । त्यसको विरोधमा अरू प्रदेशले केही पनि बोल्दैन तर प्रदेश २ का सरकारले हरेक ठाउँमा विरोध गर्दै आएको छ । हाम्रो प्रदेश २ का मुख्यमन्त्रीले यो विज्ञापन मान्दैनौं भनेर भनिसक्नुभएको छ । संघीय सरकारले आफू ऐन कानुनहरू बनाउन नसक्ने तर प्रदेश सरकारले बनाउन खोज्दा त्यसमा भाँजो हाल्छन् । प्रदेशमा अहिले कर्मचारी र सचिव छैन । खासगरी, यहाँका ब्युरोक्रेट्सले बर्बाद गर्न खोजेको छ यो देशलाई । काम पनि गर्दैन र गर्न पनि दिँदैन । ९ हजार कर्मचारी भर्नाको कुरा हो । हामीले यसलाई कुनै हालतमा मान्दैनौं । यदि यो विज्ञापन सच्चिएन भने देशमा ठूलो रक्तपात हुन्छ । कसैले रोक्न सक्दैन ।

**० तपाईंहरू सरकारमै रहेर सरकारको विरोध गरिरहनुभएको छ, किन ?**

– सत्ता सञ्चालकहरूलाई सचेत गराउन हामीले मन्त्रिपरिषद्मा पनि विरोध गरिरहेका छौं । हामी यदि ओली सरकारको मन्त्रिपरिषद्मा नभएको भए यो देशमा यस्ता-यस्ता नीति निर्माण हुन लागेको थियो कि संविधानको मर्म र भावना नै मिच्ने थियो । मन्त्रिपरिषद्मा हामी जनताको पहरेदारको रूपमा काम गरिरहेका छौं । त्यसैले सरकारमा हुँदैमा सरकारको सबै कामको समर्थन हामी गर्दैनौं । संविधान र जनताको विपरीत हुने काममा हामीले सरकारसँग कम्प्रोमाइज गर्दैनौ ।

**० के-कस्ता ऐनहरू बन्न लागेको थियो जसलाई तपाइँहरूले रोक्नुभयो ?**

– शिक्षा, स्वास्थ्य लगायतमा यस्ता ऐनहरू बनाउन लागिएको थियो, जसले संविधानलाई पूर्णरूपमा बेवास्ता गर्थ्यो । संविधानभन्दा बाहिर जान पाउँदैन भनेर हामीले सशक्तरूपमा विरोध गर्‍यौं । संविधान विपरीतका जुन नियम कानूनहरू अहिले बन्दैछ, त्यसको रक्षकको रूपमा हामी काम गरिरहेका छौं । अहिले त हाम्रो भूमिका संविधानलाई बचाउनु हो तर सरकारमा रहेका अन्य नेताहरूले संविानलाई विथोल्ने प्रयास गरिरहेका छन् । उनीहरूले नै बनाएको संविधानलाई उनीहरूबाट नै खतरा देखिएको छ ।

**० समाजवादी पार्टीका नेताहरूले सरकारबाट बाहिरिने धम्की दिँदै आएका छन् । केका लागि पर्खिरहनुभएको छ ?**

– यसलाई धम्कीको रूपमा नहेरौं । मुद्दामा आधारित भएर राजनीति गर्ने पार्टी भनेको समाजवादी पार्टी मात्रै हो । हामीले संविधान संशोधन गर्ने शर्तमा यो सरकारमा गएका हौं । हामीले यो संविधानलाई संशोधन गर्नुस्, होइन भने गर्दिन भन्ने प्रष्ट भन्नुपर्‍यो भन्दै आएका छौं । हामी यो उद्देश्यले सरकारमा गएका हौं । संविधान संशोधनका लागि मात्र यो सरकारमा आउँदैछौं भनेर सहमति गरेका छौं । यो सरकारले संशोधन गर्न मानेन भने एउटा समयसीमा दिएर सरकारबाट बाहिरिन्छौं । सरकार हाम्रो प्राथमिकता होइन, संविधान संशोधन हो । हाम्रो दिशा एकदम प्रष्ट छ । ११ प्रदेशको राज्य संरचना हाम्रो लक्ष्य हो, त्यहाँसम्म नपुगिकन हामी मान्दैनौं । त्यसैले, हामी स्पष्टताका साथ राजनीति गरिरहेका छौं । जनतालाई ठग्ने, छल्ने राजनीति हामीबाट हुँदैन ।

**० तपाइँहरू संविधान संशोधनका लागि भनेर सरकारमा जानुभएको छ । तपाइँहरू सरकारमा गएको वर्ष दिन पनि हुन लाग्यो तर संशोधनको प्रक्रिया पनि सुरू भएको छैन नि ?**

– हामीले संविधान संशोधनका लागि सरकारलाई दबाब दिइरहेका छौं । सबैलाई थाहा छ कि जनताले जसलाई शक्ति सम्पन्न बनाएको छ त्यो धेरै छलकपट गर्ने पार्टी हो । उनीहरूसँग काम लिनका लागि अधैर्य भएर हुँदैन । उनीहरूलाई जनताको बीचमा नग्यांउनुपर्‍यो या त लिएर आउनुपर्‍यो । सरकारमा गएको एक महिनामै संशोधन भएन वा एक वर्षमा पनि भएन भनेर आत्तिएर सरकारबाट बाहिरिएर जनताको समस्याको समाधान हुँदैन । उनीहरूको वास्तविक जुन चरित्र छ, त्यो जनताको बीचमा आउनुपर्‍यो । संविधान संशोधन हुँदैन भने हामी कुनै पनि बेला सरकारबाट बाहिर आउन सक्छौं ।

**० भारतमा जसरी नरेन्द्र मोदीको दोस्रो कार्यकाल सुरू भएको छ, यसबाट नेपाल-भारत सम्बन्धमा कस्तो आयाम आउनेछ ?**

– छिमेकी मित्रराष्ट्रसँग बढीभन्दा बढी लाभ लिएर देश र जनतालाई आर्थिक उन्नतितिर लाने हाम्रो भिजन हुनुपर्छ । विकशित राष्ट्रहरूसँग झगडा गरेर वा गाली गरेर देश र जनतालाई फाइदा हुँदैन । भारतको सत्तामा जोसुकै आए पनि नेपालले एउटा नीति निर्धारण गर्नुपर्छ । बढीभन्दा बढी लाभ लिनका लागि हामीले वातावरण बनाउनुपर्छ । झगडा गरेर हामी केही पाउनेवाला छैनौं ।

# संविधान संशोधन गर्न सरकारको नियतमा खोट छ

> अब यहाँ आवश्यक्ता र औचित्यको आवश्यक्ता नै कसलाई छ र ? सर्वसाधारण नेपाली जनता जो अधिकारबाट बञ्चित छन्, जो उत्पीडनमा परेका छन्, जसले आफ्नो अधिकार पाएका छैनन्, जसले आफ्नो पहिचान प्राप्त गर्न सकेका छैनन् तिनीहरूलाई संविधान संशोधनको आवश्यक्ता छ ।



**शिवलाल थापा,**

**वरिष्ठ नेता, नेपाल लोकतान्त्रिक पार्टी**

**० तपाई संविधानसभाको सदस्य पनि हुनुहुन्छ, राष्ट्रपतिबाट वितरण गरिएको संविधानसभा पदक तपाईले ग्रहण गर्नुभयो ?**

- मैले त्यो पदक ग्रहण गरें, किनकी संविधानसभाबाट संविधान जारी भए पनि त्यो संविधान अधुरो अपुरो हुँदाहुँदै पनि हामी यसैभित्र संघर्षरत थियौं । संघर्ष गर्दागर्दै पनि संविधान जबरजस्ति ढङ्गबाट जारी भयो । जारी भएको संविधानमा संशोधन आवश्यक छ भन्दै अहिलेको अवस्थामा संविधान स्वीकार गर्ने र पछि संविधान संशोधनको माध्यमबाट आफ्नो माग सम्बोधन गर्दै जाने पार्टीले निर्णय गरेको हो र अन्तत: हामीले अपुरो संविधानमा नै हस्ताक्षर गर्‍यौं । त्यसैले अहिले हामीले यो पदक ग्रहण गर्दा त्यति आपत्तिजक हुँदैन भनेर पदक ग्रहण गर्‍यौं ।

**० त्यसोभए संविधान निर्माणमा तपाईहरूको पनि भूमिका रह्यो होइन ?**

- धेरथोर भूमिका रहेकै हो ।

**० संविधान संशोधन हुन्छ भनेर विमति रहँदा रहँदै हस्ताक्षर गर्नुभयो तर अहिलेसम्म संविधानमा कुनै संशोधन हुन सकेको छैन नि ?**

- त्यतिखेर ठूला दलहरू विशेषत: तात्कालीन एमाले र माओवादी तथा काँग्रेसलगायतले अहिले सहमति जनाउनुस्, हामी छिट्टै नै संशोधन अगाडि बढाउछौं भनेका थिए । त्यसैले हामीले सहमति जनायौं । तर, यति लामो समय बितिसक्दा पनि संशोधनतर्फ सरकार गएको देखिदैंन । ठूला दलहरू मुलुकमा संघीयता, गणतन्त्र नै हुनुहुँदैन भन्ने चाहन्छन् । संघीयतालाई नै असफल गर्ने प्रयासमा ठूला दलहरू लागेका देखिन्छन् । अहिलेसम्म संविधान संशोधनको कुनै विषय अगाडि बढेको छैन । हामीले लोकतान्त्रिक पार्टीका तर्फबाट प्रधानमन्त्रीलाई, सभामुखलाई र राष्ट्रपतिलाई ज्ञापनपत्र बुझायौं । तर पनि अहिलेसम्म कुनै सुनवाई भएको छैन । अहिलेको अवस्था हेर्दा संविधान संशोधन हुनेमा शंका लाग्दैछ ।

**० अब तपाईहरू आन्दोलनको तयारी गर्दै हुनुहुन्छ ?**

- आन्दोलनको तयारी गर्दैछौं । पहिला मोर्चा गठन गर्ने र त्यस पछि आन्दोलनमा जाने भने हाम्रो विचार रहेको छ ।

**० तर, संघीय समाजवादी पार्टी त अहिले सरकारमा सहभागी छ , अब कसरी आन्दोलनमा जानुहुन्छ ?**

- समाजवादी पार्टीले त्यति चासो देखाएको जस्तो बुझिदैन । अब हामीसँग राजपा नेपाल लगायतका पहिचानमा आधारित ५/६ वटा दलहरूको गठबन्धन छ । १२/१५ वटा साना दलहरू पनि छन्, जो आन्दोलनमा जानुपर्छ भने तयारीमा छन् ।

**० प्रधानमन्त्रीले आवश्यक्ता र औचित्यका आधारमा संशोधन गर्छु भन्दै आउनुभएको छ, तर अहिलेसम्म आवश्यक्ता र औचित्य देखिएको छैन, यो सरकारले संविधान संशोधन गर्ला ?**

- अब यहाँ आवश्यक्ता र औचित्यको आवश्यक्ता नै कसलाई छ र ? सर्वसाधारण नेपाली जनता जो अधिकारबाट बञ्चित छन्, जो उत्पीडनमा परेका छन्, जसले आफ्नो अधिकार पाएका छैनन्, जसले आफ्नो पहिचान प्राप्त गर्न सकेका छैनन् तिनीहरूलाई संविधान संशोधनको आवश्यक्ता छ । नेपालमा मधेशी, जनजाती, थारू, दलित, मुस्लिम लगायतका सिमान्तकृत वर्गका लागि संविधान संशोधन गरेर अधिकार दिलाउनु अहिलेको आवश्यकक्ता हो । यस्ता वर्ग तथा समुदायलाई संशोधन गर्न आवश्यक छ । यहाँ हाम्रो अधिकार कुनै प्राप्त भएन अधुरो रह्यो भनेर हामीले पटक–पटक भनिरहेका छौं । संविधान संशोधनको विषयमा प्रतिपक्षीको भूमिका पनि राम्रो भएन । त्यसकारण सतापक्ष र प्रतिपक्ष मिलेर संविधान संशोधन गर्ने होइन कि संघीयतालाई नै विफल गर्ने खतरा देखिन्छ ।

**० अहिले जुन ऐन, कानुन, नियमहरू बनाउनुपर्नेछ त्यसमा सरकारको प्रसंग गईरहेको छ भने किसिमका कुराहरू पनि आउँदै छ । यसमा के छ तपाईको विचार ?**

- अहिले जुन ऐन, कानुन बनाउने सन्दर्भमा सरकारबाट विधेयकहरू संसदमा प्रस्तुत भइरहेको छ । त्यो विधेयकमा सबै अधिकार जति केन्द्रमा राख्ने, प्रदेशलाई असफल बनाउन, स्थानीय निकायलाई असफल बनाउने प्रञ्पच भइरहेको छ । यसबाट व्यापारी, सर्वसाधारण जनता, पत्रकार, उद्योग–व्यापारी कोही पनि सन्तुष्ट छैनन् । यिनीहरूले आफ्नो ढंगबाट जबरजस्ती विधेयक संसदमा प्रस्तुत गरेको अवस्था छ । त्यसो भएको हुनाले ऐन कानुन बनाएको जस्तो पनि देखिने तर त्यो ऐन कानुन निरंकुश ढंगबाट प्रस्तुत भएको देखिन्छ ।

**० अहिले दुई-तिहाई बहुमतको सरकार छ । यो सरकारले संविधान संशोधन गर्न नचाहेको हो कि समय नपाएको हो ?**

- न चाहेको हो भने प्रष्ट देखिन्छ । उनीहरू आफ्नै भाव र मर्मअनुसार संविधान संशोधन गर्न चाहन्छन् । तर, नेपाली जनताको अधिकार, नेपाली जनताको पहिचान र नेपाली जनताले वैधानिक ढंगबाट पाउने पर्ने सबै कुरा यो संविधानमा समावेश गर्न चाहँदैन । आफ्नो अनुकुलको संविधान निर्माण गरेर सरकार, सत्ता, न्यायलय सबैतिर कब्जा गरेर राख्ने सरकारको रणनीति रहेको छ ।

**० संघीय सरकारले संसदमा प्रस्तुत गरेको बजेटलाई कुन रूपमा लिनुहुन्छ ?**

- यो बजेटले कर्मचारी, वृद्धवृद्धालाई सन्तृष्ट बनाएको छ भने विभिन्न योजनाको लागि पनि पर्याप्त बजेट छुट्टाएको छ । सबै विषयलाई समेटेको जस्तो देखिन्छ तर वास्तवमा यसरी मुलुकको विकास हुँदैन । सांसदलाई ६ करोड बाँड्ने भन्ने विषय बजेटमा समेटिएको छ यसले विकासको नाममा कार्यकर्ता पाल्ने परिपाटीको सुरूवात गर्छ जस्तो मलाई लाग्छ । यस्तो वितरणमुखी बजेटले मुलुकको हितमा खासै काम गर्छ जस्तो मलाई लागेको छैन । यो बजेट विकासमुखीभन्दा पनि वितरणमुखी बजेट भयो ।

**० विकासमुखी बजेटमा के-कस्ता विषयहरू समेटिन्छ ?**

– अहिले प्रदेश, स्थानीय सरकार छ । यदि संघीयताको मर्म र भावना अनुसार काम गर्ने हो भने बजेट एकद्वार प्रणाली अन्तर्गत प्रदेश सरकार हुँदै स्थानीय सरकारसम्म जानुपर्ने हो । तर, अहिले संघीय सरकारको इच्छा बमोजिम आफूलाई महत्वपूर्ण लागेका योजनाहरूमा बजेट दिइएको छ । यसले संघीय व्यवस्थालाई नै कमजोर बनाउँछ । संघीयताको भावना अनुसार यो बजेट भएन । यो बजेट कार्यकर्ता र नेताको चित्त बुझाउन मात्र सिमित हुनेछ ।

**० तपाईंहरूले विगतमा विजयकुमार गच्छदार नेतृत्वको तत्कालीन लोकतान्त्रिक फोरमसँग पार्टी एकीकरण गर्नुभएको थियो, अहिले त्यो पार्टी कांग्रेसमा विलय भइसकेको छ । तपाईहरू किन कांग्रेसमा जानुभएन ?**

- हामीले कांग्रेसमा जाने भनेर लोकतान्त्रिक फोरमसँग एकीकरण गरेका थिएनौं । सुरूमा हामीले एकीकरण गर्दा नै गच्छदारजीसँग स्पष्ट कुरा गरेका थियौं कि तपाई फेरि कांग्रेसमा नै जाने हो भने हामी एकीकरणमा जाँदैनौं । उहाँले त्यतिबेला कसम नै खाएर म नेपाली कांग्रेसमा जान्न भन्नुभएको थियो । हामीले उहाँलाई विश्वास गरेर पार्टी एकीकरण गर्‍यौं । उहाँ कांग्रेसमा जाने दिनसम्म पनि म कांग्रेसमा जाँदिन विश्वास गर्नुहोस् भनेर भन्दै आउनुभयो । तर अन्त्यमा उहाँले हाम्रो विश्वासमाथि घात गरेर कांग्रेसमा जानुभएको हो । हामीसँग सरसल्लाह नै नगरी एक्कासी उहाँले एकीकरण गर्नुभयो । त्यस्तो कथाकथित एकीकरण गर्ने नेतालाई हामीले बैठक बसेर पार्टीको साधारण सदस्य समेत नरहने गरी निष्कासन गरेका हौं । हामी कांग्रेसमा जाने भए विजय गच्छदार मार्फत नै जानुपर्छ भन्ने थिएन ।

> आन्दोलनको तयारी गर्दैछौं । पहिला मोर्चा गठन गर्ने र त्यसपछि आन्दोलनमा जाने हाम्रो निष्कर्ष रहेको छ ।

**० त्यसो भए विजय गच्छदारले तपाईहरूलाई धोका दिनुभयो ?**

- उहाँले त हाम्रो चरित्र हत्या गरेर कांग्रेसमा जानभयो । एउटा विश्वासिलो, भोलि पनि राजनीति गर्नुपर्ने नेताले यसो गर्नु ठिक होइन ।

**० तपाईहरूको नेपाल लोकतान्त्रिक पार्टीको राजनीतिक गतिविधि कसरी अगाडि बढिरहेको छ ?**

- हामी यतिखेर संगठन निर्माणमा लागिरहेका छौं । नेपाल लोकतान्त्रिक पार्टीका जिल्लाका नेता, केन्द्रीय सदस्यहरू अधिकांश नेपाली कांग्रेसमा गएका छैनन् । उनीहरू स्वतन्त्र रूपमा बसेका छन् । स्थानीय तहमा हाम्रो ४६७ जना प्रतिनिधिहरू छन् । उनीहरू थोरै संख्यामा मात्र कांग्रेसमा गएका छन् । उनीहरूलाई पार्टीमा फिर्ता ल्याउन हामी लागिरहेका छौं । अबका दिनमा हामीले विभिन्न अन्तक्रिया, गोष्ठी, बहस, छलफलको कार्यक्रम अगाडि बढाइरहेका छौं । विभिन्न राजनीतिक दलहरूको बीचमा सर्वदलीय बैठकहरू पनि राख्ने गरेका छौं । यसरी विभिन्न दृष्टिकोणबाट हामीले पार्टीलाई संगठित र सक्रिय बनाउनेछौं र भोलिको दिनमा वैकल्पिक पार्टीको रूपमा अगाडि आउन सक्छौं भन्ने हामीलाई लागेको छ ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

# प्रदेश २ को नीति तथा कार्यक्रमको पूर्णपाठ

**माननीय सभामुख,**
**माननीय सदस्यहरू ।**

१. आज यस प्रदेश सभाको गरिमामय बैठकमा प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई गौरवको अनुभुति भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले गरेका जन-आन्दोलन, सशस्त्र संघर्ष, जनयुद्ध, मधेश जनविद्रोह, मधेश आन्दोलन, थरूहट आन्दोलन, जनजाति आन्दोलनका साथै विभिन्न अधिकार प्राप्तिको आन्दोलनहरूबाट अपेक्षित चाहना एवम संविधान निर्माणको क्रममा र तत् पश्चात उठेका विभिन्न जनचाहनाहरू लगायत जातिय, क्षेत्रिय, लैंगिक असन्तुष्टिहरूलाई समेत सम्बोधन गर्दै सम्पुर्ण जनतालाई विकास तथा समृद्धिको बाटोमा समाहित गर्दै लैजानु आजको मूल आवश्यकता रहेको छ ।

२. मिति २०७६ साल वैशाख १७ गते राती करिब ९ बजे बारा र पर्सा जिल्लामा आएको टोर्नाडो नामको आँधिबाट भएको ठूलो जनधनको क्षति उपर प्रदेश सरकार स्तब्ध छ र आँधि हुरीबाट ज्यान गुमाउनेहरूको परिवारप्रति समवेदना व्यक्त गर्दै घाईतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ । प्रदेश नं दुईको जनतामाथि परेको यो पीडामा प्रदेश सर कार पीडितहरूको सदा साथमा छ र रहनेछ ।

३. यस प्रदेशको समृद्धि समग्र नेपालको समृद्धिसंग जोडिएको छ । प्रदेश सरकारको यो नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकार को आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दीर्घकालीन क्षेत्रगत नीतिहरू, सहश्राव्दी विकास लक्ष्य र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धताहरू, प्रदेश सरकारले चालु बर्ष ल्याएको नीति तथा कार्यक्रम र योजनाहरूको कार्यान्वयन गर्ने तथा दिगो विकास लक्ष्य अन्तर्गत प्रादेशिक प्राथमिकताहरू तय गर्दै सो हासिल गर्ने दिशामा यो नीति तथा कार्यक्रम उन्मुख रहेको छ ।

४. समतामुलक समाज निर्माण, समानुपातिक समावेशी सिद्धान्त तथा पहिचानमा आधारित समाजवाद उन्मुख समृद्ध प्रदेश निर्माण एवम् सन् २०३० अगावै दिगो विकासका लक्ष्य हासिल गर्ने र विश्व मानक अनुरूप मध्यम आय भएको देशमा पुग्ने नेपाल सरकारको प्रतिबद्धतालाई ध्यानमा राखिएको छ ।

५. नेपाल सरकारको पन्ध्रौ पंचवर्षिय योजना (आ.व. २०७६/७७ -२०८०/८१) मा उल्लेखित लक्ष्य, उद्देश्य रणनीति र प्राथमिकता तथा प्रदेश सरकारको पहिलो पंचवर्षिय योजना (आ.व. २०७६/७७ -२०८०/८१) को लक्ष्य, उद्देश्य रणनीति र प्राथमिकतालाई ध्यानमा राखि समष्टीगत र विषयगत क्षेत्रका निर्दिष्ट लक्ष्य हासिल गर्ने उद्देश्य लिई आगामी आ.व. २०७६/७७ को नीति तथा कार्यक्रमहरू प्रदेश सरकार द्वारा तयार गरिएको छ ।

६. संघीय सरकारबाट अगामी दिनमा प्राप्त हुने राजस्व हस्तान्तरण तथा विभिन्न अनुदान रकमको बाँडफाँड मानव विकास सुचकाङ्क, जनघनत्व तथा आर्थिक र सामाजिक विकासका विविध परिसूचकहरूको आधार मा हुनुपर्ने र प्रादेशिक आकांक्षालाई परिपूर्ण गर्ने विभिन्न परियोजनालाई कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश तथा स्थानीय सरकारको भएकोले संघीय सरकारले त्यसमा सहयोगीको भुमिका खेल्ने विश्वास लिइएको छ ।

७. प्रदेशको जनसांख्यिक तथ्यांक, शिक्षा, स्वास्थ्य, लैंगिक, भाषा, जाति, पेशा, आर्थिक परिसूचकहरू, भौतिक पूर्वाधार, रोजगारी, वैदेशीक रोजगार, आवास लगायत सम्पूर्ण तथ्यांकलाई अद्यावधिक गरिनेछ ।

८. यस प्रदेशको प्रत्येक जिल्लामा विकास निर्माणलाई तीब्र गति दिन "एक जिल्ला एक प्रादेशिक नमूना परियोजना" बनाउने नीति प्रदेश सरकारले लिएको छ ।

९. प्रदेशको मुख्य आर्थिक स्रोत कृषि नै हो । कृषिलाई आधुनिकीकरण र प्रविधिमैत्री नगरी प्रदेशको उन्नती असम्भव रहेकोले कृषिमा संरचनागत परिवर्तन गरी प्रदेशको सामाजिक तथा आर्थिक रूपान्तरण गर्ने लक्ष्य लिई प्रदेश नं २ लाई कृषिप्रधान बनाउने अवधारणा अगाडि बनाउने नीति सर कारले लिएको छ ।

१०. आर्थिक तथा सामाजिक रूपान्तरणको लागि साझेदारी विकासको अवधारणालाई आत्मसात् गरी प्रदेश सरकारले सार्वजनिक नीजि साझादारी नीति लिएको छ ।

माननीय सदस्यहरू,

११. विभिन्न आन्दोलन, निरन्तर संघर्ष र मधेशी जनताको बलिदानको फलस्वरूप प्राप्त संघीय व्यवस्थामा वर्षौदेखि थिचिएर रहेका जनताको आफ्ना आकांक्षाहरू प्रदेश सरकारबाट पुरा हुने अपेक्षा गर्नु स्वभाविकै हो । जनताका यस्ता आकांक्षाहरू पूरा गर्न र प्रदेशको समग्र विकास गर्न यो सरकार अत्यन्त संवेदनशील छ र आतुर पनि छ । तर कर्मचारीको अभाव, संघीय सरकारवाट अपेक्षा गरिए अनुसारको सहकार्यको अभाव, प्रदेश सरकार संचालनको नयाँ अनुभव, नीतिगत कमजोरी, कानूनको कमी, संस्थागत एवं व्यवस्थापकीय प्रबन्धहरू पूर्ण रूपेण हुन नसकेकोले विकास निर्माण र परिवर्तनका अनुभूति हुने गरी आर्थिक बर्ष २०७५/७६ का कार्यक्रमहरू जनअपेक्षा अनुरूप संचालन हुन सकेन ।

१२. संघीयता कार्यान्वयन, आर्थिक रूपान्तरण र सामाजिक रूपान्तरण यो नीति तथा कार्यकमको महत्वपूर्ण आधार स्तम्भ हुन । यही आधार स्तम्भका आधारमा प्रदेश सरकारद्वारा विकासका कार्यकमहरू निर्धारण गरिनेछ ।

## संघीयता कार्यान्वयन र सुशासन

१३. प्रदेशभित्रको प्रत्येक २ वा ३ स्थानीय तहका लागि एकीकृत प्रादेशिक सेवा केन्द्रहरू स्थापना गरी एकद्वार प्रणाली मार्फत सेवा प्रवाह गरिनेछ । स्थानीय तहसंगको सम्बन्धलाई प्रभावकारी बनाइने छ । स्थानीय तहसँग समन्वय गर्दै सन्तुलित विकासको लागि आवश्यक श्रोत साधन उपलब्ध गराउने नीति सरकारले लिएको छ र उपलब्ध स्रोत साधनको उपयोग र विकासको उचित अनुगमन समेत गरिनेछ ।

१४. प्रदेश सरकार सुशासनप्रति प्रतिबद्ध छ । प्रदेशभित्र भ्रष्टाचार नियन्त्रण गर्न तथा सेवा प्रवाह चुस्त, दुरूस्त बनाउन प्रदेश सुशासन आयोगको गठन गरी आयोगलाई प्रभावकारी बनाइनेछ । नागरिक वडापत्रहरूको प्रभावकारी कार्यान्वयन र सेवा प्रवाहको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । "प्रादेशीक सरकार, सुचनाको अधिकार" नार लाई मुर्तरूप दिन आगामी बर्ष प्रदेश सुचना आयोग गठन सम्बन्धी कानून निर्माण गर्ने लक्ष्य सरकारले लिएको छ । प्रदेश सरकार र आमजनता बीच प्रत्यक्ष सम्पर्क कायम गर्न "जनतासंग मुख्यमन्त्री" कार्यक्रम संचालन गरिने छ ।

१५. प्रदेश लोक सेवा आयोगको स्थापना गरी यसको भूमिकालाई प्रभावकारी बनाइनेछ । प्रदेश सरकारको संगठनात्मक संरचनालाई कार्यान्वयनमा ल्याइने छ । दरबन्दी अनुसारका प्राविधिक तथा प्रशासकीय पदहरू पूर्ति गरिने छ । कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न समय समयमा तालिमको प्रबन्ध गरिनेछ । यसका लागि जनकपुरको मुजेलियामा रहेको प्रशिक्षण प्रतिष्ठानलाई कानूनद्वारा व्यवस्थित गरी "प्रदेश जनशक्ति क्षमता विकास केन्द्र" को रूपमा स्तरोन्नती गरिने छ । आगामी आर्थिक बर्षमा प्रदेश कर्मचारी र प्रहरी भर्ना गरी संघियतालाई सुदृढ गर्दै लैजाने लक्ष्य प्रदेश सरकारको रहेको छ । प्रदेश लोकसेवा आयोगले कर्मचारी छनौट गर्दा योग्यता प्रणालीलाई जोड दिने नीति सरकारले लिएको छ ।

१६. "प्रदेश प्रशासनिक पूर्नसंरचना आयोग" को प्रतिवेदन कार्यावन्यन गरिने छ ।

१७. सार्वजनिक सेवाको प्रभावकारी वितरण, पारदर्शिता तथा उत्तरदायित्व, सार्वजनिक अनुगमन, सुदृढ आन्तरिक लेखा परीक्षण, सार्वजनिक लेखा एव कार्य सम्पादन परीक्षण र सार्वजनिक वित्तीय व्यवस्थापन सुनिश्चितता गरी प्रदेश प्रशासनमा नविन प्रविधिको प्रयोगबाट स्वच्छ प्रशासन कायम गरिनेछ ।

१८. प्रदेश प्रशासन चुस्त, दुरूस्त तथा प्रविधि मैत्री बनाईने छ । प्रदेश लोक सेवा आयोगबाट लिइने परिक्षालाई मर्यादित र गुणस्तरीय बनाउन आवश्यक सम्पूर्ण साधन श्रोत उपलब्ध गराइनेछ । साथै, यस प्रदेशका युवालाई सुचना प्रविधिमैत्री बनाउन आवश्यकता अनुसार कम्प्युटर प्रोफेसनल कोर्स उपलब्ध गराउने गरी आवश्यक कार्यक्रम संचालन गर्ने लक्ष्य प्रदेश सरकारले लिएको छ ।

१९. जनतालाई सुशासनको अनुभुति दिलाउन र आर्थिक अनियमितता हुन नदिन प्रदेश सरकारले प्रदेश सार्वजनिक खरिद सम्बन्धी कानून निर्माण गर्नेछ ।

२०. जनता प्रत्यक्षतः लाभान्वित हुने गरी प्रदेशको चौंसठी वटै निर्वाचन क्षेत्रमा न्युनतम "एक निर्वाचन क्षेत्र एक योजना" संचालन गरिनेछ । साथै, सबै निर्वाचन क्षेत्रमा सन्तुलित र समतामुलक तरिकाले विकास निर्माणको बजेट बाँडफाँड गर्ने नीति प्रदेश सरकारले लिएको छ ।

२१. संघियतालाई संस्थागत गर्न र प्रादेशिक स्वायत्तताको लागि प्रदेश सर कार निरन्तर प्रयत्नशिल रहे फलस्वरूप प्रदेश प्रहरी ऐन, करारमा कर्मचारी भर्ना सम्बन्धी ऐन लगायतका १६ वटा कानूनहरू प्रदेश सभाबाट पास भई कार्यान्वयमा आएको र संविधानको अनुसुची ६ अर्न्तगत प्रदेशको एकल अधिकारको सुचीमा रहेका विषयसँग सम्बन्धित प्रदेश लोकसेवा आयोग विधेयक, प्रदेश निजामती सेवा विधेयक, प्रदेश प्रशासन विधेयक लगायत करीब ३४ वटा विधेयकहरूको मस्यौदा गर्ने कार्य समेत सम्पन्न गरी प्रदेश सभा समक्ष पुर्याउंन प्रदेश सरकार सफल रहेको छ । आगामी बर्ष संविधानको साझा सुचीमा रहेका अधिकारहरूको कानून मस्यौदा गर्ने लक्ष्य लिई प्रदेश सरकार संघियता सुदृढिकरण गर्दै लगिने कार्यमा अग्रसर छ ।

२२. प्रदेश सरकारबाट गरिव, विपन्न, असहाय नागरिकलाई दिइदै आएको निशुल्क कानूनी सहायता प्रदान गर्ने कार्यलाई यस वर्ष पनि निरन्तर ता दिइनेछ । यस प्रदेशको १३६ वटै स्थानीय तहमा रहेका न्यायिक समितिका पदाधिकारीहरूको न्याय निरूपण सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्ने नीति सरकारले लिएको छ ।

२३. फौजदारी दायित्वका मुद्दामा प्रदेश प्रहरीले अनुसन्धान गर्ने तथा प्रदेशका मुख्य न्यायाधिवक्तालाई फौजदारी अभियोजनको अधिकार सुनिशिचित गराउन र प्रदेशले वनाउने कानूनहरूमा कैदको व्यवस्था गर्न पाउने संविधानको मनसायलाई कार्यान्वयनमा ल्याउने सन्दर्भमा ३ बर्षसम्म कसुर सजाय हुने फौजदारी मुद्दामा अभियोजनको अधिकार मुख्य न्यायाधिवक्तलाई दिने गरी संघीय कानून संसोधनका लागि संघीय सर कारसंग प्रदेश सरकारले कानूनी, संवैधानिक र राजनीतिक रूपमा सम्पूर्ण उपायहरू अपनाउने नीति लिएको छ ।

२४. जनतालाई सुशासनको अनुभुति हुने गरी प्रदेशमा हुने समग्र गतिविधहरूको अनुगमन एवम् परिक्षण गर्न र अनुगमन तथा परिक्षणबाट कुनै कमजोरी वा कमसल देखिएमा आवश्यक कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न मुख्यमन्त्रीको प्रत्यक्ष निगरानीमा रहने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा "एक प्राविधिक इकाई" र हने छ ।

२५. स्थानीय एवं प्रादेशीक महत्वका कमला, वागमती, नारायणी सिँचाइ आयोजनाहरू, हर्दीनाथ सिंचाई, कोशी चन्द्रनहर, जनताको तटबन्द, जितपुर उखुबाली परिवानीपुर, कृषि अनुसन्धान केन्द्र, तेल बाली नवलपुर सर्लाही, उष्ण प्रदेशीय वागवानी केन्द्र नवलपुर सर्लाही, हर्दीनाथ धान वाली, वरमिया जनकपुर, मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, उष्ण प्रदेशीय वागवानी नर्सरी केन्द्र, राईजोवियम तथा घाँसेवाली विउविजन प्रयोगशाला जनकपुर, घाँसेवाली अणुवांशीक श्रोत केन्द्र, रंजितपुर सर्लाही, कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र, नक्टाझिज लगायतका कार्यालयहरू प्रदेश सरकारलाई हस्तान्तरण गर्न संघीय सर कारसंग पहल गरिने छ ।

२६. "एक शहीद परिवार, एक रोजगार" योजना अर्न्तगत मधेश आन्दोलनमा शाहदत प्राप्त गरेका शहीद परिवारलाई रोजगार उपलब्ध गराएको छ र यसलाई स्थायित्व प्रदान गरिनेछ । मधेश आन्दोलनको शहीद परिवार रोजगार योजनाको अनुगमन तथा कार्यान्वयन, शहीद परि वारको रेखदेख, शिक्षा, स्वास्थ्य, समाजिक सुरक्षा लगायका कार्य गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एउटा छुट्टै इकाई स्थापना गरिने छ । मधेश आन्दोलनमा शहादत प्राप्त गरेका वीर शहिदहरूका सन्तानहरूको अध्ययनको अभिभारा प्रदेश सरकारले लिनेछ । मधेश आन्दोलनमा सख्त घाईते भई विकलाङ्ग भएका व्यक्तिहरूको सहयोगार्थ ती परिवारका वालवालिकाहरूलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ । लोकतान्त्रिक आन्दोलनका शहीद तथा वेपत्ताहरूको परिवार र घाइतेहरूको सम्मान एवम् व्यवस्थापनमा प्रदेश सरकारले उचित ध्यान दिनेछ ।

२७. मधेश आन्दोलनका दुई सय घाइते परिवारहरूलाई प्रदेश सरकारले राहत उपलब्ध गराएको छ र यस कार्यलाई निरन्तरता दिनेछ ।

२८. "मधेश आन्दोलन शहिद स्तम्भ तथा पार्क" निर्माणलाई निरन्तरता दिइने छ । साथै, जनकपुरमा मधेश आन्दोलन शहिद संग्रहालय बनाउन विस्तृत अध्ययन योजना पुरा गरी निर्माण कार्य प्रारम्भ गरिने छ ।

२९. प्रदेश सरकार संचालनका लागि आधारभुत कानूनहरू निर्माण गर्न प्रदेश सरकार सफल भएको छ । यो आर्थिक बर्षलाई संयन्त्र निर्माणको बर्षको रूपमा लिदै कानून अनुसार गठन गर्नु पर्ने लोकसेवा आयोग, प्रदेश शिक्षक सेवा आयोग, प्रदेश भाषा, सँस्कृति तथा साहित्य प्रतिष्ठान, प्रदेश पर्यटन बोर्ड, प्रदेश दलित विकास परिषद, प्रदेश दुध विकास बोर्ड, चलचित्र विकास बोर्ड, प्रदेश सहकारी बोर्ड, सडक बोर्ड, प्रदेश अनुसन्धान व्यूरो र प्रदेश तथ्यांक विभागको गठन गरिने छ । त्यस्तै, प्रदेश लगानी बोर्डको स्थापना तथा प्रदेश कर्मचारी किताबखाना लगायतका संयन्त्रहरू पनि आगामी वर्ष स्थापना गरिनेछ ।

३०. प्रादेशिक पहिचान सहितको प्रदेश भवन काठमाडौँमा निर्माण गर्न संघीय सरकारसंग पहल गरिनेछ । सो भवन निर्माण नहुँदा सम्म अस्थाई भवनको व्यवस्थापन गरी प्रदेश भवनको रूपमा व्यवस्थित गरिने छ ।

३१. देश विदेशमा अध्ययन गरेका सिर्जनशील युवा विशेषयज्ञहरूको एउटा अवैत्तनिक युवा सल्लाहकार परिषद् गठन गरिने छ, जसले प्रदेश सरकार लाई समय समयमा विविध बिषयमा सल्लाह दिने छ ।

३२. प्रदेशभित्र खुला कारागारको अवधारणालाई अगाडी बढाउने नीति प्रदेश सरकारले लिएको छ । हाल प्रदेशभित्र रहेका कारागारहरूको भौतिक सुधारका लागि प्रदेश सरकारले संघीय सरकार, गृह मन्त्रालयसंग समन्वय र सहकार्य गर्नेछ ।

३३. "प्रदेश सूचना प्रविधि पार्क" स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ । प्रदेशमा डिजिटल प्रविधिको विस्तार गर्न अभियानको रूपमा डिजिटल साक्षरता कार्यक्रम संचालन गरिने छ । त्यस्तै, प्रादेशिक छापाखाना स्थापना गर्ने नीति प्रदेश सरकारले लिइएको छ ।

३४. "प्रदेश प्रेस काउन्सिल" गठन गरी प्रदेशभित्र रहेको संचार माध्यमको विकासमा सहयोग गर्ने नीति लिइएको छ । प्रदेशभित्रका मिडिया सशक्तिकरण तथा संचारकर्मीहरूको क्षमता अभिवृद्धि तथा सृजनात्मक कार्यमा सहयोगका लागि संचार विकास कार्यक्रम ल्याइनेछ ।

३५. प्रदेशमा रहेका प्रादेशिक ढाँचाका विभिन्न पेशागत संघसंस्थाहरूसंग प्रदेश सरकारद्वारा सम्बन्ध स्थापित गरिने छ । प्रदेश सरकारका कर्मचारीहरूलाई सुशासनतर्फ प्रोत्साहन गर्न कर्मचारीलाई तलब, भत्ता लगायत आवास सुविधा, स्वास्थ्य विमा, दुई सन्तानलाई सार्वजनिक विद्यालयमा शिक्षा सुविधा प्रदान गरिनेछ ।

## आर्थिक रूपान्तरणः

### कृषि

३६. श्रमिकको अभाव भई कृषि क्षेत्र प्रभावित भएकोले विकल्पको रूपमा यान्त्रिकरणलाई बढावा दिईनेछ । यसको लागि प्रदेश नं. २ मा रहेको कृषि यन्त्र परीक्षण तथा अनुसधान केन्द्र, नवलपुरबाट कृषि यन्त्र सञ्चालन सम्बन्धी तालिम प्रदान गरिने छ । यान्त्रिकरणलाई व्यवस्थित गर्न प्रत्येक पालीकामा ऋगकतक ज्च्षलन ऋभलतचभ स्थापना गरिने छ ।

३७. असन्तुलित रसायानिक मलको प्रयोग न्यूनीकरण गर्न प्रांगारिक मलको उपयोग बढाएर माटो मलिलो बनाउन तथा माटोको उर्वरा शक्ति कायम राख्न प्रांगारिक खेती ९यचनबलञ्च बिचकष्लन० लाई प्रोत्साहन गरिनेछ । प्रादेशिक स्तरको प्रांगारिक तथा जैविक मल को कारखाना एवम् जिंक उद्योग स्थापना गरिने छ ।

३८ सिंचाई विना कृषिमा फड्को मार्न असम्भव छ, त्यसैले सुनकोशी-कमला डाइभर्सन प्रोजेक्ट, सुनकोशी-मरिन डाइभर्सन प्रोजेक्टलाई अगाडि बढाउन संघीय सरकारसंग पहल गरिने छ । साथै, संचालित सिंचाई परि योजना अर्न्तगत नारायणी सिंचाई योजना, वागमती सिंचाई योजना, कमला सिंचाई योजना र कोशी सिंचाई योजनालाई प्रदेश मातहत ल्याउन पहल गरिने छ । जिल्लामा रहेका पानी सरबी ९एभचभलष्बी धबतभच कयगचअभक० नदीनालाहरूमा वांध बनाई कुलो पइनी मार्फत सिंचाईको प्रवन्ध गरिनेछ । हाल बन्द तथा संचालनमा रहेको नहर एवम् बाँधहरूलाई मर्मत गरी सिँचाई उपलब्ध गराइने छ ।

३९. "मुख्यमन्त्री किसान उत्थान" आयोजना सञ्चालन गरिनेछ । जसमा साना किसानहरूलाई आर्थिक अनुदान दिनुका साथै कृषि ऋण, वीउ वीजन, मल खादको उपलब्धता, न्युनतम मूल्य निर्धारण, बजारको उपलब्धता सुनिशिचता गरिने छ ।

४०. कृषिको आधुनिकिकरण र प्रविधिको उपयोग गरी उत्पादन लागत न्यून गरिनेछ । विभिन्न वालीहरूको उत्पादन र उत्पादकत्व वढाउन पाकेटक्षेत्र निर्धारणको साथै वाली विविधिकरण गरी आधुनिक बाली विकास कार्यक्रम अर्न्तगत धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल, पुष्प खेती, मेवा खेती, केरा खेती, उँखु, घाँसेवाली आदिको उन्नत जात विकास कार्यक्रम संचालन गरिनेछ । धान, मकै, तरकारी तथा फलफूलको उत्पादन तथा उत्पादकत्व बढाएर आत्मनिर्भर हुनको लागि वर्ण शंकर प्राविधि ९ज्थदचष्म त्भअजलयययिनथ० को विकास गरिने छ ।

४१. नयाँ सिफारिस गरिएका उन्नत जातको वीउहरूको प्रचार प्रसारका लागि ीबचनभ एयित म्भ्रुयलकतचबतष्यल को रूपमा १०० विगाहासम्मको क्षेत्रफलमा वैज्ञानिक/प्राविधिक तथा कृषि ज्ञान केन्द्रको रेखदेखमा किसानको खेतमा सामुहिक खेती संचालन गरिनेछ ।

४२. प्रदेशभित्र विभिन्न प्रकारका फलफुल तथा तरकारीको पाकेट क्षेत्र पहिचान गरी ीबचनभ एयित म्भ्रुयलकतचबतष्यल को रूपमा उद्यमी, किसान तथा युवा रोजगारलाई लक्षित गरी पाइलट प्रोजेक्टको रूपमा केरा, अम्वा, टमाटर, मेवा, सोहीजन, अनार जस्ता फलफूल तथा तरकारी आदिको मोडेल खेती शुरूवात गरिनेछ ।

४३. प्रदेशका सप्तरी, सिरहा, महोत्तरी, सर्लाही र धनुषा जिल्लालाई आँप सुपर जोनको रूपमा तथा धनुषाको ढल्केवर, सर्लाहीको लालबन्दी सहित बाग्मतीसम्मको क्षेत्रलाई गोलभेडाको सुपर जोनको रूपमा विकास गरिनेछ ।

४४. प्रदेशमा विद्यमान विभिन्न कृषि अनुसन्धान तथा प्रसार सम्वन्धी पूर्वाधार र प्रयोगशाला (माटो परिक्षण, वाली संरक्षण, :यदषभ क्यर्ष त्भकतष्लन ख्वल, तथा जैविक प्रयोगशाला आदि) को व्यवस्था तथा स्तरोन्नति गरिनेछ । प्रत्येक जिल्लामा शीत भण्डार निर्माणको कार्यलाई आगामी बर्ष पनि निरन्तरता दिइने छ ।

४५. प्रदेशमा रहेको विभिन्न नदी, खोला नालाको वगर यकीन गरी सो बगरमा सहकारी खेतीको अवधारणा विकास गरिनेछ । एर्षयित एचयवभअत को रूपमा ज्प्तभअज एयथि ज्यगकभ को स्थापना गरी वेमौसमी तर कारी तथा फलफूल उत्पादन आठै जिल्लामा सुरूवात गरिनेछ । साथै विभिन्न बालीको बेर्ना उत्पादनको लागि आठै जिल्लामा ज्प्तभअज एयथि ज्यगकभ को निमार्ण एगदष्भि एचष्खबतभ ऋय( यउभचबतष्खभक को अवधारणा अर्न्तगत गरिनेछ ।

४६. "कृषिमा अनुदानले नभइ अभियानले विकास हुन्छ । रकम मात्र होइन, प्रोत्साहन पनि चाहिन्छ" भन्ने अभियान अनुरूप युवा रोजगार लक्षित कृषि व्यवसायिक प्राविधिक सीप अभिवृद्धि तथा अद्यावधीकरण तालिमको थालनी गरी युवा तथा उद्यमी किसानहरूलाई व्यवसायिक किसान बनाईने लक्ष्य राखिएको छ । च्याउ खेती विस्तार एवम् तालिम कार्यक्रम पाइलट प्रोजेक्टको रूपमा प्रर्वद्धन गरिने छ ।

४७. प्रदेशभित्र वोरो तथा चैत्रे धानको खेती गर्नका लागि विशेष प्याकेट क्षेत्र पहिचान गरी विस्तार गर्न प्रोत्साहन दिइने छ ।

४८. माछाको नश्ल सुधार र स्थानीय माछा सम्बन्धी अध्ययन अनुसन्धान गरी उत्पादन र उत्पादकत्व बढाउन जनकपुर स्थित मत्सय मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्रलाई प्रदेश मातहत ल्याइनेछ । माछाको भुरा उत्पादन तथा मुल्य श्रृखंला अपनाई ह्याचरी दाना उत्पादन सम्बन्धी वृहत कार्यक्रम तर्जुमा गरिनेछ । माछा उत्पादनमा प्रदेश आत्मनिर्भर बनाइनेछ । मत्स्य पालन क्षेत्रमा माछा उत्पादन लाई प्रोत्साहन गरिनेछ । यसलाई ब्राण्डिङ गरिनेछ ।

४९. उन्नत जातको गाई, भैंसी, बाखा, कुखुरा, हाँस, बंगुर, टर्की, क्वेल, बटई आदिको पालन प्रवर्द्धन गरिने छ । उन्नत विर्य उत्पादन तथा नश्ल सुधारको कार्यक्रमलाई व्यापकता दिईनेछ । बोयर तथा सानेन वाखाको सम्भाव्यता अध्ययन गर्ने गरी पाइलट प्रोजेक्टको रूपमा प्रदेशको केही स्थानमा संचालन गरिने छ । कुखुरा तथा राङ्गा पालन विस्तार गरी सुव्यवस्थित गरिने छ । बाखा, भैंसी, गाई, बंगुर, माछा आदिको अनुसन्धान केन्द्रको स्थापना गरिने छ ।

५०. महोत्तरीको निगौल स्थित गौशालालाई प्रदेश सरकार मातहतमा ल्याई प्रदेश एनिमल ब्रिडिङ सेन्टर समेतको रूपमा विकास गर्ने नीति प्रदेश सर कारले लिएको छ ।

५१. विभिन्न घाँसे वालीहरूको अनुसन्धान, विकास तथा विस्तार गर्ने कार्यक्रम ल्याइने छ । घाँसेवालीहरूको विऊ वृद्धि कार्यक्रमलाई व्यापकता दिइनेछ । पशु वधशालाको स्थापना तथा विद्यमान वधशालालाई सुदृढ गरिनेछ । गाई, भैसी र अन्य पशु तथा पात-पतिङ्गरबाट भर्मी कम्पोस्ट मल वनाउने कार्यक्रम ल्याइनेछ ।

५२. विभिन्न कृषि कर्म (जोताइ, बुआई, रोपाई, गोडाई, कटाई, दाँई आदि) कृषियन्त्रद्वारा व्यवहारिक रूपमा किसानको खेतमा वैज्ञानिक/प्राविधिक र कृषि ज्ञान केन्द्रको रेखदेखमा प्रत्येक निर्वाचन क्षेत्रमा सो कार्यको वृहत प्रदर्शन तथा संचालन गरिनेछ । साथै, महिलामैत्री कृषि यान्त्रीकरणलाई व्यापकता दिइनेछ । वर्षमा दुईपटक वर्षे बाली तथा हिउँदे वालीलाई लक्षित गरी कृषि मेलाको आयोजना गरिने छ ।

माननीय सदस्यहरू,

५३. कृषकहरूद्धारा उत्पादित अन्नबालीहरू खरिद गर्नका लागि विभिन्न जिल्लाहरूमा कृषि मण्डीको स्थापना गर्ने व्यवस्था मिलाइनेछ । तरकारी, फलफूल तथा दूध आदिको संकलन केन्द्र स्थापना तथा बजारसम्म पुऱ्याउन आवश्यक सवारी साधनको वन्दोवस्तीमा अनुदानको व्यवस्था गरी काठमाडौं लगायत देशका अन्य व्यापार केन्द्रसंग सम्पर्क स्थापित गर्नका लागि प्रदेश सरकारले सहजकर्ताको भुमिका निर्वाह गर्न उधोग, वन तथा पर्यटन तथा भूमी व्यवस्था, सहकारी तथा कृषि मन्त्रालय सम्मिलित एक बजार विस्तार समिति गठन गरिने छ । उक्त संकलन केन्द्रमा चिस्यान गृहको साथै सहुलियत मूल्यमा तरकारी, फलफूल, दूध तथा दुधबाट उत्पादित सामानहरूको बिक्री वितरण गरिने व्यवस्था मिलाइनेछ ।

५४. अन्नबाली, फलफूल, तरकारीबाली, पशुपन्छी र माछापालनमा विमाको व्यवस्था गरिनेछ । विमाका लागि विमा कम्पनीहरूसंग सहकार्य गरी निरन्तर रूपमा सरकारी, नीजि विमा कम्पनी तथा प्रदेश सरकारवीच सहकार्यको वातावरण वनाइने छ । प्रदेशमा विकसित प्रविधिहरू एकै थलोमा झल्किने गरी एउटा नमुना कृषि गाउँको स्थापना गरिनेछ । खाद्य परीक्षण प्रयोगशाला प्रदेशमा स्थापना गर्न कार्यनीति ल्याइनेछ । उत्पादकत्व वृद्धिका लागि कृषि विद्युतीकरण गरिने नीति प्रदेश सरकारले लिएको छ ।

५५. प्रदेश सरकारले किसानहरूको प्रोत्साहनको निमित्त र परम्परालाई निरन्तर ता दिन बर्षको एक दिन धान तथा होरहा (ओरहा) दिवस मनाउने छ ।

५६. स्थानीय तहका पशुसेवा शाखालाई पशुपंक्षी उपचार औजार सामग्री उपलब्ध गराइनेछ र विशेषज्ञ सेवाका लागि भेटनरी अस्पताल तथा पशुसेवा विज्ञसंगको सहकार्यमा व्यापकता ल्याइनेछ ।

५७. संघ अन्तर्गत यस प्रदेशभित्र रहेका जिल्लास्थित मालपोत र नापी कार्यालयलाई प्रदेश मातहतमा ल्याउन नेपाल सरकारसँग पहल गरिनेछ ।

५८. सरकारी जग्गा, ऐलानी पर्ती जग्गा, गुठी जग्गाहरूको एकीकृत संरक्षण तथा विकासको लागि भूमि व्यवस्थापन सम्बन्धी विधेयक आगामी आर्थिक वर्षमा प्रदेश सभामा पेश गरिनेछ ।

५९. धानको प्रोसेसिंग र आधुनिक मिलिंग र प्याकेजिंग गरी प्रदेश नं. २ को नाउँमा ब्रान्डिङ् गरिनेछ ।

६०. कृषि क्षेत्रको समग्र विकासको लागि "प्रदेश कृषि अनुसन्धान केन्द्र" को स्थापना गरिनेछ ।

६१. विभिन्न वालीहरूको उन्नत विऊ विजन उत्पादन गर्न प्रदेश सरकारले नीजि विउ विजन कम्पनीहरूलाई प्रोत्साहन दिइने छ ।

६२. आँप, फलफूल र तरकारीका विभिन्न परिकारहरू बनाउन उद्योग स्थापनामा जोड दिइने छ ।

६३. कृषिलाई व्यवसायीकरण गर्न स-साना टुक्रामा विभाजित जमिनलाई उपयुक्त कानून निर्माण गरी चक्लाबन्दी खेती गर्न प्रोत्साहन गरिने छ । यसै क्रममा प्रदेश भित्रको प्रत्येक जिल्लामा छानिएका ५/५ गाउँपालिकाहरूमा परीक्षणको रूपमा कम्तिमा २०/२० विगाहा चक्लाबन्दी खेतीमा सहभागी किसानलाई प्रदेश सरकारले प्रति विगहा रू. दस हजारका दरले चक्लाबन्दी प्रोत्साहन रकम उपलब्ध गराउने छ ।

६४. कृषि व्यवसायीकरणको लागि विद्यमान अनुदान दिने प्रणालीमा सुधार ल्याई किसानलाई अनुदानको सट्टा बैङ्कबाट ऋण लिन प्रोत्साहित गरी सम्झौता अनुसार काम सम्पन्न भैसकेपछि ऋणको पूर्वनिर्धारित अंश अनुदानको रूपमा सोझै बैंकलाई भुक्तानी गर्ने विकल्पको खोजि गरिनेछ ।

६५. सम्बन्धित वैज्ञानिक एवम् प्राविधिक तथा कृषि ज्ञान केन्द्रको सहभागिता तथा रेखदेखमा किसानको खेतमा विभिन्न वालीहरूको गुणस्तरीय उन्नत बिउ उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

६६. प्रदेशमा डेरी उद्योगको स्थापना गरी यसको ब्राण्डिङ समेत गरिनेछ । डेरीको विभिन्न लोकप्रीय सामाग्री उत्पादन गर्ने उधोगलाई प्रोत्साहन गरिने छ र डेरीको लोकप्रियता बढाउन गाउँपालिकास्तरमा दुध सहकारी संस्थाले संचालन गर्ने गरी एक दुध भण्डार तथा चिस्यान केन्द्रको स्थापना गरिने छ ।

६७. विभिन्न विकास कार्यमा प्रयोग हुने भू-उपयोग तथा टोपोग्राफिकल नक्सा तयार गरिने छ ।

६८. "एक पालिका एक पोखरी सौन्दर्यीकरण" गर्ने योजना सरकारको रहेको छ । यस योजना अन्तर्गत पोखरीको चौडाई विस्तार गर्ने, पानी जम्मा गर्ने, जम्मा भएको पानी सिँचाईको रूपमा प्रयोग गर्ने व्यवस्था मिलाई, पोखरीलाई सौन्दर्यीकरण गरी व्यवसायीक रूप दिइनेछ ।

६९. सतह तथा भूमिगत सिँचाइ प्रणालीहरूको सुदृढीकरण तथा आधुनिकीकरण गरी विद्यमान सिँचाई प्रणालीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

### उद्योग

७०. प्रदेशमा रहने महत्वपूर्ण निर्देशनालयहरू जस्तै- प्रदेश उधोग, वाणिज्य तथा आपुर्ति निर्देशनालय, प्रदेश युवा तालिम प्रशिक्षण केन्द्र, प्रदेश प्राविधिक विश्वविद्यालय पर्सा जिल्लाको बिरगंजमा स्थापना गरी बिर गंजलाई मुलुककै आर्थिक राजधानीको रूपमा विकास गर्न बिरगंज विकास प्राधिकरण गठन गरिनेछ । बिरगंजको एकिकृत विकासका लागि बिरगंज महानगरपालिकासंग सहकार्य गर्ने नीति प्रदेश सरकारले लिएको छ । यसका लागि बिरगंज महानगरपालिका र प्रदेश सरकारद्वारा संयुक्त रूपमा गुरू योजना तयार गरी एकिकृत रूपमा संयुक्त लगानी गर्नेछ ।

७१. गजेन्द्र नारायण सिंह औद्यौगिक क्षेत्रलाई व्यवस्थित र आधुनिकीकरण गरी पुनः सञ्चालनमा ल्याईने छ । यस औधोगीक क्षेत्रमा उधोगहरू स्थापना गरी संचालनका लागि उद्योगीहरूलाई आकर्षित गर्ने अभिप्रायले बिजुली र जग्गा उपलब्ध गराईने छ । सुरक्षाको विषेश प्रबन्ध मिलाइनेछ । यस क्षेत्रमा स्थापना र सञ्चालनमा आउने उद्योगलाई प्रदेश सरकारले लिने सम्पूर्ण कर छुट हुने व्यवस्था गरिनेछ र यस क्षेत्रमा उद्योग स्थापनाको लागि सार्वजनिक आह्वान समेत गरिनेछ । गौर-चन्द्रनिगाहपुर, मलंगवा ९, नवलपुर, ढल्केवर-भिठामोड, जटही ९, जनकपुर, वीरगंज ९, कलैया, बिरगंज-ठोरी, सिराहाको माडर भन्सारदेखि चौहर्वासम्म र धनुषाको इनर्वादेखि महोत्तरीको वर्दीवाससम्मको रेलमार्गको आसपासमा औद्योगिक करिडोरको संभाव्यता अध्ययन पुरा गर्ने लक्ष्य सरकारले लिएको छ । वीरगंज ९, पथलैयाँ र राजविराज ९, रूपनी औद्योगिक करिडोरलाई व्यवस्थित गरिनेछ ।

७२. प्रदेशभित्र रहेका बिरगंज चिनी मिल, कृषि औजार लिमिटेड लगायतका बन्द उद्योग, कलकारखानाहरू पुनः सञ्चालनमा ल्याउन एवम् प्रदेश सरकारमा हस्तान्तरण गर्न र प्रदेशभित्र रहेका छोटी भन्सारहरू प्रदेश मातहतमा ल्याउन संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

७३. प्रदेशमा सुविधा सम्पन्न होटेलहरू स्थापनाका लागि नीजि क्षेत्रलाई आकर्षित गर्न प्रदेश सरकारले बिशेष छुट तथा सहुलियत दिने नीति लिइएको छ ।

७४. मानव सृजित फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ । कलकार खानावाट हुने प्रदुषण नियन्त्रण गर्न प्रदुषण नियन्त्रण उपकरण जडान गर्न वाध्य गरिनेछ र यसको अनुगमन समेत गरिनेछ ।

७५. जडीबुटी उत्पादन तथा प्रशोधन उद्योगहरू स्थापना गर्न नीजि क्षेत्रलाई आकर्षित गरिनेछ । चुरे क्षेत्रको वनजंगलमा जडिबुटी उत्पादनका लागि आवश्यक पहल गरिनेछ ।

७६. नेपाल भ्रमण गर्ने विशेष गरी गुणस्तरीय भारतीय पर्यटकहरूको संख्यामा वृद्धि गराई प्रदेश नं २ लाई घुम्ने तथा मनोरंजनका केन्द्रको रूपमा आकर्षण गर्न उपयुक्त ठाउँहरूमा होटल व्यवसाय तथा मनोरंजन स्थलहरूको स्थापनाका लागि प्रोत्साहन गरिने छ ।

७७. मिथिला पेन्टिङ्गको ब्राण्डिंग गरी उत्पादन तथा सम्बर्द्धन गर्ने नीति प्रदेश सरकारले लिएको छ । यसका लागि प्रदेश कला, भाषा तथा सँस्कृति प्रतिष्ठान मार्फत प्रदेशभरी मिथिला पेन्टिंग तालिम कक्षा संचालन गरिने छ ।

७८. परम्परागत ज्ञान, शीप तथा पेशा संरक्षणका लागि साना तथा घरेलु उधोगहरू स्थापनामा प्रदेश सरकारले प्रोत्साहन स्वरूप विशेष अनुदान दिने छ । यस अर्न्तगत, बाँसको ढकीया, डाली, सुपा, भखारी, काठका सामग्रीहरू, छालाका सामग्रीहरू, माटाका भाँडाहरू, अरिकोँच, अदौरी, चरौरी, कँच, सुखौच, कुम्हरौरी, वाल पेन्टिंग, कपडा कढाई, फुलबुटा, सुनको गहना, भुजा झिली, कचरी, माछा मार्ने, चिनी कटोरा, मैनवत्ती, अगरवत्ती लगायतका उधोगहरू स्थापना तथा शीप विकासमा अनुदान दिइने छ । यस्ता कुटिर तथा घरेलु उद्यमीलाई औद्योगिक उत्पादनमा सहयोग पुऱ्याउन एउटा छुट्टै कोष खडा गरिने छ । यस्ता समुदायलाई प्रशिक्षण, उद्यमशीलता तालिम र उनीहरूको उत्पादनलाई बजारीकरण गर्न आवश्यक सहयोग पुऱ्याइने छ ।

७९. प्रदेशभित्र उद्योग स्थापना र संचालनको लागि सम्बन्धित कार्यालयको ढोका ढोका जानु पर्ने व्यवस्था अन्त्य गरी एकद्धार कार्यालय ९इलभ ध्लमयध याण्ष्अभ० मार्फत उद्योग दर्ता, स्थापना लगायत अन्य सबै सेवा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

८०. प्रदेशभित्र रहेका सबै गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिकाको प्रोफाइल तयार गरिने छ ।

८१. प्रदेशभित्रका प्रत्येक जिल्लामा कम्तिमा १ वटा औद्योगिक ग्राम स्थापना गर्ने कार्यलाई अगाडी वढाइने छ । साथै, प्रदेश स्तरीय बैंक/बिमा/शेयर बजार तथा धितो बोर्डको स्थापना आगामी वर्ष गरिनेछ ।

८२. औद्योगीक करिडोरलाई विकास गर्ने क्रममा सीमावर्ती भन्सार नाकालाई स्तरोन्नतीका लागि संघीय सरकारसंग अनुरोध र सहकार्य गरिनेछ ।

८३. महिला, दलित तथा विपन्न लघु उद्यमीलाई औद्योगिक उत्पानमा सहयोग पुरयाउन एउटा छुट्टै कोषको स्थापना गरिने छ । यस्ता समुदायलाई प्रशिक्षण, उद्यमशीलता तालिम र उनीहरूको उत्पादनलाई बजारीकरण गर्न आवश्यक सहयोग पुऱ्याइने छ ।

८४. गर्मीयाम सुरू भएसंगै यस प्रदेशका आठवटै जिल्लामा सर्पदंशको घटनामा वृद्धि हुने भएकोले सर्पदंश उपचारका लागि आगामी वर्ष सर्पदंश उपचार केन्द्रको स्थापना गरी ब्लतष्खभलफ पर्याप्त मात्रामा उपलब्ध गराइनेछ । साथै, सर्पदंश सम्बन्धी कच्चा पदार्थ उत्पादन, प्रशोधन तथा अनुसन्धानका बारेमा विस्तृत अध्ययन गरिनुका साथै क्लबपभ ज्बतअजभचथ को व्यवस्था गरिनेछ ।

### रोजगारी सिर्जना

८५. गरीबी निवारण गर्ने उद्देश्यले साना तथा मझौला उद्योगहरू स्थापनामा सहयोग गरी युवाहरूलाई स्वरोजगार वनाउने योजना आगामी बर्षदेखि लागु गरिने छ । जस अर्न्तगत मापदण्ड वनाई युवाहरूलाई निःशुल्क प्राविधिक तालिम उपलब्ध गराई आफ्नै व्यवसाय संचालन गर्न बैंक मार्फत २५ प्रतिशत अनुदान, २५ प्रतिशत युवाको आफ्नो लगानी र ५० प्रतिशत सहुलियत दरमा ऋण उपलब्ध गराइने छ ।

८६. वैदेशीक रोजगार समाजिक सुरक्षा योजना कार्यक्रम यसै बर्षदेखि सुरूवात गरिने छ । जस अर्न्तगत, वैदेशिक रोजगारमा जाने युवाहरूको निःशुल्क तथा अनिवार्य जीवन बिमा प्रदेश सरकारले लागु गर्ने छ । यसका लागि बैंक तथा वित्तिय क्षेत्रहरूसंग सहकार्य गरिने छ । जसमा वैदेशीक रोजगारमा गएका युवाहरूले पठाउने रकमवाट नीजि क्षेत्रले आर्जन गर्ने मुनाफाको केही प्रतिशत रकम युवाको जिवन विमा कार्यक्रममा लगाउनु पर्ने व्यवस्था प्रदेश सरकारबाट गरिनेछ ।

८७. वैदेशीक रोजगारमा रहेका युवालाई आफ्नै देशमा फर्कन र विदेशमा सिकेका सीप, ज्ञान र श्रोतको लगानी गर्न विप्रेषण प्रयोग गरी कृषि सम्बन्धि साना उद्योग तथा व्यवसाय स्थापना गर्न चाहने वैदेशीक रोजगारवाट फर्केका यस प्रदेशका युवाहरूलाई ५० प्रतिशत सम्म अनुदान बैंकमार्फत उपलब्ध गराउने नीति प्रदेश सरकारले लिएको छ । तर ती साना उद्योगहरू कृषिलाई आधुनिकीकरण गर्नेतर्फ उन्मुख हुनु पर्नेछ । प्रदेश सरकारले दिने अनुदान बाली संरक्षण कोष तथा पशुपंक्षी संरक्षण कोष मार्फत उपलब्ध गराइने छ ।

८८. रोजगार प्रर्वद्धनको लागि कृषि, उद्योग, यातायात, व्यापार, पर्यटन र सेवामुलक उद्योगहरूसंग सहकार्य गरी प्रदेश सरकार तथा नीजि क्षेत्रको सहकार्यमा कोष स्थापना गरिनेछ । सो कोषबाट खर्च व्यहोर्ने गरी तालिम उपलब्ध गराई उधोगहरूलाई चाहिने दक्ष जनशक्तिको उत्पादन गरी सम्बन्धित उधोगहरूलाई उपलब्ध गराइने छ ।

८९. प्रदेश युवा क्षमता विकास योजना अर्न्तगत आगामी आर्थिक वर्षमा विभिन्न क्षेत्रहरू जस्तैः प्रदेश निजामती सेवा तथा स्थानीय सेवा, प्रदेश प्रहरी, होटल व्यवसाय, भौतिक पूर्वाधार, उधोग, यातायात, पर्यटन र व्यापार क्षेत्रमा पच्चीस हजार यूवाहरूलाई रोजगारी दिने नीति सरकारले लिएको छ ।

### पर्यटन

९०. प्रदेशको धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको अवस्थितिमा आधारित पर्यटकीय गन्तव्य तय गरिनेछ । प्रदेशको पर्यटकीय छवी विस्तार एवं बजारीकरण गर्न नीजिक्षेत्र समेतको संलग्नतामा प्रादेशिक पर्यटन बोर्डको स्थापना गरी संचालनमा ल्याइने छ ।

९१. कोशीको तटवाट कंकालनी मन्दिर हुँदै सखडा भगवती, काला हनुमान, ठाकुरवावा ताल लौहजारा, शम्भुनाथ, सलहेस फुलवारी, सर्कीट राजदेवी ढोडना महादेव मठ, कमला उत्तरायनी धाम, धनुषाधाम, जानकी मन्दिर, अन्धा अन्धी श्रवणदह, सोनामाई ध्रुवकुण्ड,रानी रतुवा परिक्रमा रोड, सतीविउला, नाजिर मजार, नाडीमन ताल, डावरी पर्यटन चन्द्रपुर, रौतहटको शिवनगर महादेवस्थान, जलेश्वरनाथ महादेव हुँदै रौजा मजार, कारीखस्थान परौल, सिमरौनगढ महागढीमाई हुँदै प्रदेश पर्यटकीय सडक (रूट) को आवश्यक पूर्वाधार निर्माण गरिने छ । यस पर्यटकीय रूटमा मौलिक संस्कृतिको परिचय एवम् संरक्षण गर्ने उद्धेश्यले होम स्टेलाई प्रदेश सरकारले प्रर्वद्धन गर्नेछ ।

९२. रामायण सर्किट अर्न्तगत जनकपुर र अयोध्यालाई जोडने क्रममा र ामजानकीको पद चिन्ह भएका प्रमुख ठाउँहरूलाई धार्मिक, अध्यात्मिक स्थलको रूपमा विकास गर्न संघीय सरकारसँग सहकार्य गरिने छ ।

९३. प्रदेशको धार्मिक पर्यटनलाई व्यवसायीक वनाउन जनकपुरमा त्रेता युग स्मरण गराउने गरी रामायण तथा मिथिला संस्कृति झल्किने गरी जानकी मन्दिर तथा जानकी मन्दिर संगैको विवाह मण्डप र मणी मण्डपलाई सौन्दर्यीकरण गरिने छ ।

९४. पर्यटन व्यवसायलाई प्रोत्साहन तथा प्रवर्धन गर्न वागमती नुनथर क्षेत्रलाई प्रदेशकै प्रमुख वाटर स्पट केन्द्रको रूपमा विकास गरी सुविधा सहित आधुनिक पर्यटक आवास निर्माण गर्न नीजि क्षेत्रलाई आहवान गरिने छ । प्रतिस्पर्धाको आधारमा आकर्षक प्याकेज उपलब्ध गराउने नीजि क्षेत्रलाई पर्यटकिय क्षेत्र विकास निर्माणको जिम्मेवारी दिइने छ ।

९५. चन्द्रनिगाहपुर स्थित शहीद पार्कलाई व्यवसायीक पर्यटन विकास गर्न ट्री जम्पिगं, चिल्ड्रेन पार्क, वाटर स्पट सहितको बृहत फन पार्क निर्माणका लागि नीजि साझेदारी सहकार्यको मोडेल योजनाको रूपमा अगाडी बढाइने छ ।

९६. कोशी टप्पु वन्यजन्तु आरक्षलाई पर्यटकीय स्थलको रूपमा विकास तथा प्रवद्धन गर्नको लागि जंगल सफारी, दृश्यावलोकन, संग्रहालय, कोशीदेखि भोजपुरसम्म बोटिङ्ग एवम् धार्मिक पर्यटनको लागि विभिन्न धार्मिक स्थल जोडने गरी सडक संजाल, होटेल, रेष्टुरेण्ट तथा होम स्टेको विकास गरिनेछ । यस कार्यमा नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

९७. प्रदेश पर्यटन बोर्ड मार्फत टुर अपरेटर तालिमका लागि नीजि होटल व्यवसायीहरूसंगको लगानीमा पर्यटकीय मानव संसाधन तथा होटल व्यवस्थापन तालिम केन्द्रको स्थापना गरिने छ ।

९८. प्रदेशभित्र रहेका होटल व्यवसायलाई पर्यटन उद्योगको मान्यता दिने नीति प्रदेश सरकारले लिएको छ । प्रदेशका होटल व्यवसायमा लगानी आकर्षण बढाउन प्रदेश भित्र रहेका बैंकहरूसंगको प्रादेशिक समिति बनाई राष्ट्र बैंकसंग समेत अनुरोध गरी सबैभन्दा सस्तो, सहज एवं शुलभ ब्याजदरमा ऋण उपलब्ध गराउन आवश्यक उपाय अपनाइने छ ।

९९. धार्मिक पर्यटनको विकासका लागि रामनवमी, विवाह पञ्चमी, सीता नवमी लगायतका महत्वपूर्ण पर्वहरूलाई प्रादेशिक पर्वको रूपमा मनाउन प्रदेश स्तरीय व्यवस्थापन समिति गठन गरी प्रदेश सरकार र मन्दिरको संयुक्त सहकार्यमा यी कार्यक्रमको व्यवस्थापन गरिने छ ।

१००. भारतीय सिमाना संग जोडिएका प्रदेशका आठवटै जिल्लाका नाकाहरूमा अध्यागमन कार्यालय शाखा विस्तार गर्न तथा माडर सिराहा मिर्चैया भई सगरमाथा बेसक्याम्प जाने पर्यटकहरूलाई ट्रेकिंग परमिट समेतको व्यवस्थापन गर्न संघिय सरकार तथा सम्बन्धित सरोकारवालहरूसंग सहकार्य गरिने छ ।

१०१. प्राकृतिक गन्तव्यहरू पर्सा राष्ट्रिय निकुंज, नुनथर बागमती, कोशी टप्पु, शिवालिग चुरे पहाड, डावरी पर्यटन वन चन्द्रपुर तथा अन्य साँस्कृतिक धार्मिक पर्यटन स्थलहरूको प्रचार प्रसार गरिने छ ।

१०२. प्रदेश अर्न्तगत रहेको धार्मिक सर्किट बिकास गर्ने क्रममा धनुषाको जानकी मंदिर, मलिननाथ, मणी मण्डप, धनुषाधाम, नोचा पोखैर, अकउरा सतोखर, कपिलेश्वर महादेव, ठेलिया भेरीया मठ, शम्भुनाथ, विसनरीया दह, दिनाभद्री र कंकालिनी, सिरहाको सहलेश, महादेव मठ, महोत्तरी चोहर्वा वौधी माहारानी, कमला उतरायहिनी धाम, नन्दमोरही, बावा ताल, कमलदह, राजदेवि मंदिर, सर्लाहिको नारिमनताल, कालीका मन्दिर हरीपुरवा, धनकौल माहादेव स्थान, सर्लाही फेन्हाराको शिव मन्दिर, मंगलनाथ महादेव, मुर्तिया मुक्तेश्वर महादेव, सरला माई, सती- विहुला, नारायणपुर, नाजिर मजार, महोत्तरीको मठिहानी स्थान, सुगाको सुकदेव मुनिको स्थान, जलेश्वरको भार्गव ऋषिको स्थान, मडैको माण्डव्य ऋषि स्थान, पंचधुरा माइस्थान, बनौली स्थिति विद्यापतिको प्रवास स्थान, सोनामाईथान, पडौल स्थान, गेउरका मटिहानी र जलेश्वर नाथ, धनुषाको परशुराम तलाउ, मिथिला विहारी र सुन्दरशरण, बाराको झरोखर पोखरी, त्रिवेणी धाम, रौतहटको शिवनगरको माहादेवस्थान र राजदेवी मन्दिर, पर्साको भुटन देवी, विन्दवासनी, भाथा दुग्धेश्वर नाथ मंदिरको क्रमिक रूपमा प्रवर्धन तथा विकास गरिने छ ।

१०३. प्रदेश गौरव योजनाको रूपमा छिन्नमस्ता मन्दिरको एकिकृत विकासका लागि छिन्नमस्ता एकिकृत विकास परियोजना गठन गरिने छ । त्यस्तै, सिमरौनगढ माहागढीमाई क्षेत्रको सम्पूर्ण विकासको गुरूयोजना तयार गरी कार्यान्वयनका लागि सिमरौनगढ महागढीमाई विकास प्राधिकरण तथा जानकी मन्दिर परिसरलाई विश्वस्तरमा पहिचान स्थापित गराउन जनकपुर धाम विकास प्राधिकरण र महोत्तरी जिल्लाको जलेश्वारनाथ महादेवको संरक्षण, प्रवर्द्धन तथा विकास गर्न जलेश्वरनाथ विकास प्राधिकरण गठन गरिनेछ । महोत्तरीको रौजामजार सरीफ तथा बिरगंजको भिस्वा र पारसनाथ मन्दिरलाई समेत प्रदेश गौरवको आयोजनामा समावेश गरिने छ । शलहेस क्षेत्र विकास परियोजना समेत सुरूवात गर्ने लक्ष्य लिइएको छ ।

१०४. बारा जिल्लाको निजगढमा निर्माणाधीन दोस्रो अन्तराष्ट्रिय विमानस्थलको व्यवसायीकतालाई ध्यानमा राख्दै, कोशी टप्पु, जनकपुर, पर्सा नेशनल पार्क रूटलाई केन्द्रमा पर्ने गरी पुर्व पश्चिम राजमार्ग संगै फास्ट ट्र्याक जोडिने स्थानको दायाँ बांया मनोरंजनात्मक साँस्कृतिक बगैंचा वारे सम्भाव्यता अध्ययन गरिने छ ।

बाँकी पृष्ठ ५ मा

# प्रदेश २ को नीति...

१०५. दुधमती महेन्द्रनगर करिडोरलाई धार्मिक पर्यटकीय करिडोरको रूपमा विकास गरिने छ ।

१०६. धनुषा जिल्लाको गंगासागरमा संचालित महागंगा आरती व्यवस्थापन गरिनेछ र थप आकर्षणको लागि अत्याधुनिक ध्वनी र प्रकाश (Light and Sound) को व्यवस्था गरिनेछ । गंगासागर सँगै रहेको धनुष सागर लाई पनि व्यवस्थित गरिनेछ ।

१०७. पर्यटन विकासको लागि अपरिहार्य र भरपर्दो पहुँच सुविधा वृद्धि गर्न जनकपुर विमानस्थललाई आधार विमानस्थलको रूपमा विकास गर्न संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयसंग सहकार्य गरिने छ ।

१०८. पर्यटकलाई स्तरयुक्त सूचना तथा सेवा प्रदान गर्न हालै संचालनमा आएको बिरगंजस्थित एकीकृत चेक पोस्ट र जनकपुर जानकी मन्दिर क्षेत्रमा बहुआयामिक पर्यटन सेवा केन्द्र स्थापना गरिने छ ।

१०९. पर्यटकीय गतिबिधी र मनोरंजनका अवसरहरूको वृद्धि गरी थप पर्यटक आकर्षित गर्न र पर्यटकको बसाई अवधि लम्ब्याउन जनकपुर र सिराहा जिल्लाको सलहेसमा ऐतिहासिक तथ्य तथा विषयवस्तुमा आधारित ध्वनी तथा प्रकाशका कार्यक्रमहरूको अवलम्बन गरिने छ ।

११०. पर्यटकलाई आकर्षित गराई पर्यटकको बसाई अवधि बढाउन भिषाको अवधि थप गर्नु पर्ने अवस्थालाई मनन् गरी प्रदेशमा अध्यागमन कार्यलयको ईकाइ विस्तार गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।

**वन तथा पर्यावरणीय सन्तुलन**

१११. संरक्षण हाम्रो मन, प्रदेशको वन प्रदेशकै धन नारालाई मुर्तरूप दिन प्रदेश बृक्षारोपन सम्बन्धि योजना बनाई बृहत बृक्षारोपण कार्यक्रम संचालन गरी वनको विस्तार गरिने छ । प्राकृतिक वनको वैज्ञानिक वन व्यवस्थापन गरिने छ ।

११२. हरित प्रदेश वनाउन बहुवर्षिय बिरूवाहरू उत्पादन गर्न प्रत्येक जिल्लामा एक हाइटेक नर्सरी, मझौला नर्सरी र साझेदारी नर्सरीको स्थापना गरिने छ । नीजि नर्सरीहरूको स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

११३. भुउपयोग नीति अनुसार चुरे क्षेत्रको व्यवस्थापन गरिने छ । चुरे क्षेत्रलाई पानी पुनर्भरण (Recharging) क्षेत्रको रूपमा विकास गर्न बहुउद्देश्यीय पानीको व्यवस्थापन गरी परियोजना संचालन गर्ने एवम् आवश्यकता अनुसार कृषि कार्यको लागी उपयोग गरिनेछ । प्रदेशमा प्रत्येक वर्ष वर्षा याममा बाढीको समयमा हुने भू-क्षय र चुरेको अतिक्रमण तथा वन विनाशले गर्दा विभिन्न नदीको सतह अप्रत्याशित रूपमा माथि उठेको, भूमीगत जलस्तर घटेको र त्यसबाट उर्वर कृषि भूमि मरूभूमिको रूपमा परिणत हुने क्रम देखिएको कारण सरकारले त्यसको रोकथामको लागि आवश्यक कार्यक्रम ल्याउने छ ।

११४. "चुरे जोगाउँ, मधेश बचाउँ" भन्ने प्रदेश सरकारको नीतिलाई आत्मसात् गर्दै चुरे संरक्षणको कार्यनीति ल्याइनेछ । अनियन्त्रित बसोबास, नदिबाट ढुंगा, गिट्टी, बालुवाको अव्यवस्थित दोहनलाई व्यवस्थित गरिने छ । चुरे क्षेत्रमा उपयुक्त भू-बनोटमा जलाशय निर्माण तथा भएको जलाशयको मर्मत संभार गरी माटो कटान कार्यलाई नियन्त्रण र भूमिगत जलस्तरलाई उठाउने कार्य गरिनेछ ।

११५. प्रदेशभित्र पर्ने साना-ठुला खोलाहरूको बगरहरूलाई व्यवस्थित गर्ने उद्देश्यले वृक्षारोपण, नदी किनारलाई ग्रीन बेल्ट, जलाशय निर्माण एवम् सामुहिक बगर खेतिको अभियानलाई संचालन गर्न कम्तिमा दुइ जिल्ला हेर्ने गरी एक भु तथा जलाधार कार्यालय र आवश्यकता अनुसार अन्य फिल्ड कार्यालयहरू समेत खडा गरी भु तथा जलाधार व्यवस्थापन एकीकृत रूपमा गरिने छ ।

११६. "जहाँ बाटो त्यहाँ रूख, त्यसले ल्याउँछ परम सुख" को नारालाइ चरि तार्थ गराउन सडक दुवै किनारमा उपयुक्त प्रजातिको विरूवा अनिवार्य रूपले रोप्ने कार्य गरिने छ । हरित सडकको अवधारणालाई प्रदेश सर कारले अनिवार्य र बाध्यकारी वनाएको छ । विरूवा विनाको सडक वनाउन नपाउने नीति लिएको छ । यसका लागि औषधिजन्य विरूवालाई विशेष प्राथमिकता दिइने छ ।

११७. वन अतिक्रमण गरी बसेका व्यक्ति वा परिवारलाई सो क्षेत्रबाट हटाइ वास्तविक सुकुम्वासी भएको पहिचान भए अन्य उपयुक्त ठाउँमा बसोबासको व्यवस्थापन मिलाइनेछ । आगामी दिनहरूमा वनजंगल र चुरे क्षेत्रको अतिक्रमण रोक्न तथा वनजंगल संरक्षण गर्न प्रादेशीक सशस्त्र वन रक्षक गठन गरिने छ । चुरे तथा वन अतिक्रमण अध्ययन गरी अतिक्रमण नियन्त्रण गर्ने नीति वनाइने छ ।

११८. मानव तथा वन्यजन्तु बीच हुने द्धन्दको व्यवस्थापन गरिनेछ । मानव र वन्यजन्तु द्धन्दबाट पीडित भएकालाई प्रदेश सरकारले उचित क्षतिपूर्तिको व्यवस्था गर्नेछ ।

११९. जानकीनगर परियोजना, सर्लाहीलाई व्यवस्थित गरी मधेश जुलोजिकल पार्कको रूपमा विकास गरिनेछ ।

१२०. प्रदेश सरकार अन्र्तगत रहेको वन क्षेत्रलाई उत्पादनमुलक र पारिस्थितिक प्रणाली ९भ्अय्इ क्थकतभ७० विकासका आधारमा व्यवस्थित गरिने छ । प्रदेशकै गौरवको रूपमा रहेको सागरनाथ वन विकास परियोजना लगायतका उत्पानमुलक वनक्षेत्रहरूलाई सघन व्यवस्थापन अन्तर्गत ल्याई दिगो तथा वैज्ञानिक वन व्यवस्थापन गरिने छ ।

१२१. प्रदेश अन्र्तगत रहेको जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण वनक्षेत्र, सिमसार क्षेत्र वा अन्य भौगोलीक क्षेत्रलाई पर्यावरणीय हिसावले हट स्पट घोषणा गरी बिशेष व्यवस्था मिलाइने छ ।

१२२. प्रदेश विपद व्यवस्थापन प्राधिकरण गठन गरिनेछ । विपद व्यवस्थापन कार्यलाई प्रभावकारी, व्यवस्थित र सुदृढ गरिनेछ ।

**भौतिक पूर्वाधार विकास**

१२३. "हाम्रो प्रदेश, उज्यालो प्रदेश" को नारालाई सार्थकता प्रदान गर्न प्रदेशमा वैकल्पिक उर्जालाई प्रवर्द्धन गरिनेछ । आगामी बर्ष नीजि साझेदारी योजना अन्र्तगत प्रदेशको आठवटै जिल्लामा ३०० मेगावाट सौर्य उर्जा प्लान्ट निर्माणको कार्य प्रारम्भ गरिने छ । सौर्य उर्जासम्बन्धी पावर प्लान्ट स्थापनामा साना, मझौला तथा मध्यमखालका विद्युतीकरणलाई बिशेष महत्व दिइने छ । साथै, ग्रीड तथा प्रसारणलाईनको सुधार गरी वितरण लाईनमा समेत सुधार गरिने छ ।

१२४. गरिवीको रेखामुनि रहेको जनतालाई घर परिवारको संख्याको आधार मा परिचय पत्र उपलब्ध गराई न्यूनतम शुल्कमा इन्धन उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । निम्न आय भएको परिवारलाई विशेष अनुदान दिई बायोग्यास, सोलार, विधुतीय चुल्हा आदि प्रयोग गर्न प्रोत्साहन गरिने छ ।

१२५. आपतकालीन वाहन, यन्त्रहरूलाई उद्धारको लागि परिचालन गर्ने दृष्टिकोण राखी प्रत्येक सार्वजनिक सडकको चौडाई कम्तीमा ५.५ मिटर राख्ने नीति लिएको छ र सोही अनुसार आवास व्यवस्थापनको कार्यलाई अगाडी बढाइने छ ।

१२६. प्रत्येक गाउँ शहरको बसोबासलाई व्यवस्थित गर्दै लैजाने नीति लिइएको छ । सो अनुसार सार्वजनिक सडकको चौडाई तोक्नुका अतिरिक्त ढल निकास, खानेपानी, शौचालयको व्यवस्था गर्ने, हरेक ५० घरको लागि एउटा दलान एवं सार्वजनिक खुला ठाउँको व्यवस्था, आवासीय भूमिलाई सदुपयोग गर्न बहुतले घरहरूको निर्माण, कृषियोग्य भूमिलाई बचाउन गाउँ, शहरहरूको सीमा तोकि सोही क्षेत्रभित्र घरहरू निर्माण गर्ने, शिक्षा, स्वास्थ्य, सडक, बजार आदिको व्यवस्थापन गर्ने, रोजगारीको लागि सो गाउँ शहर नजिक औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अख्तियार गरिएको छ ।

१२७. प्रदेश सरकारले प्रादेशिक परिवहन सेवा संचालन गर्ने छ । पहिलो चरणमा बिरगंज जनकपुर र जनकपुर राजविराज वस सेवा संचालन गरी क्रमश प्रदेशभरी विस्तार गरिनेछ ।

१२८. प्रत्येक पालिकाहरूलाई सदरमुकामसंग जोडने प्रमुख सडकहरू कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । एक पालिकाको केन्द्रलाई अर्को पालिकाको केन्द्रसंग र पालीकालाई जिल्ला सदरमुकामसंग जोडि कालोपत्रे गरिने छ ।

१२९. प्रदेशभित्र प्रस्तावित वा संचालित रहेको राष्टिय गौरवका योजनाहरू दोस्रो अन्तराष्ट्रिय विमास्थल, निजगढ, हुलाकी सडक, जनकपुर जयनगर रेल्वे, फास्ट टयाकलाई समयमै सम्पन्न गर्न संघीय सरकारसंग समन्वय गरिनेछ ।

१३०. प्रत्येक जिल्ला सदरमुकाममा संचालित दलित छात्रावास र जेष्ठ नागर िक आवास कार्यक्रमलाई यस आर्थिक बर्षमा पनि निरन्तरता दिइने छ । यो योजनालाई क्रमश महानगरपालिका, उप महानगरपालिका तथा नगर पालिका र गाउँपालिकामा समेत विस्तार गरिने छ ।

१३१. पर्सा जिल्लादेखि सप्तरी जिल्लासम्मको करिव २५० किलो मिटरसम्मको सडकलाई मधेशी शहिद राजमार्गको रूपमा विकास गरिनेछ ।

१३२. सेटेलाइट सिटीको अवधारणलाई अगाडी बढाइने छ । चालु आर्थिक बर्षमा सम्पन्न भएको पाँच सेटेलाइट सिटी महेन्द्रनगर, गोलबजार, पर वानीपुर, पोखरीया, परसौनीको विस्तृत अध्ययन प्रतिवेदनको आधारमा आगामी आर्थिक बर्षमा निर्माणका लागि पहल गरिने छ ।

१३३. वाराको गढीमाईमा प्रादेशिक गौरवका धर्मशाला र बिवाह मण्डप निर्माण कार्य प्रारम्भ भैइसकेकोले सो निर्माण कार्यलाई आगमी बर्ष पनि तिब्रताका साथ निरन्तरता दिइने छ ।

१३४. विभिन्न करिडोरहरू सखडा कंकालनी करिडोर, धनुषाधाम जनकपुर करिडोर, विद्यापती डिइ, मडई रौजामजार मठिहानी जलेश्वर करिडोर, परिक्रमा सडक, सिम्रौनगढ माहागढीमाई करिडोरलाई धार्मिक करिडोर को रूपमा विकास गरिने छ ।

१३५. जनता आवस कार्यक्रम अन्र्तगत प्रथम चरणमा डोम, मुसहर, मेहतर र हलखोरको घर निर्माण कार्यलाई निरन्तरता दिँदै क्रमश: अन्य दलित, लोपउन्मुख लगायतको लक्षित वर्गमा यो आवास कार्यक्रम पुर्‍याइने छ ।

१३६. प्रदेशको आठवटै जिल्लामा मुख्यमन्त्री दलितरगरीब आवास योजना अन्र्तगत दलितरगरीवका लागि एक सामुहिक आवस गृहको निर्माण गरिने छ । प्रदेश सरकारद्वारा निर्माण गरिने भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाइने नीति प्रदेश सरकारले लिएको छ ।

१३७. प्रदेशको आठवटै जिल्ला सदरमुकामा प्रदेश अतिथि गृह निर्माण गर्ने नीति लिएको छ ।

१३८. प्रदेशभित्रका सडकहरूको संरक्षण, सम्बर्द्धन, व्यवस्थापकीय कार्य, नीति तर्जुमा लगायतको कार्यलाई व्यवस्थित गर्न प्रादेशिक रोड बोर्ड गठन गरिने छ ।

१३९. जनकपुर रेल्वेसंग जोडिने गरी ड्राइपोर्ट निर्माणका लागि अध्ययन गरिनेछ ।

१४०. जनकपुरमा आउटर रिंगरोडको संभाव्यता अध्ययन र निमार्ण कार्य प्रार म्भ गरी यसलाई क्रमश सवै जिल्लाको सदरमुकामा लागु गरिने छ ।

१४१. यस प्रदेशलाई कृषि प्रधान प्रदेशको रूपमा विकास गर्ने अवधारणा अनुरूप सिंचाईको विभिन्न सम्भाव्यताहरूको अध्ययन गरिनेछ । खेत खेतमे पानी हाथ हाथमे काम को अभियानलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । यसको लागि भुमिगत जलको प्रयोग गरी डिप टयुवेल, सेलो टयुवेल अझ सघनताका साथ अगाडी बढाइ प्रत्येक वडा सम्म पुरयाइने छ । साथै बाँध, पइनी, नहर, हेड वर्क्स र नदीखोलाको व्यवस्थापन गरी खेत खेतमा सिँचाइको व्यवस्थापन गरिने छ । सिँचाइको निमित सोलार र विधुतीय ट्युवेललाई प्रोत्साहित गरिने छ ।

१४२. प्रदेशभित्र रहेका डिप बोरिंगहरूलाई मर्मत संभार तथा सोलार विद्युतीकरण गरी पुनः संचालनमा ल्याइनेछ ।

१४३. मधेशी जनताको हक, अधिकारको लागि आजीवन संघर्ष गर्नु भएका अथक योद्धा स्व. गजेन्द्र नारायण सिंह र गणतन्त्र स्थापनाको लागि जीवनपर्यन्त संघर्ष गर्नु भएका गणतन्त्रवादी नेता स्वारामराजा प्रसाद सिंहको शालिक स्थापना गरिनेछ ।

१४४.आगामी बर्ष देखि स्मार्ट सवारी चालक पहिचानपत्र प्रदेशबाट नै वितरण गरिने छ ।

**सामाजिक रूपान्तरण :**

**शिक्षा**

१४५."बेटी पढाउ, बेटी बचाउ" अभियानको दायरालाई अझ फराकिलो बनाई छोरीहरूको विद्यालय भर्ना, लोकसेवा कक्षाको तयारी, प्राविधिक शिक्षा अध्ययन गर्न चाहने छोरीहरूलाई पूर्ण छात्रवृति, साइकल वितरण, स्कुलको प्रत्येक विद्यालयमा सेनीटरीपैड वितरण जस्ता कार्यक्रमलाई अझ प्रभावकारी वनाइने छ । निम्न आय भएका परिवारमा जन्मिने छोरीहरूको शिक्षाको निरन्तरताको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ । आर्थिक रूपले विपन्न, दलित तथा मुस्लिम समुदायका बालिकाहरूलाई विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत सरकारी विद्यालयमा अध्ययनरत कक्षा एक देखि आठ कक्षा सम्मका छात्राहरूका लागि प्रत्येक महिना रू। पाँच सयको दरले नियमित कक्षा आगमन छात्रवृति प्रदान गरिनेछ । यसका लागि संघीय सरकारसंग समन्वय गरिनेछ ।

१४६. प्रदेश सरकारले छोरी विमा योजनाको सुरूवात गरेको छ । यो योजना अन्तर्गत करिब दुई हजार छोरीहरूको शिक्षा विमा पनि भएको छ । एक बर्षमा पचीस देखि तीस हजार छोरी जन्मिने यो प्रदेशमा सम्पूर्ण छोरीहरूको बिमा गर्ने लक्ष्य प्रदेश सरकारले लिएको छ । सामाजिक रूपान्तरणको यस अभियानलाई आगामी बर्ष पनि अझ प्रभावकारी ढंगले निरन्तरता दिइने छ ।

१४७. लित वर्गभित्र पनि आर्थिक र समाजिक रूपले सवैभन्दा पछाडी परेका जात जातीलाई मुलधारमा ल्याउन दलित सशक्तिकरण विधेयक आगमी आर्थिक बर्षमा ल्याउने गरी रासन कार्ड उपलब्ध गराउने, पाँच लाख रूपैयासम्मको स्वास्थ्य बीमा गरिनेछ । उच्च शिक्षा अध्ययन गर्न चाहने पछि परेकारपारीएका दलित विधार्थीको बसाई तथा खानामा लाग्ने खर्च प्रदेश सरकारले व्यहोर्ने छ । साथै, प्रत्येक पालिकाको एक/एक वटा गरीब विपन्न बस्तीलाई केन्द्रित गरी कक्षा १ देखि कक्षा ८ सम्मको विद्यार्थीका लागि प्रति विद्यार्थी मासिक रू. ३००।- का दरले पोषणयुक्त दिवा खाजा व्यवस्थापन कार्यका लागि गाउँमा रहेको आमा समूहलाई आलोपालो गरी रकम उपलब्ध गराइनेछ । यसका लागि संघीय सर कारसंग समन्वय गरिनेछ ।

१४८. प्रदेश नं. २ लाई कृषि प्रधान प्रदेशको रूपमा विकसित गर्ने अवधारणा अनुरूप आगमी वर्ष प्रदेशमा कृषि प्राविधिक केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१४९. प्रदेशको आठ वटै जिल्लामा एक सार्वजनिक विद्यालय छनौट गरी नमूना प्रादेशिक विद्यालयको रूपमा विकास गरिनेछ । यसका लागि विद्यालय व्यवस्थापन तथा संचालन मापदण्ड तयार गरिनेछ ।

१५०. प्रत्येक वडा/टोलमा शिशु स्याहार, पोषण एवं सन्तुलित विकासको लागि "शिशु सदन" को स्थापना गरिनेछ । शिशु सदनमा शिशु राख्ने आमाले हप्ताको एक दिनको समय उपलब्ध गराउनु पर्नेछ । शिशु सदनमा २ वर्षदेखि ५ वर्षसम्मको शिशुलाई राखी स्वस्थ शिशु बनाई प्राथमिक शिक्षाको लागि तयार गरिनेछ र शिशु सदनमा पोषणयुक्त आहारको व्यवस्था पनि गरिनेछ ।

१५१. "मातृभाषामा शिक्षा" भन्ने अधिकारलाई हृदयङ्गम गरी प्रथम चरणमा प्रदेशभित्र सवै भन्दा बढी बोलिने भाषाहरूमा प्राथमिक तहसम्मको शिक्षा प्रदान गरिनेछ । माध्यमिक तहदेखि शिक्षाको माध्यम अंग्रेजी बनाई भातृभाषा, ऐच्छिक भाषा र राष्ट्रभाषालाई पनि अध्ययनमा समावेश गरिनेछ ।

१५२. खेलकुद तथा युवा सशक्तिकरणको अवधारणालाई प्रोत्साहन गर्ने गरी प्रादेशिक युवा तथा खेलकुद परिषद्को स्थापना गरिनेछ । विरगंज नार ायणी रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको रंगशालाको रूपमा निर्माण गरिने छ । साथै, जनकपुरमा निर्माणाधीन रामजानकी अन्तर्राष्टिय रंगशाला निर्माणमा समेत प्रदेश सरकारले आवश्यक सहयोग गर्ने छ । सप्तरी जिल्लाको राजविराज सहित बाँकी ५ जिल्लामा प्रादेशीक स्तरको रंगशाला निर्माण गर्ने नीति लिएको छ ।

१५३. राष्ट्रियस्तरका खेलहरू र परम्परागत खेल कुस्ति, कवडी, टिका ठाडी, गुल्ली डण्डा, हुरा, लका छिपी, आसपास जस्ता परम्परागत खेलहरूको विषयमा अध्ययन अनुसन्धान गरी यसको सम्वर्द्धन र विकास गरिने छ । साथै, यस बर्ष यी परम्परागत खेलहरूको आयोजना गर्न प्रदेश सरकारले प्रोत्साहन गर्ने छ ।

१५४.प्रदेशमा "एक पालिका एक प्राविधिक शिक्षालय"को नीति अनुरूप प्रत्येक जिल्लामा आगामी आर्थिक बर्षमा सुविधा सम्पन्न एकरएक प्राविधिक शिक्षालय स्थापना गरिनेछ ।

१५५. बालीकाको विशेष संरक्षण को लागि बालीका संरक्षण सम्बन्धी कानून आगामी वर्ष नै निर्माण गरी कार्यान्वयमा ल्याइने छ । यो प्रदेशमा दिनानुदिन बढदै गइरहेको महिला तथा बालीकासंग हुने हिंसा न्युनीकरण गर्न महिला हिंसा न्युनीकरण अनुगमन कार्यदल गठन गरिने छ ।

१५६. बाल बालीकाको मनोरञ्जनका लागि प्रदेश भित्रका प्रत्येक जिल्लामा एक बालबालीका उद्दान बनाउने लक्ष्य लिएको छ ।

१५७. महिलालाई प्रदेशको हरेक संरचनामा समानुपातिक समावेशीको आधार मा प्रतिनिधित्व गराउन पच्चास प्रतिशत आरक्षणको नीति लिइएको छ ।

१५८. दाइजो, बालविवाह, अनमेल विवाह, बोक्सी, छुवाछुत जस्ता समाजिक कुरीतिलाई पूर्णत बन्देज गर्नका लागि आवश्यक कानूनी प्रवन्ध गरिनेछ । यसको अनुगमनका लागि संयन्त्र निर्माण गरिने छ ।

१५९. राजबिराजको महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा यसै वर्षदेखि एल.एल.एम. ९ीी:० कक्षा संचालनका लागि विशेष अनुदान उपलब्ध गराइनेछ र जनकपुरमा समेत कानून कलेज स्थापनाका लागि नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।

१६०. प्रदेशका विभिन्न शैक्षिक संस्थाहरूमा क्रमश: इन्टरनेट सेवा उपलब्ध गर ाउँदै लैजाने नीति प्रदेश सरकारले लिएको छ ।

१६१. आ.व. २०७५/०७६ मा सुरूवात गरिएको प्रदेश प्रमुख नैतिक शिक्षा अभियानलाई यस वर्ष अझ बढी प्रभावकारी ढंगले कार्यान्वन गरिनेछ ।

१६२. बिरगंजमा निर्माणाधीन प्रादेशिक लाइब्रेरी तथा जनकपुरमा रहेको सवैभन्दा जेठो सार्वजनिक पुस्तकालयलाई प्रादेशीक पुस्तकालयको रूपमा विकास गरिने छ ।

**स्वास्थ्य**

१६३. प्रदेशको नमूना अस्पतालको रूपमा जनकपुर अंचल अस्पताललाई विकास गर्ने लक्ष्य प्रदेश सरकारले लिएको छ । सोही अनुरूप जनकपुर अंचल अस्पताललाई आगामी आर्थिक बर्षमा न्युनतम पाँच सय सैया भएको प्रदेश बिशिष्ट सेवायुक्त अस्पतालको रूपमा स्तरोन्नती गरी आधुनिक उपकरणहरूका माध्यमबाट सबै सेवा सुविधाहरू उपलब्ध गराउनेछ ।

१६४. सिरहाको सिराहा जिल्ला अस्पताल र लाहान अस्पताल, महोत्तरीको जलेश्वर अस्पताल, रौतहटको गौर अस्पताल, सर्लाहीको मलंगवा अस्पताल र बाराको कलैया अस्पताललाई आगामी आर्थिक वर्षमा सेवाको स्तरोन्नती गरिनेछ । यसका लागि आवश्यक पूर्वाधार निर्माण, सरसफाईको कार्य तथा आधुनिक मेडिकल इक्युपमेन्ट खरीद, आवश्यकता अनुसार चिकित्सकको दरबन्दी लगायत व्यवस्थापन सुधार समेत गर्ने नीति सरकारले लिएको छ । यसमा नीजि क्षेत्रसंग समेत सहकार्य गरिने छ ।

१६५. स्वास्थ्य क्षेत्रमा रहेका नीजि सेवा प्रदायक संस्थाहरूको न्यूनतम मापदण्ड निर्धारण गरी नियमित गुणस्तरीय सेवा तथा अन्य कार्यहरू सम्पादन गर्नका लागि प्रभावकारी अनुगमन नीति अवलम्बन गरिनेछ ।

१६६. विभिन्न प्रकारको कुपोषणबाट ग्रसित कुपोषित महिला तथा वालवालिकाहरूको उत्थानको लागि बहुक्षेत्रीय पोषणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६७. प्रदेशभित्र आवश्यक क्षेत्रहरूको पहिचान गरी आगामी आर्थिक बर्षमा कम्तिमा एकवटा ट्रमा सेन्टर स्थापना गरिनेछ । सार्वजनिक अस्पतालहरूमा औषधिको अभाव हुन नदिन केही औषधिहरू प्रदेश सर कारबाट थप गरिनेछ तथा प्रत्येक जिल्ला अस्पतालहरूमा शवबाहन सेवा उपलब्ध गराइनेछ ।

१६८. सप्तरीमा स्थापना हुन लागेको रामराजा प्रसाद सिंह चिकित्सा शिक्षा प्रतिष्ठानको स्थापना तथा निर्माणमा संघीय सरकारसंग सहकार्य गर्ने नीति लिइएको छ ।

१६९. सुविधा सम्पन्न घुम्ति स्वास्थ्य सेवा प्रदान गर्ने विशेषज्ञहरूको टोली सम्पूर्ण पालिकामा परिचालन गरी टोलटोलमा स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । खटिएका टोलीले आधुनीक मेसिनवाट गाँउ टोलमै निशुल्क स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१७०. आगामी वर्ष विरगंजमा प्रादेशिक शिक्षण अस्पतालको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ । आयुर्वेद, होमियोपेथी, प्राकृतिक चिकित्सा तथा अन्य परम्परागत उपचार पद्धतिको विकासको अध्ययन तथा अनुसन्धान गरिने छ । यस बर्ष प्रदेश स्तरीय आयुर्वेदिक अस्पताल एवम् अध्ययन प्रतिष्ठानको स्थापना गरिनेछ । प्रत्येक स्वास्थ्य केन्द्रमा आयुर्वेद होमियोपेथी, प्राकृतिक चिकित्सा प्रदान गर्ने जनशक्ति एवं आवश्यक सुविधा उपलब्ध गराउन संघीय सरकारसँग समन्वय गरिनेछ ।

१७१. योग पद्धतिलाई सम्बर्द्धन गर्ने गरी विद्यालय स्तरीय शिक्षामा अनिवार्य रूपमा योग अध्ययनलाई समाविष्ट गरिनेछ तथा विद्यार्थीहरूको शारीरिक एवम् मानसिक स्वास्थ्यलाई प्रवर्द्धन गर्ने गरी योगाभ्यास गराइनेछ । योग एवम् प्राकृतिक चिकित्सा पद्धतिलाई जीवनशैलीको एउटा अभिन्न अंगको रूपमा विकसित गरी "आफ्नो स्वास्थ्य आफ्नै हातमा, प्रदेश सर कार सवैको साथमा" भन्ने अभियानलाई हृदयंगम गरिनेछ ।

१७२. स्वास्थ्य संस्थाहरूको सामाजिक परीक्षण गरिनुका साथै प्रदेशमा स्वास्थ्य बीमा लागु गरिनेछ । यस प्रदेशमा जनसंख्या बृदिदर मुलुककै तुलनामा झण्डै दोब्बर रहेकोले जनसंख्या वृद्धिदर घटाउन जनचेतना लगायत परिवार नियोजनको साधनको प्रयोगमा विशेष जोड दिइनेछ । साथै "हामी दुई, हाम्रा दुई" भन्ने नाराका साथ जनसंख्या नियन्त्रण अभियान संचालन गरिनेछ ।

१७३. प्रदेशभित्र नीजि तथा सहकारी क्षेत्रको सहकार्यमा आँखा बैंक स्थापना गर्ने लक्ष्य लिएको छ ।

१७४. "स्वास्थ्यको लागि वातावरण निर्माण" अन्तर्गत स्वच्छता अभियान (व्यक्तिगत तथा वातावरणीय सरसफाई, फोहोरमैला व्यवस्थापन, मानव मलमूत्रको व्यवस्थापन), सन्तुलित तथा स्वस्थ भोजन, नियमित व्यायाम, योगा लगायतको कार्यलाई प्रोत्साहन गरिने तथा धुम्रपान, मदिरा तथा लागु औषध सेवनलाई क्रमश निरूत्साहित गर्दै लाने नीति लिइएको छ ।

१७५. मुटु रोग, क्यान्सर, किडनी रोगी तथा अन्य सघन उपचार चाहिने बिरामीहरूलाई सहयोग गर्ने नीति प्रदेश सरकारले लिएको छ । साथै प्रदेशभित्र अन्तर्राष्ट्रियस्तरको क्यान्सर अस्पताल निर्माणगरी सञ्चा लन गर्ने नीति लिएको छ ।

**सरसफाई र खानेपानी**

१७६. प्रदेशको जनताको शुद्ध खानेपानी पाउने मौलिक अधिकारलाई सुनिश्चित गरिनेछ । प्रदेशको जनतालाई शुद्ध खानेपानी प्रदान गर्न खानेपानीको विभिन्न परियोजनाहरू सञ्चालन गर्न स्थानीय सहभागिताको आधार मा कार्यनीति ल्याइनेछ । राजमार्ग आसपासको ठाउँ-ठाउमा स्वच्छ खानेपानी व्यवस्थाको लागि विशेष योजना सञ्चालन गरिनेछ ।

१७७. मुख्यमन्त्री स्वच्छता अभियानलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ । यस अभियान अन्तर्गत स्वच्छ मधेश, समृद्ध प्रदेश बनाउनका लागि प्रत्येक पालिकाको दलितरगरीब वस्तीमा एक समुदायीक शौचालय र सबैको पहुँच हुने गरी शुद्ध तथा स्वच्छ खानेपानीको व्यवस्थापन गरिने छ ।

१७८. १०० वटा बालिका शौचालय निर्माण प्रारम्भ भइसकेको अवस्थामा प्रदेशभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा बालिका शौचालय निर्माण गर्ने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ ।

१७९. प्रदेशको आठवटै जिल्लाका विभिन्न स्थानीय तहहरूमा सुलभ शौचालय बनाउने कार्य चालु वर्ष प्रारम्भ भईसकेकोले थप स्थानीय तहहरूमा समेत सुलभ शौचालय बनाउने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइने छ । प्रदेशभित्रका सम्पुर्ण पालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने नीति लिइएको छ ।

१८०. मुख्यमन्त्री स्वछता अभियान अन्तर्गत अव्यवस्थित र फोहर वस्तीहरूको सरसफाईका लागि गाँउ, टोल र वस्ती सरसफाई अभियान संचालन गरिने छ । यस अभियान अन्तर्गत प्रत्येक गाउँपालिकामा एक सयदेखि एकसय पच्चास जना महिला र युवा स्वंयसेवकको दस्ता वनाई "सफाईका लागि काम" भन्ने नारा लिई टोल, मुहल्ला तथा पोखरी र सार्वजनिक स्थलहरूको सरसफाई तथा चेतनामुलक कार्यक्रम आयोजना गरिनेछ । स्वच्छता स्वंयसेवकलाई दैनिक ज्यालादारीको निश्चित रकम उपलब्ध गराइने छ ।

१८१. उद्योग तथा कल करखानाद्वारा हुने प्रदुषण कार्यलाई व्यवस्थित तथा नियन्त्रण गर्न प्रदेश वातावरण सम्बन्धी कानून आगमी बर्ष वनाई लागु गरिनेछ ।

१८२. मानव सभ्यता र सामाजिक विकासको वाधकको रूपमा रहेको मुख्य कार कतत्व प्लाष्टिक पोलिथिनको प्रयोगलाई निषेध गर्न यस सम्बन्धी कानून बनाई लागू गर्ने नीति लिइएको छ ।

**सामाजिक सुरक्षा**

१८३. टुहुरा तथा सडक वालबालिकाहरूलाई संरक्षण, पालन पोषण गर्ने संस्थाहरूलाई सहयोग प्रदान गरिनेछ । साथै, ज्येष्ठ नागरिकहरूलाई (६० वर्ष माथि) लाई स्वास्थ्य तथा यातायात सेवामा प्राथमिकतामा राखी सहुलियत दिइनेछ । ज्येष्ठ नागरिकहरूका लागि जेष्ठ नागरिक आवास निर्माण गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ ।

१८४. जेष्ठ नागरिक आवास निर्माण तथा व्यवस्थापन कार्यमा नीजि क्षेत्रसँग समेत हातेमालो गरिनेछ ।

१८५. बालबालिका, महिला हिंसालाई निरूत्साहित गर्न सूचना संकलन, आवश्यक संरक्षणको व्यवस्थापन गरिनेछ ।

**सास्कृति**

१८६. भाषा, कला एवम् संस्कृतिको अध्ययन, संरक्षण, विकास तथा सम्बर्द्धनको लागि "प्रदेश भाषा, कला तथा सँस्कृति प्रतिष्ठान" स्थापना गरिनेछ । मैथली, भोजपुरी, बज्जिका, मगही तथा प्रदेशभित्र वोलिने अन्य भाषा, साहित्य र सँस्कृतिको संरक्षण एवं समृद्धिका लागि प्रोत्साहन गरिने छ । हिन्दी भाषालाई प्रदेशको सम्पर्क भाषाको रूपमा विकास गरिनेछ ।

१८७. विभिन्न जातिय तथा सामुदायीक पहिचानलाई प्रदेशको गौरव र पहिचानसंग जोडी प्रादेशिक पहिचानको रूपमा उत्सव मनाउनका लागि प्रदेश सरकारले दिँदै आएको प्रादेशिक विदा तथा सहयोगलाई निरन्तरता दिइने छ ।

१८८. ढोल, पीपही, डम्फा, झाल, डमरू, सारंगी, घुना तिसि, करताल, सिंग्हा आदि परम्परागत बाजाहरू, समा चकेवा, झिझिया नाच, जाटजटिन, झरी, बिरजा भार, पराति, किर्तन, लचारी, अल्लाह रूदल, झरनी नाच, नृत्यकला लगायतका मौलिक तथा परम्परागत साँस्कृतिक पहिचान वोकेका साँस्कृतिक पहिचानहरूलाई संरक्षण गर्न विशेष सहुलियत दिई साँस्कृतिक महोत्सव आयोजना गरी प्रदेशको पर्यटन विकाससंग जोडिने छ ।

१८९. प्रदेशभित्र बोलिने विभिन्न भाषाहरू तथा लोपोन्मुख हुने अवस्थामा रहेका धार्मिक एवम् साँस्कतिक महत्वका ऐतिहासिक धरोहरहरूको बारेमा अध्ययन एवम् अनुसन्धान गरिनेछ र प्रदेशको गौरवपूर्ण इतिहासमा योगदान पुर्‍याउने सामाजिक, राजनितिक, धार्मिक एवम् साँस्कृतिक क्षेत्रहरूका महत्वपूर्ण व्यक्तित्वहरूका बारेमा खोज, अध्ययन एवम् अनुसन्धान गरिनेछ । यस प्रदेशको संस्कृति, भाषा, साहित्यसंग सम्बन्धित विभिन्न पुस्तकहरू, पाण्डुलिपीहरू, दस्तावेजहरू आदिलाई संरक्षण एवं शोध कार्यको लागि जनकपुरमा प्रदेश पुस्तकालय संचालन गरिनेछ ।

१९०. महोत्तरी जिल्लाको मटियानीमा रहेको संस्कृत विद्यालय र धनुषा जिल्लाको संस्कृत ज्ञानकुन्ज विद्यालयको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

१९१. प्रदेशभित्र रहेका पुरातात्वीक महत्वका सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

## संक्षिप्त समाचार

### दलितहरू सशक्त हुनुपर्छ : मुख्यमन्त्री राउत

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले अधिकार प्राप्तिका लागि दलितहरू आफै सशक्त हुनु पर्ने बताएका छन् । छुवाछुत मुक्त राष्ट्र नेपाल घोषणा दिवसको अवसर पारेर दलित सम्बद्ध संघ संस्थाहरूले मंगलबार जनकपुरमा आयोजना गरेको प्रदेश स्तरीय दलित अगुवा भेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले दलितहरू आफै सशक्त नभएसम्म अधिकार प्राप्त गर्न नसक्ने बताए । प्रदेश सरकार दलितमैत्री रहेको दावी गर्दै उनले दलित सशक्तिकरण ऐन, छात्रवृति योजना, दलित छात्रावासको निर्माण जस्ता कार्यहरूलाई अघि बढाइसकेको उल्लेख गरे । सदनमा छलफलको क्रममा रहेको दलित सशक्तिकरण ऐन विश्वकै नमूना रहेको दावी गर्दै मुख्यमन्त्री राउतले ऐन पारित भएपछि दलितहरूको स्वास्थ्य, शिक्षाको ग्यारेन्टी प्रदेश सरकारले दिने बताए । अबको दिनमा दलितहरूले आफनो को र परायाको भन्ने छुट्याउने बेला आइसकेको जिकीर गर्दै मुख्यमन्त्री राउतले २०४७ सालको परिवर्तन पछि दलितहरूले के पायो भन्ने प्रश्न आफैसँग गर्न आग्रह समेत गरे । दलित अगुवा उमेश विसुन्केको अध्यक्षतामा भएको उक्त कार्यक्रममा वरिष्ठ पत्रकार चन्द्र किशोरसहित प्रदेशभरिका दलित अगुवाहरूको उपस्थिति रहेको थियो ।

### विज्ञापन खारेज हुनुपर्छ : सहअध्यक्ष श्रेष्ठ

धनगढी । समाजवादी पार्टी, नेपालका सहअध्यक्ष राजेन्द्र प्रसाद श्रेष्ठले समानुपातिक समावेशी व्यवस्थाका सन्दर्भमा संविधानको धारा ४२.१ र निजामति सेवासम्बन्धी प्रचलित कानुनविपरीत लोक सेवा आयोगले गत जेठ १५ गते ९ हजारभन्दा बढी पदहरूका लागि गरेको विज्ञापन प्रतिगामी भएकाले खारेज हुनुपर्ने बताएको छ । उनले यो कुरा पार्टी एकताको उपलक्ष्यमा धनगढीमा आयोजित कार्यकर्ता अभिमुखीकरण कार्यक्रममा बताएका हुन् । सांसद श्रेष्ठले संविधानको धारा २४४ ले संघ र प्रदेश दुई तहमा लोक सेवा आयोगको व्यवस्था गरेको र धारा २२७ ले गाउँपालिका र नगरपालिकाको कर्मचारी भर्ना सम्बन्धी व्यवस्था प्रदेश कानुनबमोजिम हुने प्रष्ट व्यवस्था गरेकाले कर्मचारी समायोजन ऐनको दफा १२ को आधारमा लोक सेवा आयोगले गरेको विज्ञापन असंवैधानिक भएको बताए । उनले स्थानीय सेवाको व्यवस्थापनका लागि प्रत्येक प्रदेशमा प्रदेशभित्रकै नागरिकहरूबिच प्रतिस्पर्धा हुने गरी प्रचलित समानुपातिक समावेशी सिद्धान्तको आधारमा विज्ञापन हुनुपर्नेमा जोड दिए ।

### महिलाहरूलाई पोषणजन्य साम्रगी वितरण

कपिलवस्तु । शुद्धोधन गाउंपालिका लवनी कपिलवस्तुले सुनौला हजार दिन भित्रका पोषण सम्वन्धी नियमहरू पूरा गरेका उत्कृष्ट १० महिलाहरूलाई पोषणजन्य साम्रगी वितरण गरेको छ । गाउँपालिकामा आयोजित कार्यक्रममा सुनौला हजार दिनभित्र ४ पटक गर्भ परीक्षण गराउने, स्वास्थ्य संस्थामा बच्चा जन्माउने, खानेपानी तथा सरसफाइको अवस्था राम्रोसँग पालना गरेका महिलाहरूलाई सम्मान स्वरूप पोषणजन्य साम्रगी वितरण गरिएको गाउँपालिकाका अध्यक्ष निसार अहमद खाँले बताए । सो अवसरमा फिल्टर, साबुन, सर्फ, ब्रस, बाल्टी, मग, अण्डा, क्याल्सियम औषधी, तेल लगायतको सेट बनाइ वितरण गरिएको हो । गाउँपालिकाकी उपाध्यक्ष सुधादेवी पाण्डेयले महिला दिदिबहिनीहरूको स्वास्थ्य अवस्थामा सुधार ल्याउन र स्वास्थ्यपूर्ण सिप सिक्नका लागि साम्रगीले टेवा पुग्ने बताइन् ।

### महायज्ञको विशेष महत्व : सांसद यादव

वीरगंज । समाजवादी पार्टी नेपालका पर्सा जिल्ला अध्यक्ष एवम प्रतिनिधिसभा सदस्य प्रदिप यादवले विधिपूर्वक हुने पूजापाठ तथा महायज्ञले समाजमा शान्ति ल्याउनुका साथै सकारात्मक ऊर्जा प्रदान गर्ने बताएका छन् । वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवामा मंगलबारदेखि सुरू भएको श्री शिवशक्ती रूद्र महायज्ञको उद्घाटन गर्दै सांसद यादवले धार्मिक विधिविधानअनुसार हुने पूजापाठ तथा महायज्ञले देशमा सुख शान्ति तथा समृद्धि हुने भएकाले महायज्ञको विशेष महत्व रहेको बताए । अहिले विश्वभरि जतातते अशान्ति भइरहेको बेला देशमा शान्ति तथा समृद्धिका लागि आयोजना गरिएको यो महायज्ञले देशमा शान्तिको वातावरण सिर्जना हुने बताए । अहिले सरकारले पनि नेपालीलाई सुखी तथा देशलाई समृद्ध बनाउन विशेष नारा दिएर कार्यहरू गरिरहेको बेला समाजमा शान्ति तथा आत्मशान्तिका लागि भइरहेको यो महायज्ञले समाज तथा देशमै सकारात्मक उर्जा प्रदान गर्ने बताए ।

### बजेट फ्रिज हुने संकेत

राकेश यादव, रौतहट । रौतहटको राजदेवी नगरपालिका वडा नम्बर ९ ब्रह्मपुरीमा चालू आर्थिक वर्ष २०७५/०७६ को बजेट फ्रिज हुने सम्भावना बढेको छ । गएको आर्थिक वर्षमा ७२ लाख फ्रिज भएकोमा यस आर्थिक वर्षमा १ करोड़ रकम फ्रिज हुने अवस्था रहेको हो । राजनीतिक खीचातानीको कारण विकासका योजना कार्यान्वयन गर्न समस्या भएकोले बजेट फ्रिज हुने निश्चित रहेको छ । अहिलेसम्म एउटा पनि योजनाको कार्यान्वयन प्रक्रिया अघि बढाइएको छैन । नगर प्रमुख धीरेन्द्र कुमार सिंह र उपप्रमुख अंशु सिंह सोही वड़ाको निवासी भए पनि बजेट कार्यान्वयन हुन सकिरहेको छैन । मेयर नेपाली कांग्रेस तथा उपमेयर र वडा अध्यक्ष समाजवादी फोरमबाट निर्वाचित भएकोले सहमति नमिल्नुको कारण यस्तो अवस्थाको सिर्जना भएको हो । उपमेयर र वडा अध्यक्ष पुलिंद्र दासले नगर प्रमुखको कारण बजेट फ्रिज हुने आरोप लगाउँदै आएका छन् भने नगर प्रमुख सिंहले उपमेयर तथा वडा अध्यक्षको कारण गत वर्ष तथा चालू वर्षमा बजेट फ्रिज हुने दावी गरेका छन् । उपभोक्ता समिति गठन गर्नलाई नगरपालिकाबाट पत्राचार गरे पनि वडा अध्यक्षले कार्यान्वयन गर्न नसकेको आरोप मेयर सिंहको रहेको छ ।

### विज्ञापन खारेजीको माग गर्दै प्रदर्शन

जनकपुरधाम । लोक सेवा आयोगले जारी गरेको विज्ञापन फिर्ता लिन माग गर्दै जनकपुरमा राष्ट्रिय जनता पार्टी नेपाल निकट राष्ट्रिय विद्यार्थी संघले प्रदर्शन गरेको छ । लोकसेवा आयोगले आह्वान गरेको विज्ञापन समावेशी सिद्धान्त विपरीत रहेको भन्दै राजपा निकट राष्ट्रिय विद्यार्थी संघले सरकार र आयोग विरूद्ध विरोध रयाली प्रदर्शन गरेको राष्ट्रिय विद्यार्थी संघका महासचिव रंजित निस्पक्षले जनाए । लोक सेवा आयोगले जारी गरेको विज्ञापन तत्काल खारेज गर लगायतका नारा लगाउदै जनकपुरको रामान्द चोकबाट निस्केको रयाली जनक चोकमा पुगेर कोणसभामा परिणत भएको महासचिव निस्पक्षले जानकारी दिए । विद्यार्थी तथा महिला नेतृहरूले संयुक्त रूपमा समान्य प्रशासन मन्त्री लालबाबु पण्डित र लोकसेवा आयोगका अध्यक्ष उमेश प्रसाद मैनालीको विरूद्धमा नारा लगाएका थिए । संघीयताको मर्म विपरित लोकसेवा आयोग र समान्य प्रशासन मन्त्री लालबाबु पण्डितले विज्ञापन जारी गरेको भन्दै संघका अध्यक्ष ज्ञानेन्द्र झा ज्ञानुले विज्ञापन खारेजी गर्न माग गरे ।

### प्रहरी र वकिलहरूको प्रादेशिक सम्मेलन

कैलाली । धनगढीस्थित शुभश्री प्यालेसमा शुक्रबारदेखि शुरू भएको अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकिलहरूको दोस्रो प्रादेशिक सम्मेलन २०७६ शनिबार सम्पन्न भएको छ । महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंका नायव महान्यायाधिवक्ता खगराज पौडेलको प्रमुख आतिथ्य र प्रहरी प्रधान कार्यालयका प्रहरी नायव महानिरीक्षक सुर्य प्रसाद उपाध्यायको अध्यक्षतामा १७ बुदें घोषणा पत्र जारी गर्दै उक्त सम्मेलन सम्पन्न भएको हो । समापनको अवसरमा नायव महान्यायाधिवक्ता खगराज पौडेलले अनुसन्धान र अभियोजनमा अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता वकिलहरूका मात्रै नभई विज्ञ चिकित्सकहरू समेतको भौतिक प्रमाण संकलनमा महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै यस सम्मेलन मार्फत जारी भएका १७ बुदें घोषणा पत्रलाई कार्यान्वयन गर्न सबै पक्षबीच आपसी सदभाव एवम् समन्वय हुनुपर्ने बताए ।

### क्रान्तिकारी पत्रकार महासंघमा पुनः राउत

बुटवल । क्रान्तिकारी पत्रकार महासंघको दोस्रो ऐतिहासिक राष्टि्रय सम्मेलन बुटवलमा सम्पन्न भएको छ । सम्मेलनले पत्रकार इन्द्र राउतलाई अध्यक्षमा पुनः निवार्ंचित गरेको छ । शुक्रबार सम्पन्न राष्टि्रय सम्मेलनले उपाध्यक्षमा टेकबहादुर मास्कीराना, महासचिवमा रामकुमार श्रेष्ठ, सचिवमा रनसुर महतरा र अनु निरौला र कोषाध्यक्षमा रवि पाण्डेलाई निवार्ंचित गरेको छ । सम्मेलनले सदस्यहरूमा लोकराज जैसी, दामोदर खनाल, मधुकर थापा, गोपाल जिसी, केशव अविरल, शिवशंकर पाण्डे, धनन्जय अवस्थी, कुमार भट्टराई, राजेन्द्र सुवेदी, सागर श्रेष्ठ, विष्णु आले, दिनेश श्रीवास्तव, प्रेम कँडेल, शोभा जिसीलगायतलाई निर्वाचित गरेको छ ।

### बजेटमा प्रदेश २ उपेक्षित

वीरगंज । समाजवादी पार्टी नेपाल पर्साका अध्यक्ष एवम् संघीय सांसद प्रदिप यादवले सरकारले लयाएको २०७६र०७७ को बजेटले प्रदेश २ लाई उपेक्षा गरेको बताएका छन् । आर्थिक वर्ष २०७६र०७७ को बजेटमाथि आइतबारदेखि संसदमा शुरू भएको छलफलमा बोल्दै सांसद यादवले अर्थमन्त्रीले जेठ १५ गते प्रस्तुत गरेको बजेटमा प्रदेश २ लाई उपेक्षा गर्नुको साथै सौताको व्यवहार देखाएको आरोप लगाए । सांसद यादवले भने बजेट पूर्ण रूपमा केन्द्रमुखि छ, प्रदेश २ लाई विभेद गरिएको छ, त्यसकारण सरकारले प्रदेश २ लाई विशेष बजेट दिनु पर्ने माग गरे । संसदमा बोल्दै सांसद यादवले गत वर्षको तुलनामा प्रदेश २ मा ३ अर्ब रूपैयाँ कम बिनियोजन गरेको बताउँदै प्रदेश २ लाई समृद्ध बनाउन कम्तीमा ३० देखि ४० अर्ब रूपैयाँ बिनियोजन गर्नुपर्ने बताए । उनले केन्द्रीय तथा प्रदेश सरकारको सम्बन्धलाई मजबुत बनाउनका लागि समान रूपमा बजेट बिनियोजन गर्नुपर्ने बताए ।

### कोइराला निवासमा नगर सुरक्षाकर्मी

विराटनगर । विराटनगरस्थित रहेको कोइराला निवासमा नगर सुरक्षाकर्मी तैनाथ गरिएको छ । संघीय सरकारले कोइराला निवासबाट सुरक्षाकर्मी हटाएपछि विराटनगर महानगरपालिकाले निवासको सुरक्षाका लागि तीन जना नगर सुरक्षाकर्मीलाई खटाएको हो । महानगरले सोमबार नगर प्रहरी सीताराम चौधरी, रीता रोक्का र अरूण यादवलाई खटाएको छ । निवासलाई अढाई दशकदेखि सशस्त्र प्रहरीको एक टुकडीले सुरक्षा दिँदै आएको थियो । सरकारले गत बिहीबार सशस्त्र प्रहरीलाई निवासबाट हटाएको थियो ।

# सीके राउतले सिक्ने कुरा



**अरविन्द कुमार यादव**

यो लेख शुरू गर्नुभन्दा पहिले एउटा रोचक प्रसंग उल्लेख गर्न चाहन्छु । एक जना व्यक्ति प्रमुख जिल्ला अधिकारीको कोठामा प्रवेश गर्दै भने, 'हजुर मलाई बम चाहियो ।' प्रहरीले उसलाई समातेर अधिकारी समक्ष उपस्थित गराए । अधिकारीले भने, 'तिमिलाई थाहा छैन व्यक्तिगत रूपमा बम राख्न कानुनले निषेध गरेको छ ।' अनि ती मान्छेले भन्यो, 'हजुर मलाई यो कुरा राम्ररी थाहा छ । मलाई बम चाहिएको होइन । मलाई त शान्ति सुरक्षाको निम्ति बन्दुक चाहिएको हो । तर मेरो एक जना छिमेकीले के भन्यो भने यदि तिमीलाई बन्दुक चाहियो भने बम माग्नु, नत्र बन्दसक मागेपछि लट्ठी दिन्छ नि त । त्यसै कारण बम भनेको हजुर मेरो केही दोष छैन ।'

अहिलेको राजनीतिक परिपेक्ष्यमा सीके राउत एउटा त्यस्तै पात्र हुन् । जसलाई के चाहिएको थियो र के माग्दै थियो । के चाहिन्छ त्यो कुरा अहिले पनि गर्भमै छ । तर उसलाई अब स्वतन्त्र मधेश राष्ट्र चाहिदैन भने कुरा प्रमाणित नै भएको छ २०७५ फागुन २४ गतेमा भएको एघार बुँदे सम्झौताबाट । त्यस सम्झौताबाट उनका समर्थकहरू पनि आश्‍चर्यचकित भएका छन् । आम मानिसलाई जवाफ दिन सकस भएको छ । सम्झौतापछि जनकपुरधाममा भएको प्रदर्शनमा उनका कार्यकर्ताहरूले खुलेआम स्वतन्त्र मधेशको नारा लगाउँदा पनि उनले रोक्न सकेनन । सम्झौताको अर्थ कार्यकर्ताले बुझ्दै बुझेन । सीके राउतको भनाइ र गराइमा आकाश र जमिनको फरक भएको कुरा कार्यकर्ताहरूले अब सायद बुझलान् कि ?

सीके राउतको आत्मकथा "वैरागदेखि बचाऊसम्म र वीर मधेशी" लगायतका पुस्तकहरू मैले पनि अध्ययन गरेको छु । उनले आफनो आत्मकथामा भन्न खोजेका व्यथाहरू धेरै आम मधेशीहरूले काठमाडौमा भोगी रहेका थिए । लेखक पनि जब प्रथम पटक काठमाडौं पुगे, त्यहाँ पहाडी समुदाय पराया जस्तो र मधेशी समुदाय आफनो जस्तो अनुभव गरियो । जब कि पहाडी समुदायसँग मेरो कुनै झगडा नै भएको थिएन, प्रत्यक्ष रूपमा घुलमिल हुने मौका पनि मिलेको थिएन । गाउँमा रहँदा म जुन पार्टीको कट्टर समर्थक थिएँ, त्यतिवेला त्यही पार्टीको सरकार पनि थियो । तर मलाई त्यो सरकार आफनो जस्तो लागेन । यो समस्या खस समुदायले हामीमाथि थोपरेको मनोविज्ञान नै थियो । खस शोषक र हामी मधेशी शोषित हौं भने कुरो मधेशीको वंशानुगत गुण जस्तै नै भइसकेको छ । कारण हामी माथि शोषणको अवधि करीब अढाइ सय वर्ष पुग्दैछ । म आफनै गाउँका विपक्षी खस पार्टीका मान्छेलाई शत्रुको नजरले हेर्थे । उनी पनि मलाई शत्रुको नजरले नै हेर्थे । अनि जब म काठमाडौं पुगें एउटा नयाँ अनुभव गरियो कि तिमी पनि शोषित म पनि शोषित, जसकारण मधेश आन्दोलन पश्चात मेरा गाउँका ८० प्रतिशत जनता खस पार्टी त्याग गरेर संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीमा (राजपा) प्रवेश गरेर मधेशीको हकहितमा नारा बुलन्द गर्दै छन् ।

आफ्ना साहित्य मार्फत सीके राउतले पहाडी समुदायप्रति फैलाएको भ्रम र घृणा मायामा परिवर्तन हुन केही समय अवश्य लाग्नेछ । नेपाली प्रजातान्त्रिक आन्दोलनमा संगै सहादत प्राप्त गरेका मधेशी पहाडी समुदायका वीरहरू मध्ये मधेशी शहीदको गुणगान र पहाडी शहीदको नामसम्म पनि स्मरण नगर्नु एउटा उदाहरण नै हुन् । सहादत दिने बेलामा हाम्रा वीर शहीदहरू नेपाली भएर नै शहीद भए । हो उनीहरू फरक फरक समुदाय, भाषा र संस्कृतिका अवश्य थिए । उनीहरू समृद्ध नेपालका खातिर नै ज्यानको आहुति दिए । जुन कुरा सीके राउत ११ बुँदे सम्झौता गरेर बुझेका छन् । यही कुरो बुझ्न नपाउँदा सीके राउत ११ बुँदे सम्झौतामा शहीदको अवमूल्यन नै गरेका छन् ।

आफ्ना बाँके जिल्ला संयोजक राममनोहर यादवलाई शहीद घोषणाको सम्झौतामा उल्लेख गराउन नसकनु उनको ठूलो भुल हो । एकदिन मधेशी जनताले राममनोहर यादवको सहादतको हिसाब सीके राउतसँग माग्नेछ । जबकि सीके राउत सधैं भन्थे-मधेश आन्दोलन गरेर के भयो ? मधेशीले के पायो ? शहीदको सहादत बेकार भयो । अब मधेशीको कल्याण स्वतन्त्र मधेशमा नै छ । मधेशी नेता चोर हो दलाल हो, गद्दार हो, विश्वासघाती हो । मधेशी विरोधी हुन् । यस सम्झौताबाट सीके राउतलाई मधेशी समुदायले दलाल भन्लान् कि, मधेश विरोधी भन्लान् कि, खसका मतियार भन्लान् कि, युरोपियन युनियनका दूत भन्लान कि ? आशा गरौं यस कुराको जवाफ समयले दिने नै छ । हाललाई बढी विश्लेषण नगर्नु नै उचित होला कि ?

अर्कोतिर सम्झौताबाट नेपालमा सरकारका प्रधानमन्त्री केपी ओली मुसो मारेको वीर जस्तै उफ्रिरहेका छन् । एक वर्षदेखि प्रधानमन्त्री ओली दुई तिहाइको दम्भमा गुलछर्रा उडाउने काम बाहेक केही नगरेका र ओलीका मन्त्रीहरू ठेक्कापट्टा, कमिशन र भ्रष्टाचारमा डुबेका कारण आलोचनाबाट बच्न उसले सीके राउतको सम्झौतालाई ठूलो उपलब्धि मानेर आपना सञ्चार माध्यमहरूमा विज्ञापन गर्न व्यस्त छन् । मानौ यस सम्झौतावाट देशको कायापलट हुनेछ । मधेशी युवाको आकर्षण रोक्न नै सरकार रातारात सम्झौता गरेका हुन् । जुन कुरा सायद सीके राउतले बुझ्न सकेन । गत आम चुनावमा मधेशी पार्टीप्रति मधेशी युवाको आकर्षण देखेर खस शासक डराएका थिए । आपना खस पार्टीका युवा पनि त्यतै तिरै कही आर्कषित भएर पलायन भइजाला कि मनोविज्ञानवाट ओली ज्यादै नै त्रसित थिए । मधेशीलाई गाली गरेर केपी ओली पहाडी समुदायको मत पाउन सफल भएका थिए । जुन रणनीति सधै काम लाग्न सकदैन । खस पार्टीमा मधेशी समुदायको अब खासै आर्कषण छैन् ।

केही नेता पद, प्रतिष्ठा र पैसाको निम्ति मात्र त्यस पार्टीमा बसिरहेका छन् । खस पार्टीमा बसेर मधेशी कहिले पनि अधिकार पाउन सक्दैन् । २००७ सालदेखि हालसम्मको राजनीतिक घटनाक्रमले प्रमाणित भइसकेको छ ।

सीके राउतबाट सरकारलाई कुनै सुरक्षा खतरा थिएन । राउतको कार्यहरू शान्तिपूर्ण र अहिंसात्मक नै थियो । कही पनि बन्द, हडताल, तोडफोड भएको थिएन । सरकारले नै राउतलाई चर्चामा ल्याउने कोशिश बारम्बार गरिरहेको देखिन्यो । शान्तिपूर्णरूपमा आफनो कुरा राख्न नपाउने कुन लोकतान्त्रिक देशमा त्यस्तो कानुन छ । यहाँ यस्तै भइरहयो । सरकारले समात्ने र अदालतले छोडने जुहारी चलिरहयो । जुन नाटकको अब पटाक्षेप भएको खस शासकले बुझेका छन् भने त्यो उसको ठूलो भूल हो । जबसम्म मधेशी, जनजाति, आदिवासी, मुस्लिम समुदायले नेपालमा पूर्ण स्वायतता र आत्मनिर्णयको अधिकार पाउदैन । तबसम्म यस देशमा राष्ट्र विखण्डनको मुदा उठिरहनेछ । बेलैमा सचेत हुनुपर्छ ।

## नेपाल संघीय समाजवादीको आन्दोलन सुरू



काठमाडौं । पूर्वगृह राज्यमन्त्री मो रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले सरकारबिरूद्ध आन्दोलन गरेको छ । पार्टीको पूर्वघोषित कार्यक्रम अनुसार प्रथम चरणमा शुक्रवार सरकार बिरूद्ध आन्दोलन गरिएको छ । पार्टीले काठमाडौंको घण्टाघर देखी सुरू गरेको बिरोघ प्रदर्शन काठमाडौंको नयाँ बानेश्वरमा धर्ना दिई प्रधानमन्त्री कार्यलय सिंहदरवारमा ज्ञाजन  पत्र बुझाई कोणसभामा परिनत भएको छ । पार्टीका कार्यकर्ताले वर्तमान सरकार दुई तिहाईको दम्भ देखाउदै जनताको हरेक मौलिक हक अधिकार कटौती गरेको भन्दै सरकार बिरूद्द नाराबाजी गर्दै सरकारको आलोचना गरेको छ । मधेशी ,आदिवासी जनजाती, ,मुस्लिम,दलित,थारू,पिछडा वर्ग ,पिछडिएको क्षेत्र तथा वर्गीय उत्पीडनमा परेको जनताको हकहित संरक्षण्को पक्षमा सरकारको नियत ठिक नरहेको ठहर गर्दै सरकारको यो कार्यको बिरोध गरेको पार्टीका नेताहरूले जनाएका छन ।साथै सरकारले मधेशी समुदायको मुख्य साँसकृतीक पर्वको रूपमा रहेको छठ,ईद,बक( र(ईद लगायतको पर्वमा बिदा कटौती गरेको भन्दै बिरोध जनाएको छ । उत्पीडिनमा परेको जनताको मांग तत्काल सविधान संसोधन गरी पुरागर्न सरकारलाई पार्टीले जोरदार मांग समेत गरेको छ ।साथै पार्टीले जनताको जायज मांगहरू सरकार र सम्बन्धित निकायले अबिलम्ब पूरा नगरेमा जनताको जायज मांगहरूकोलागि पार्टी चरणबद्द आन्दोलनमा जान बाध्य हुने चेताबनी समेत दिएको छ । पार्टी कार्यकर्तालाई सम्बोधन गर्दै नेपाल संघीय समाजवादी पार्टीको केन्द्रिय अध्यक्ष रिजवान अन्सारीले उत्पीडनमा परेको नेपाली जनताको जायज माग्हरू तत्काल  संविधान संसोधन गरी पुरा गर्न सरकारलाई आग्रह समेत  गरे ।

## दुई जनतान्त्रिकबीच एकता

काठमाडौं । तत्कालीन सशस्त्र भूमिगत मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) जनतान्त्रिक तराई मुक्ति मोर्चामा समाहित भएको छ । शिवकुमार सिंह नेतृत्वको मधेश राष्ट्र जनतान्त्रिक पार्टी र डा.मनोज मुक्ति विवेक नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चाबीच एकीकरण भएको हो । जनतान्त्रिक तराई मुक्ति मोर्चाको नीति, सिद्धान्त र विधानमा सहमत भई मधेश राष्ट्र जनतान्त्रिक पार्टी जनतान्त्रिक तराई मुक्ति मोर्चामा समाहित भएको घोषणा गरेका छन् । मधेश राष्ट्रका शिवकुमारलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाको केन्द्रीय सदस्य तथा केन्द्रीय संगठन परिचालन एवं व्यवस्थापन समितिमा मनोनित गरिएको अध्यक्ष डा.मनोज मुक्तिले मधेशवाणीलाई बताएका छन् । समतामूलक पूर्ण समानुपातिक समावेशी शासन व्यवस्था र समृद्ध राष्ट्र निर्माणको पवित्र उद्देश्य प्राप्तिमा कोशेढुंगा साबित हुने विश्वास अध्यक्ष मुक्तिले लिएका छन् । जनतान्त्रिकको पूर्वघोषित कार्यक्रमअनुसार विधान, घोषणापत्र, नियमावली लेखन लगायतका सम्पूर्ण कार्यहरू सम्पन्न भइसकेको र यही महिनाभित्रै विधिवत्‌रूपमा निर्वाचन आयोगमा पार्टी दर्ता गराउने अध्यक्ष डा.मुक्तिले मधेशवाणीलाई बताएका छन् ।

## "सैलुन व्यवसायीहरू होशियार"

काठमाडौं । नेपाल नाई ट्रेड युनियनले काठमाडौंका सैलुन व्यवसायीहरूलाई सचेत भएर व्यवसाय सञ्चालन गर्न आग्रह गरेको छ । नाई ट्रेड युनियनका केन्द्रीय अध्यक्ष गजेन्द्र ठाकुरले सोमबार सामाजिक सञ्जालमार्फत् यस्तो आग्रह गरेका छन् । उनले पसलमा कुनै अपरिचित व्यक्तिले झोला वा शंकास्पष्ट सरसामान ल्याएमा राख्न नदिन आग्रह गरेका हुन् । गत सोमबार विप्लव नेतृत्वको पार्टीले आह्वान गरेको नेपाल बन्दको पूर्वसन्ध्यामा विप्लवका कार्यकर्ताहरू बम ल्याएर सैलुनमा राख्दा भएको विस्फोटमा सैलुन व्यवसायी जीव ठाकुर घाइते भएका थिए । ६/७ जना अपरिचित व्यक्तिको समूह सैलुनमा आई आफै पानीको स्प्रे छरी कपाल मिलाउने क्रममा सो विस्फोट हुँदा सो समूहका दुई जनाको घटनास्थलमै मृत्यु भएको र ठाकुरसहित अन्य घाइते भएका थिए ।




# क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**स्वास्थ्य कार्यालय,**
**काठमाडौं, टेकू**


### स्थानीय सम्वाद

## सिंहदरबारका अधिकार गाउँमा आएको छैन



**मुक्तिनाथ चौधरी**
**नगरप्रमुख, सुरूङ्गा नगरपालिका, सप्तरी**

**सुरूङ्गा नगरपालिका सप्तरी जिल्लाको सगरमाथा राजमार्ग तथा पूर्व पश्चिम राजमार्गसँग उत्तर दक्षिण तर्फ फैलिएर रहेको छ । यो नगरपालिका नेपाल सरकारले २०७३ सालमा साबिक पश्चिम पिपरा, हर्दिया, दौलतपुर, मधुपट्टी, कुशहा, हरिपुर, मलहनमा, टिकुलिया, पटेर्वा सबै वडा र मलहनिया गाउँ विकास समितिका ५ र ६ वडा मिलाएर बनेको हो । यस नगरपालिका हाल ११ वटा वडाहरूमा वर्गीकरण गरिएको छ । कुल १०७.०४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो नगरको उत्तर तर्फ त्रियुगा नगरपालिका, पूर्वतर्फ खडक नगरपालिका, पश्चिम तर्फ लहान नगरपालिका र दक्षिण तर्फ बोदेबर्साइन नगरपालिका र बलान बिहुल गाउँपालिका रहेका छन् ।**

**० निर्वाचित भएपश्चात नगरपालिकामा के कस्ता उल्लेखनिय कामहरू भए ?**
– जननिर्वाचित भएर आइसकेपछि हामी बिजुली, शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधार लगायत विकासका विभिन्न पक्षलाई प्राथमिकतामा राखेर अगाडि बढिरहेका छौं ।

**० जनताले स्थानीय सरकारको महसुस गरेका छन् ?**
– निश्चितरूपमा जनताले स्थानीय सरकारको उपस्थिति महसुस गरेका छन् । नगरपालिका वासीहरूकै आवश्यकता परिपूर्ति र नगरको विकास गर्ने हाम्रो दायित्व र जिम्मेवार पनि हो ।

**० जनतामा के कस्ता अपेक्षाहरू पाउनु भयो त ?**
– समाजमा जे जति विकासका सम्भावनाहरू छन् ति सबै पूरा गर्नका लागि आवश्यक पूर्वधारहरू जस्तै शिक्षा, स्वास्थ्य, कृषि, यातायात आदिमा स्थानीय सरकारको महत्वपूर्ण भूमिका नै जनताका अपेक्षाका विषयहरू हुन् । जनताका आवश्यकताहरू पूरा गर्न नै ठूलो आकांक्षा छन् । लामो समयको अन्तरालपछि आएको स्थानीय सरकारबाट जनताका धेरै आकांक्षा हुनु स्वाभाविक पनि हो ।

**० स्थानीय निर्वाचन पश्चात सिंहदरबार गाउँगाउँमा भन्ने नाराले कतिसम्म सार्थकता पाएको छ ?**
– स्थानीय सरकारले पाउनु पर्ने अधिकार कतै न कतैबाट नियममा बाँधिएको छ । शिक्षामा हामीले परिवर्तन गर्नका लागि हामीले कदम चाल्यौं तर संघीय र प्रदेश सरकारले हामीलाई पूर्णतया हामीलाई अधिकार दिएको छैन । त्यसले गर्दा हामीलाई काम गर्न केही न केही अप्ठ्यारो भइरहेको छ । सिंहदरबार गाउँ-गाउँमा अहिलेसम्म पनि नारा जस्तै लाग्छ । यो नाराले पूर्ण रूपमा सार्थकता पाउन सकेको छैन । स्थानीय सरकारले आफ्नो स्थानीय स्तरमा स्वतन्त्र रूपमा काम गर्न सकिरहेको छैन । कर्मचारी व्यवस्थापन तथा स्थानीय या प्रदेश स्तरका काममा केन्द्रबाट नै हस्तक्षेप गर्दछन् । नगरपालिकाले गर्नुपर्ने करार नियुक्तिहरू केन्द्रबाट नै हुने गरेका छन् ।

**० चालु आर्थिक वर्षका के कति योजनाहरू पुरा गर्नुभयो र कति बाँकि छ ?**
– चालु आर्थिक वर्षको लगभग ८० प्रतिशत जति काम भइसकेको छ । अब २० प्रतिशत काम बाँकी छ । कर्मचारी समायोजनका कारणले प्रमुख प्रशासकीय अधिकृत नभएर हामीले बाँकी योजनाहरू पूरा गर्न सकेका छैनौं । सरकारले जुन प्रावधान केन्द्रकै मातहतमा लिएर आयो यसले गर्दा रोकिएको हो ।

**० आजसम्म सम्पन्न भएका योजनाहरू के–के छन् ?**
– विद्यालय क्षेत्रमा भौतिकरूपमा विकास भएको छ । बाटो आर.सी.सी तथा ग्रावेल गरिएको छ । साथै तराई मधेश समृद्धिका लागि आएको बजेट पनि पनि विभिन्न क्षेत्रमा लगानी भइसकेको छ । यस हिसाबले हामीले हाम्रो मातहतममा रहेका काममा कतैपनि कसर बाँकि राखेका छौनौं ।

**० आगामी आर्थिक वर्षको योजनाका लागि कस्तो तयारी हुँदैछ ?**
– आगामी आर्थिक वर्षका लागि हामी असार १० गते नगर सभा गर्ने तयारी गरेका छौं । आगामी आर्थिक वर्षमा पनि हामीले स्वास्थ्य र शिक्षालाई विशेष प्राथमिकता सोचमा छौं । शिक्षामा आधारभूत विद्यालयहरू चल्दैछन् । त्यसमा शिक्षकको दरबन्दी पर्याप्त छैन । त्यसको पूर्तिका लागि प्रत्येक विद्यालयमा शिक्षक दरबन्दी गर्छौं । हामीले कानून, नीति र निर्देशिका बनाएर दरबन्दीहरू स्थानीय तहबाटै भएपनि परिपूर्ति गर्ने तथा नगरपालिकामा नै नियमहरू बनाई नगरपालिका भित्रका सम्पूर्ण बाँकी रहेका समस्याहरू पूरा गर्छौं ।

**० प्रदेश सरकारको बेटी बचाउ बेटी पढाउ र बेटी बीमा कार्यक्रम कतिको लागू भएको छ ?**
– प्रदेश सरकारको बेटी बचाउ बेटी पढाउ र छोरी बीमा कार्यक्रम लागू भएको छ । अहिले हामी त्यसको तथ्यांक संकलन गर्दैछौं । खासगरी हामी सो कार्यक्रमअन्तर्गत दलित छात्राहरूलाई एक सय एक साइकल वितरण गरेका छौं ।

**० साइकल वितरण गर्दैमा यी कार्यक्रमहरू प्रभावकारी हुन्छ ?**
– यसले गर्दा त छोरीहरूलाई विद्यालय जान आउन सजिलो हुन्छ । प्रभावकारिताको हिसावले छात्रवृत्ति, शैक्षिक सामग्री लगायत दिने कार्यक्रमहरू पनि हुन्छ ।

**० छोरी बीमा कार्यक्रमअन्तर्गत कति छोरीहरूको बीमा भयो ?**
– अहिलेसम्म छोरीको बीमा कार्यक्रम सुरू भइसकेको छैन । अहिले यो कार्यक्रम प्रक्रियामा छ । माघदेखि जन्मेकी छोरीहरूको बीमा गर्ने प्रदेश सरकारको घोषणाअनुसार हामीले त्यसको तथ्यांक संकलन गरिरहेका छौं ।

**० तपाइँ निर्वाचनका बेला जनतालाई केकस्ता आश्वासन दिनुभएको थियो ?**
– मलाई अन्तिम समयमा पार्टीले टिकट दियो । त्यसैले मैले चुनावको बेला राम्ररी प्रचार प्रसार पनि गर्न पाइनँ । अन्तिम समयमा टिकट पाए पनि मैले त्यस्तो कुनै नारा पनि दिएको थिइनँ । मैले घरघरमा गएर मत माग्ने काम मात्रै गरेको थिएँ ।

## विश्व परिवेश

# वैश्विक र राष्ट्रिय परिदृश्यको दृष्टिबाट प्राचीनकालदेखि हालसम्म

परिदृश्य विश्वजगत्मा हुँदै आएका धेरै दृष्टान्तहरूपनि देखिएका छन् तर केहि यस्ता दातृराष्ट्रहरू पनि छन्, जसप्रति सहयोग प्राप्त गर्ने राष्ट्रले सदासहायता, समझदारी नदेखाई उल्टै विभिन्न प्रकारले त्यसको निरन्तर आलोचना, निन्दा गर्दै आए तापनि त्यस दातृराष्टले आफ्नो सहयोग प्राप्त गरेको राष्ट्र र त्यसका नेतृत्ववर्ग प्रति कडा रूप अपनाउनु पर्नेमा सो नगरी अन्धो जस्तो भएर निरन्तर सहयोग र अनुदान दिदै आएको छ ।

अर्को महत्वपूर्ण कुरा, दातृराष्ट्रले सहयोग गर्ने राष्ट्रमा आफ्नो भाषा साहित्य, संस्कृति, व्यावहार, संञ्चार, लोकचलन, सामाजिक परिवेश, ब्रत-त्योहार, लोक परम्परा, नाता–गोता रक्त-सम्बन्ध जस्ता महत्वपूर्ण पक्ष हेरेर सकभर ती क्षेत्र तथा ती क्षेत्रका जनजीवनले आभारी हुने प्रकारको सोच र दृष्टिकोण राखेर पनि सहयोग गर्ने सोच लिएको हुन्छ, जो उभय पक्षका लागि निरन्तर उपयोगि र लाभदायक हुने प्रकृतिको हुन्छ । त्यस्तो गर्नुको मुख्य उद्देश्य दातृराष्ट्रको छाप र दवाव पनि त्यस राष्ट्रमाथि रहिरहोस र प्राप्तगर्ने राष्ट्रपनि वफादार र आभारी रहोस भन्ने हुन्छ, जसलाई स्वाभाविक र सहि नै मान्नु पर्दछ । यस वाहेकका पनि समसामायिक अन्य थूप्रै पक्ष रहेका हुन्छन् जसलाई दातृराष्ट्रले सहयोग गर्ने राष्ट्र सम्बन्धमा पूर्व जानकारी लिएर तदनुरूप समय र परिस्थिति अनुरूप संञ्चालित र परिचालित समेत गरेको हुन्छ । द्धिपक्षीय बढ्दो संवेदनशील हुन्छ, किनकि त्यसमा अलिकति पनि फाटो वा वैमनस्यता देखिएमा स्थापित सम्बन्ध धेरै हतसम्म प्रभावित भै दुवै देशको जनजीवन स्तरमा समेत धेरै नकरात्मक प्रभाव समेत पर्न जान्छ । उर्ध्वलिखित विषयवस्तु तथा त्यससँग गाँसिएका मुद्दाहरूका दृष्टिकोणबाट हेर्दा नेपालले विश्वका अन्य देशहरूसँग जस्तो सचेतना अपनाएको देखिन्छ त्यस्तो सचेतना उदार दृष्टिकोण राख्ने देशसँग अपनाएको देखिएको छैन, जसलाई समयसमयमा विगतदेखि हालसम्म अवघटित हुँदै आएका घटना क्रमस तथा गतिविधिहरूको आधारबाट आकंलन गर्दा स्पष्ट हुन आउँछ । विश्वका अन्य देश र त्यहाँका दातृनिकायहरूप्रति रहेको दृष्टिकोण बारे समेत गहिरिएर हेर्दा स्थिति छर्लङ्ग हुन आउँछ । वैश्विक परिदृश्य र राष्ट्रिय परिदृश्यको दृष्टिबाट प्राचीनकालदेखि हालसम्मको अवस्थालाई नै हेर्ने हो भने भौगोलिक, सामाजिक, राजनितिक, सामञ्जस्यता, भाषिक ग्राह्यता जस्ता महत्वपूर्ण पक्षले द्धिपक्षीय सम्बन्धको स्थापना, विकास, र प्रगतिमा महत्वपूर्ण र अग्रणी भूमिका निर्वाह गरेको हुन्छ । अझ स्पष्ट रूपमा भन्ने हो भने प्राथमिक सम्बन्ध विस्तारको लागि यो अनिर्वाय र सबभन्दामहत्वपूर्ण तथा विशिष्टतापूर्ण पक्ष हो । यस दृष्टिबाट हेर्न हो भने विश्वका अन्य राष्ट्रसँग नेपालको द्धिपक्षीय सम्बन्ध विस्तार र स्थापना सबभन्दा पहिला छिमेकी मुलुक भारतसँग मात्र भएको हो र त्यस पछि भारतको सहयोगमा विश्वका अन्य देशहरूसँग भएको हो । शैक्षिक लादि अपरिहार्य भौगोलिक, सामाजिक, परिवारिक, पक्ष अग्रणी भएको आधारले गर्दा नेपालको छिमेकी मुलुक भारतसँग सबभन्दा पहिला सम्बन्ध स्थापित भएको थियो र भारतको सहयोगबाट नेपालको हरेक क्षेत्रको प्रगति भएको तथ्यलाई ईन्कार गर्न सकिन्न । शिक्षा, यातायात, सडक निमार्ण, दुरसञ्चार, श्रव्य -दृश्य आदिमाध्यमहरूको विकासमा भारतको भूमिका अग्रणी एवं उल्लेखनीय रहेको छ । सन् १९६३ सम्म (२०२१साल) नेपालमा शिक्षाको माध्यम नै हिन्दी भाषा रहेको थियो भने भारतको पटना विश्वविद्यालयको पाठ्यक्रमको आधार र पूर्वाधारहरूका आधारमा त्रिभूवन विश्वविद्यालय को स्थापना प्राय: सन् १९५५ई. पश्चात नै भएको थियो । महाविद्यालयहरू समेत प्रारम्भिक अवस्थामा पूर्वमा विराटनगर देखि जनकपूरधाम, वीरगंज र पश्चिममा भैरहवा तथा नेपालगञ्ज सम्म मात्र स्थापित गरिएका थिए भने विश्वविद्यालय लगायतका उल्लेखित नगरहरूका महाविद्यालयहरूमा अध्यान गर्ने अध्यापकहरू समेत भारतका हुने गरेका थिए र पूरै देशका विद्यार्थीहरूले आई.ए. र बी. ए को अन्तिम परीक्षा दिन राजधानी काठमाण्डूमा नै आउनु पर्दथ्यो - यो स्तम्भकारको प्रत्यक्ष अनुभूति हो, जसलाई त्रिभूवन विश्वविद्यालयको स्थापना कालको ऐतिहासिक आधारभूत पृष्ठभूमिबाट समेत पुष्टि गर्न सकिन्छ । यसबाट पनि स्पष्ट हुन आउँछ कि नेपालको विकाशमा भारतको योगदान अग्रणी रहेको छ । जसलाई नजरअन्दाज गर्न सकिन्न । आजको वैश्विक परिदृश्यकमा विश्वका हरेक राष्ट्रले आफ्नो स्थान बनाउन र परिचय कायम गर्न जे जति प्रयास गरेको छ, त्यसलाई ठुलो उपलब्धि मान्नु पर्दछ । त्यस्तै नेपालले विगतदेखि हालसम्म गरेको प्रगति र विकासलाई हेर्ने हो भने अतभूत प्रगति गरेको मान्न सकिन्छ । संस्कृतिको यो श्लोक विशेष मननीय छ :

"अर्थ निज: इति परवेति
इति गणना सघुचेतसाम
उदार चरितानां तु
वसुधैव कुटुम्वकम् ॥"

भावार्थ यो कि - यो आफ्नो, त्यो पराय, यस्तो धारणा राख्नु सुद्रताको परिचालक हो । सारा विश्व नै आफन्त हो सम्झनु नै उदारता हो र विशालताको परिचालक हो । त्यसैले बहुजन हितायको दृष्टिकोण राखेर अघि बढेमा नै विश्वमा सर्वत्र ख्याति र प्रसिद्धि प्राप्त गर्न सकिन्छ ।

निष्कर्षत : नेपालको तराई-मधेशको भू-भागले त्रेतायुगमा प्राचीन मिथिला राज्यको राजधानी जनकपूरधाम नरेश राजर्षि एवं ब्रहार्षि सिरध्वजजनका, उनकी अवतीर्ण पुत्री जगत -जननी जानकी वा सीता र तत्पश्चात लूम्विनीका गौतम बुद्ध नेपालका अग्रणी राष्ट्रिय रहनु भएकाले उनका सन्तान र वंशज नेपाल तराईका भू -भागमा बस्ने मधेशीहरू नेपालका आदिवासी प्राथमिक नागरिक हुन् । त्यस्तै तिनीहरूसँग सम्बन्ध भएका पूर्वमा मेची देखी महाकालीसम्मका विभिन्न भाषा–भाषीहरूका भाषाहरू क्रमश: मैथिली, भोजपुरी,अवधी र तिनीहरू सबैसँग सम्पर्क स्थापित गरी सम्बन्ध कायम गर्ने माध्यम बनेको हिन्दी भाषा समेत नेपाल भारत दुबै देशका साझा भाषाहरू हुन तर त्यस्तो अभिन्न संलग्नता भएकाहरू प्रति भारतले अझसम्म पनि आत्मीयता नजनाई तदनुरूपको सदासयता देखाउने खालका काम नगरी तिनलाई उचित सम्मान गरिनुबाट आफ्नै गरिमा र सम्मानलाई बिर्सिनु विस्मृतिको पराकाष्ठा भन्दा अत्युक्ति हुने छैन र त्यसलाई चेत नखुलाएर सम्मान दिने दातृराष्ट्रको संज्ञा दिदा अन्यथा भन्न सकिन्न ।

*–एजेन्सी*

# साहिलको प्रतिवेदन : जघन्य अपराधको खुलासा

– **मञ्जुर अहमद**

पकिस्तानस्थित एक गैरसरकारी संगठन 'साहिल' ले हालै एक प्रतिवेदन मार्फत पाकिस्तानमा प्रतिदिन १० जना जति कलिलो केटा–केटीहरू साथ अनुचित रूपमा यौन व्यवहार गर्ने गरिएको समाचार सार्वजनिक गरेको छ। त्यस संस्थाले ५वटा समाचारपत्रहरूमा प्रकाशित लेखका आधारमा सन् २०१८ मा त्यस्तो यौन दुर्व्यवहारको जम्मा संख्या ३८३२ रहेको मध्ये ५५ प्रतिशत केटीहरू रहेको समेत उल्लेख गरेकोलाई प्रख्यात अंग्रेजी दैनिक 'डान'ले आफ्नो सम्पादकीय मार्फत ज्यादै 'डरलाग्दा' उल्लेख गरेको छ। पाकिस्तानमा केटाकेटीहरू साथ यौन दुर्व्यवहारको घटना एक खुलस्त रहस्य रहेको छ। बहुत कमै पीडितले आफ्ना आमा बुआहरूसँग भन्ने गर्छन् र आमा बुवाहरू समेतले कानुन लागु गर्ने निकायहरूबाट खप्नुपर्ने पीडा र परेशानीका कारण समेत चुप लाग्नु नै वेश ठान्दछ ?अधिसंख्यक गरिब हने गरेका कारण कसैको सहयोग नपाउनुका साथै दोषी समेत उम्कने गरेकाले कमै घटना प्रकाशमा आउने गरेको छ। प्राप्त ज्यादै दुखदायी प्रतिवेदनप्रति प्रतिक्रिया व्यक्त गर्दै अंग्रेजी दैनिक 'द नेशनल' ले आफ्नो सम्पादकीयमा यसरी उल्लेख गरेको छ– 'प्राप्त दस्तावेज अनुसार केटाकेटीहरू ज्यादै शर्मनाक र चुनौतीपुर्ण वातावरणसम्म जीउनु परेको छ। केटा–केटीहरूप्रतिको दुर्भागयपूर्ण र दवावमूलक तथा चुनौतीपूर्ण अवस्था बारे राष्ट्रले केही गरेको छैन् ?केटाकेटीहरू साथ हुने घोर दुर्व्यवहारप्रति समुदायले पनि केही नगर्ने हामी कस्ता रहेका छौं ? बच्चाहरूप्रतिको यौन दुर्व्यवहार एक गम्भीर मुद्दा हो जसले पीडितहरूको मनमस्तिष्कलाई नराम्ररी स्थायी रूपमा प्रभावित मात्र गर्दैन कि केटा र केटीहरूको शारीरिक पीडा र घाउ समेत माथि मानसिक क्षति पुऱ्याउँछ। सम्पादकीयमा अगाडि बाल दुर्व्यवहार जस्तो अपराधलाई समाजले अवरोध ठान्नु 'दुर्भागयपुर्ण र ज्यादै दुःखद' समेत बताएको छ। आमा–बुआ र परिवारहरूका ठुलाबडाहरू समेतले आ–आफ्ना केटा–केटीहरूलाई त्यस्तो दुर्व्यवहारहरूका सम्बन्धमा नत शिक्षा दिने गरेका छन् नत त्यस्ता दुर्व्यवहार तथा अपराधहरू परिवारहरूभित्र र छिमेका समेत हुन दिनु हुँदैन भन्ने सम्बन्धमा सजगता देखाउने र त्यस्तो हुन नदिनेप्रति सतर्कता अपनाएका छन्। साहिल गैरसरकारी संस्थाले गरेको अध्ययन पश्चात् देखाएको प्रतिवेदनमा केटा–केटीहरू साथ गरिने यौन दुर्व्यवहार सबभन्दा खतरनाक र दुखद रहेको छ भने त्यस्ता अपराधिक गतिविधिबाट ३३ प्रतिशत केटाकेटीहरू पीडित रहेको उल्लेख गरिएको छ। प्रतिवेदन अनुसार बहुसंख्यक घटना ६३ प्रतिशत पंजावको रहेछ भने त्यसपछी ३४ प्रतिशत पाक अधीनस्थ कश्मीर, २७ प्रतिशत सिन्ध रबाँकी अन्य प्रन्तहरूको रहेकोछ। अध्ययन प्रतिवेदन अनुसार बच्चाहरूको अपहरण–अपराध–९२३, पुरूष मैथुन–५८९, बलात्कार–५३७, बच्चाहरू हराउने–४५२, बलात्कारको प्रयास गर्ने ३४५, समूहगत पुरूष मैथुन–२८२, समूहगत बलात्कार–१५६ र केटा–केटीमा विवाह–९९ रहेको छ। २०७१ को तुलनामा २०१८ मा पुरूष मैथुनको सख्यामा ६१ प्रतिशत र बलात्कारमा १५ प्रतिशत बृद्वी भएको देखाईएको छ। अध्ययन अनुसार ८६ प्रतिशतं घटना प्रहरीमा दर्ता गर्न अस्वीकार गरेको थियो भने ५६वटालाई प्रहरीले दर्ता गर्न अस्वीकार गरेको थियो र त्यस्तै ३९ वटा घटना प्रहरीले दर्ता नगरी त्यसै राखेको थियो। प्रख्यात अंग्रेजी दैनिक 'डान' ले आफ्नो एक सम्पादकीय मार्फत यसरी उल्लेख गरेको थियो– 'कुनै संख्यासंग नरहेका अधिकाँश बच्चाहरूलाई बुजुर्वाहरूलाई प्रश्न नगरी तिनीहरूको आदेश पालन गरी चुप लागेर त्यसै बसिरहन सिकाएको थियो। खास गरीकन त्यो संस्कृतिका लागि शर्मनाक प्रसंग भएको कारणले गर्दा ? अधिकांश त्यस्ता यौन दुर्व्यवहार र हिंसाका घटनाहरूका संचालक पीडित केटा–केटीका परिवारहरूका सुपरीचित व्यक्ति तथा सदस्यहरू नै रहनेगरेका छन्।



सीप सिकौं, पुनर्निर्माणमा योगदान गरौं !

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको समन्वयमा विभिन्न संघ/संस्थाले गाउँगाउँमा डकर्मी, सिकर्मी तालिम दिइरहेका छन् । त्यस्ता तालिममा सहभागि भई सीप सिकौं, पुनर्निर्माणमा योगदान गरौं । जीविकोपार्जनमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## लोकसेवा आयोगले संविधान मिच्यो : साह



काठमाडौं । स्थानीय तहको कर्मचारी भर्ना सम्बन्धि लोकसेवा आयोगले भर्खरै निकालेको विज्ञापनप्रति नेपाल कम्युनिष्ट पार्टीका प्रदेश २ अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य प्रभु साहको गम्भीर ध्यानार्कषण भएको छ । अध्यक्ष साहले लोकसेवा आयोगले संविधान र कानूनविपरीत कार्य गरेको आरोप लगाएका छन् । उनले जनताको लामो सङ्घर्ष, त्याग र बलिदानीको प्रतिफलको रूपमा प्राप्त समानुपातिक समावेशी प्रतिनिधत्वको अधिकारलाई संविधानमा नै ग्यारेन्टी गरि निजामति ऐन मार्फत विगत कयौं वर्षदेखि व्यवहारिक अभ्यास समेत गर्दै आइरहेको सन्दर्भमा लोक सेवा आयोगले त्यसको मर्म र भावना विपरीत निकालेको विज्ञापनलाई कुनै पनि हालतमा सही मान्न नसकिने जिकिर गरेका छन् । अध्यक्ष साहले एक विज्ञप्ति जारी गरी, 'यसले नेपालको संविधान २०७२ को धारा ३८(४), ४०(१), ४२(१) र धारा २८५ ले प्रत्याभूत गरेको महिला, दलित, मधेशी, थारू, जनजाति, मुश्लिम, पिछडावर्ग समेतलाई राज्यको निकायहरूमा समानुपातिक समावेशी हुन पाउने मौलिक हकमा अघात पुगेको छ ।' उल्लेख गरेका छन् ।

## जिल्ला समाचार

### कर्मचारी हेरफेरले समस्या

राकेश यादव, रौतहट । संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयको कर्मचारी हेरफेर गर्ने पुरानै रवैयाको कारण गौर नगरपालिकाका विकास निर्माणको कार्य लगायतका विभिन्न किसिमको योजना तथा आगामी आर्थिक वर्षको नगर सभा समेत प्रभावित हुने भएका छन् । कर्मचारी समायोजन ऐन र स्थानीय सरकार सञ्चालन ऐन अनुसार प्रत्येक स्थानीय तहमा उपसचिव स्तरको प्रमुख प्रसाशकीय अधिकृत रहने व्यवस्थालाइ कुचल्दै मन्त्रालयले स्थानीय निकायका कर्मचारीलाइ सो को जिम्मेवारी दिने गरेको कारण स्थानीय तहका काम काज प्रभावित हुने संकेत देखापरेका छन् । विगत देखि व्यवस्थित रूपमा कार्य गर्दै आएका निजामती सेवाका उपसचिव स्तरका प्रमुख प्रसाशकीय अधिकृत सुमन कुमार कार्कीलाइ मन्त्रालयका सचिवले मन्त्रिको इशरामा आर्थिक मसान्तको अंतिममा सरूवा गरी कानून विपरीत स्थानीय निकायका कर्मचारीलाइ निमित प्रमुख प्रसाशकीय अधिकृतको जिम्मेवारी तोकेर पठाएपछि गौर नगरपालिकाले हाजिर नगराउने निर्णय समेत गरेकोले विकासका योजनाहरू प्रभावित हुने सम्भावना बढेर गएको छ ।

### आगालागीमा १५ घर खरानी

नेपालगञ्ज । नरैनापुर गाउँपालिका आगलागी हुंदा १५ वटा घर जलेर नष्ट भएको छ । जिल्लाको सबैभन्दा बढी दुर्गम मानिने ननैनापूर गाउँपालिकाको वडा नम्बर १ कटकुइया गाउँमा आगालागी हुँदा १५ वटा घर जल्दा करिब २० लाख रूपैयाँ बराबरको क्षति भएको जनाइएको छ । आगालागी नियन्त्रणका लागि गाउँपालिकामा राखिएको दमकलको सहायताले गर्दा गाउँका अरू घर जल्नबाट जोगिएको हो ।

### साना योजना स्थानीय तहले सञ्चालन गर्ने

विराटनगर । प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले सरकारले साना र कम महत्वका योजना सञ्चालन नगर्ने बताएका छन् । उनले सानो योजना स्थानीय तहले सञ्चालन गर्ने जानकारी दिएका छन् । मुख्यमन्त्री राईले जनस्तरबाट माग भएर आउने साना योजना स्थानीय तहबाट कार्यन्वयन गर्ने गरी बजेट उपलब्ध गराउने जानकारी दिए । प्रदेश सरकारले आफ्नो आवधिक योजनाको प्रस्तावना स्वीकृत गरिसकेकाले सोही योजनाको जगमा उभिएर प्रदेशका प्राथमिकताको क्षेत्र निर्धारण गरेको र त्यसैअनुरूप बजेट ल्याउने जानकारी दिए ।

### रोजगार सेवाकेन्द्र स्थापना

रूपन्देही । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सैनामैनामा रोजगार सेवा केन्द्र स्थापना भएको छ । प्रधानमन्त्री रोजगार सेवा केन्द्र स्थापना भएसँगै सैनामैना नगरपालिकाले अभिमुखीकरण सुरू गरेको छ । सैनामैना नगरपालिकाको वडा नं. १, २, ३, ४ र ५ मा अभिमुखिकरण कार्यक्रम सुरू भएको हो । रोजगारको हकसम्बन्धी ऐन २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरूको पहिचान र सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभमूति गरिने व्यवस्था गरेको छ ।

### किसानलाई बोयरका बोका वितरण

कपिलवस्तु । बुद्धभूमि नगरपालिकाले किसान समूह तथा फर्महरूमा नश्ल सुधारका लागि २२ वटा बोका वितरण गरिएको छ । ५० प्रतिशत बोयर जातको बाख्रामा हुनु पर्ने गुण भएको बोका खरिद गरी पशु सेवा शाखाबाट वितरण गरिएको छ । जिल्लाको उत्तरी तथा चरन क्षेत्रमा उन्नत रूपले बाख्रापालन गरेका किसानहरूका लागि नश्ल सुधार गरी थप उत्पादन बढाउन बोका वितरण गरिएको नगर प्रमुख केशव कुमार श्रेष्ठले बताए । नगरपालिकाले किसानहरूका लागि सूचना प्रकाशित गरी मागमा आधारित निवेदनको आधारमा २२ जना किसानहरूका लागि वितरण गरिएको श्रेष्ठले बताए । सो अवसरमा नगर उपप्रमुख मिरा थारूले अनुदानमा प्राप्त बोकाबाट उत्पादन दिने र त्यसको राम्रोसँग पालन पोषण गर्नु पर्ने बताइन् । १० लाखको योजनामा सूचना प्रकाशन र टेण्डरको आधारमा किसानहरूको आयस्तर बृद्धि गर्नका लागि बोका तिरण कार्यक्रम गरिएको प्रमुख प्रशासकीय अधिकृत मेघनाथ पाध्याले बताए ।

### हार्डवेयर सामानहरू बरामद

कैलाली । जिल्लाको धनगढी उपमहानगरपालीका ९ जुगेडा ईलाकाबाट एपीएफ टोलीले करीब ३ लाख २७ हजार रूँपैया बराबरको चोरीपैठारीको हार्डवेयर सामान बरामद गरेको छ । भारतबाट अवैध रूपमा भन्सार छलि नेपालतर्फ ल्याउदै गरेको उल्लेखित रूँपैया बराबरको उक्त हार्डवेयरका सामान सशस्त्र प्रहरी बल नेपाल, नम्वर ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । एपीएफ टोलीले बरामद सामान आवश्यक कारवाहीका लागि स्थानीय भन्सार कार्यालयमा बुझाइएको छ ।

### जनचेतनामूलक कार्यक्रम सम्पन्न

बाँके । कोहलपुर नगरपालिकाका प्रमुख लुट बहादुर रावतको प्रमुख आतिथ्य तथा नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष प्रमिला खनालको अध्यक्षतामा समुदाय(प्रहरी साझेदारी अन्तर्गत लागूऔषध, घरेलु तथा यौनजन्य हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम नेपालगंजको कोहलपुरमा बुधबार सम्पन्न भएको छ । नेपाल प्रहरी श्रीमती संघ तथा आसरा सुधार केन्द्र काठमाडौंको संयुक्त आयोजना र अग्रसरतामा सम्पन्न उक्त जनचेतनामुलक कार्यक्रममा कोहलपुरस्थित लक्ष्मी माध्यामिक विद्यालय, कृष्ण माध्यामिक विद्यालय, जन ज्ञान ज्योती माध्यामिक विद्यालय, ज्ञान ज्योती माध्यामिक विद्यालय, सिद्धार्थ माध्यामिक विद्यालय र सगरमाथा ज्ञान कुन्जका विद्यार्थीहरू, नागरिक समाज, मानव अधिकारकर्मी तथा स्थानीय महिला संजालका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

### नक्कली नेपाली नोटसहित पक्राउ

रौतहट । एक हजार दरका नक्कली नेपाली नोट २ लाख सहित २ जनालाई कटहरिया नगरपालिका ५ कटहरिया बजारबाट मंगलबार बेलुका प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका ७ बस्ने ६१ वर्षीय जियालाल महतो र मौलापुर नगरपालिका ७ बस्ने ४० बर्षीय विहारी साह रहेका छन् । प्रदेश २ प्रहरी कार्यालय जनकपुर र ईलाका प्रहरी कार्यालय कटहरिया रौतहटबाट खटिएको संयुक्त प्रहरी टोलीले उक्त स्थानमा शंकास्पद तवरले हिँडिरहेका उनीहरूलाई जाँच गर्दा जियालाल र विहारीको साथमा उक्त नक्कली नोट एक हजार दरका १र१ लाख फेला पारी पक्राउ गरेको हो ।

### चाँदीका गहनासहित यादव समातिए

पर्सा । वीरगंज महानगरपालिका ८ बाट चाँदीका गहना सहित बहुदरमाई नगरपालिका १ का ३२ बर्षीय मनोज यादवलाई सोमबार बेलुकी जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले पक्राउ गरेको छ । सोही ठाउँस्थित सन्ध्या डिलक्स बस काउन्टर अगाडि रात्री बसमा काठमाडौंतर्फ लैजानको लागि राखिएको इन्भर्टर शंका लागि जाँच गर्ने क्रममा इन्भर्टरभित्र लुकाई राखिएको करिव १ लाख ५४ हजार ६ सय २२ रूपैयाँ बराबरको करिव ३ किलो ८ सय ग्राम बराबरको चाँदीका गहना सहित यादवलाई प्रहरीले पक्राउ गरेको हो । यादवलाई थप अनुसन्धान तथा आवश्यक कारवाहीको लागि बरामद गरिएको चाँदी सहित वीरगंज भन्सार कार्यालयमा बुझाइने जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### लघुवित्तको अहम भूमिका : मेयर श्रेष्ठ

कपिलवस्तु । बुद्धभूमी नगरपालिका नगर प्रमुख केशव कुमार श्रेष्ठले गाउँ गाउँमा खोलिएका लघुवित्त संस्थाहरूले महिलाहरूको क्षमता विकास र आर्थिक विकासमा टेवा पुऱ्याएको बताएका छन् । आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेडले गोरूसिंगेमा राखेको केन्द्र प्रमुख तथा उपप्रमुखहरूको अभिमुखिरण कार्यकममा बताएका हुन् । साथै श्रेष्ठले महिलाहरूको क्षमता विकास र महिलाहरूको नाममा आर्थिक कारोबार हुँदा महिलाहरूको सशक्तिकरण हुने हुँदा यस्ता संस्थाहरूले थप महिलाहरूको क्षमता विकास र सामाजिक विकासमा योगदान दिनु पर्ने बताए । साथै संस्थाहरूले स्थानीय सरकारसँग योजना तथा कार्यक्रम जानकारी गराई नगरसँग सहकार्य गरेर समेत थप कार्यक्रम गरेमा प्रभावकारी हुने बताए । कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत डोलराज केसीले संस्थाले ग्रामिण क्षेत्रमा आर्थिक लगानीका साथै सामाजिक विकासमा समेत हातेमालो गरिरहेको बताए । स्थानीय सिता खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा एक सय बढी संस्थाद्वारा खोलिएका समूहका प्रमुख तथा उपप्रमुखहरूको सहभागिता रहेको थियो । सोही अवसरमा वित्तीय साक्षरता सम्बन्धी कार्यकम पनि संचालन गरिएको छ ।

### विद्यार्थीलाई जनचेतनामूलक कार्यक्रम सम्पन्न

रूपन्देही । समुदाय-प्रहरी साझेदारी अवधारणा अन्तर्गत बुटवलको दियालो फुडल्यान्डमा जनचेतनामूलक कार्यक्रम आइतबार सम्पन्न भएको छ । नेपाल प्रहरी श्रीमती संघ र आसरा सुधार केन्द्र, रानीबारीको संयुक्त आयोजनामा रूपन्देहीस्थित कान्ति मावि, उजिर सिंह मावि र कालिका मानव ज्ञान माविमा अध्ययनरत विद्यार्थीहरूलाई उक्त जनचेतनामूलक कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष प्रमिला खनालले बढ्दो शहरीकरण र आधुनिकीकरणसँगै लागूपदार्थ दुर्व्यसन, घरेलु हिंसा, मानव बेचबिखन, सामाजिक संजालको दुरूपयोगबाट हुने विद्युतिय अपराधहरू बढ्दै गइरहेकोले यस्ता अपराधबाट सचेत रहनुपर्ने बताइन् ।

### हर्षोल्लासका साथ ईद-उल-फितर मनाइयो

नेपालगन्ज । मुस्लिम धर्मावलम्बीले हर्षोल्लासका साथ इद उल फितर मनाएका छन् । आपसी सदभाव र शान्तिको कामना गर्दै बाँकेमा मुस्लिम समुदायले बीपी चोकमा रहेको इदगाहमा पुगेर सामूहिक रूपमा नवाज पढेका थिए । अरबी पात्रोअनुसार नवौं महिनाको अन्तिम दिन चन्द्रमा देखिएपछि रोजा समाप्तिको खुसीयालीमा बुधबार इद उलफित्र मनाइएको हो । मस्जिद तथा इदगाहमा महिला, पुरूष, बालबालिका सबै जम्मा भएर नवाज पाठ गरी बधाई, शुभकामना आदानप्रदान गरी एकापसमा गला मिलाएर इद मिलनको खुसी साटासाट पनि गरेका छन् ।


राज्यको नेतृत्व तहमा पुग्ने रहर गर्नेले मुलुकको उन्नति र जनताको समृद्धिबाट सन्तोष लिने हो। तर, त्यस किसिमको सोच, अक्कल र क्षमता नभएपछि नेताको लक्ष्य आफ्नो र आसेपासेको भौतिक उन्नतिमा टुङ्गिन्छ। असफल नेताले पटक-पटक सत्ताका लागि दाम्लो चुँडाउनुको यौटा कारण यो पनि हो। **सूर्यराज आचार्य**


अब यो मुलुकमा रजस्वला उत्सव मनाउने दिन नै आएछ। आशा गरौं बार्ने र छाउगोठ प्रथाको अन्त्य होस् मधेशमा पूजापाठ बाहेक केही बारिदैन बरो सहज रूपले लिइन्छ। तर अभियन्ताहरूले मधेशमा महिनावारीलाई बिमारीको रूपमा लिइन्छ भन्ने जस्ता गलत प्रचार नगर्नु। **मञ्चला झा**


नेपालको संविधान २०७२ को धारा ३८ (४), ४० (१), ४२ (१) र धारा २८५ ले प्रत्याभूत गरेको महिला, दलित, मधेशी, थारू, जनजाति, मुस्लिम, पिछड़ा वर्ग समेतलाई राज्यका निकायहरूमा समावेशी समानुपातिक तवरले सहभागी हुन पाउने मौलिक हक कार्यान्वयनमा वा किन्तु परन्तु हुँदैन। **मोहना अन्सारी**


मधेश केन्द्रित सत्तासिन समाजवादी पार्टी र प्रदेशमा सत्तासिन अर्को मधेश केन्द्रित राष्ट्रिय जनता पार्टीले स्थानीय तहको लोक सेवा विज्ञापनबारे विज्ञप्ती नौटंकी गरिरहेको भएता पनि मधेशी सांस्दहरूकै निर्णयका अधारमा उक्त विज्ञापन आएको खुलेको छ। **विरेन्द्र के.एम**


बलात्कारीलाई कठोर सजाँय दिने कानुन ल्याउँदा पुरूषले आफू बिरूद्ध सोच्ने ? भ्रष्टाचारीलाई कठोर सजाँय दिने कानुन ल्याउँदा नेता कर्मचारीले आफू विरूद्ध सोच्ने ? गलत समाचार लेख्नेलाई सजाय दिने कानुन ल्याउँदा पत्रकारले आफू विरूद्ध ल्याइएको सोच्ने ? त्यसो भए कानुनी राज किन चाहियो ? **निर्मला ढकाल**


लोकसेवा आयोगद्वारा स्थानीय तहमा निकालिएको विज्ञापन राज्य व्यवस्था समितिमा छलफल भएपछि मात्रै अगाडि बढेको हो। यो छलफलमा मधेशका नेताहरूको पनि सहभागिता रहेको थियो। त्यहाँ कसरी पारित भयो ? किन रोक्न सकेन ? आज किन विरोध गरी रहेका छन् ? यो दोहरो चरित्र किन प्रर्दशन गरी रहेका छन् ? **विकास ठाकुर**


लोकसेवा आयोगले स्थानीय तहमा कर्मचारी पदपूर्तिका लागि समानुपातिक समावेशी सिद्धान्तलाई बाइपास गरी संविधानलाई चुनौती दिएर जून विज्ञापन गरेको छ त्यो निश्चय नै लोकसेवा एक्लैले त्यस्ता साहस देखाउन सकिदैन यो सत्ताधारीको मिलोमतोमा जसरी पनि मधेशी युवाहरूलाई खाडी पलायन गर्ने स्वदेशमा रोजगारी गर्न नदिने उदेश्यका साथ विज्ञापन गरिएको छ। **प्रशान्त झा**


काठमाडौंका मधेशीहरूको वकालत गर्न आउँछ तर तराई र मधेशका विकट परिस्थितीमा रहेका मधेशीहरूलाई कसले देख्ला र ? सिरहाको गोलबजार नगरपालिकाका वडा ९ भुकुवाका विश्वकर्मा बस्तीका बासिन्दाहरू पोखरीको पानी पिउन बाध्य छन। त्यहीं पोखरीमा भैंसी धोईन्छ त्यहीं पोखरीको पानी भान्सामा लगिन्छ। **बिटु मिश्र**

## कानूनी उपचार...

सय ६१ जनशक्तिमध्ये ४५ प्रतिशत समावेशी समूहका लागि बनाउनुपर्नेमा त्यो हुन नसकेपछि विरोध भएको हो। यसअघि लोकसेवाले विज्ञापन आह्वान गरेको भए ९ हजार १ सय ६१ जनशक्ति आह्वान गर्दा ४ हजारभन्दा बढी समावेशी समूहका लागि छुट्याउनुपर्ने थियो। तर अहिलेको विज्ञापनअनुसार जम्मा २ हजार २ सय हाराहारी मात्रै समावेशीको भागमा परेको छ। समावेशीमध्ये पनि महिलातर्फ बढी सिट छुट्याइएको छ। अन्य समूहका लागि मागिएको संख्या भने न्यून छ।

लोकसेवा आयोगले प्रचलित ऐनको बदनियतपूर्ण प्रयोग मात्रै होइन, संविधानलाई अपव्याख्या गर्दै यसको मर्ममा प्रहार गरेको छ। यस्ता कदम घरीघरी दोहोऱ्याएर सीमान्तकृत समुदायलाई आन्दोलित बनाउनु देशका लागि घातक छ। यसो गर्नु द्वन्द्वको नयाँ बीउ रोप्नु होर। अझ संवैधानिक निकायले यसो गर्नु राम्रो संकेत पटक्कै होइन। अहिलेको संविधानमै समानता र सामाजिक न्यायको सिद्धान्तलाई स्वीकार गरिएको छ। तर, लोक सेवा आयोगले गरेको हालको विज्ञापनले संविधान, समावेशीकरण र सामाजिक न्यायको सिद्धान्तको मूल मर्मलाई नै नकारेको देखिन्छ।

सीमान्तकृत समुदायलाई देश पनि हाम्रो राज्य पनि हाम्रै हो भन्ने अनुभूति दिलाउन राज्यको हरेक संयन्त्र लाग्नुपर्छ। त्यसका लागि राज्यद्वारा प्रवर्धित बहिष्करण र जालझेलको अन्त्य हुन आवश्यक छ। आयोग पदाधिकारीको बालहठले यो संवैधानिक निकायको बदनाम मात्र हुन्छ। तसर्थ, विज्ञापन सुधार गर्नुको विकल्प छैनर।

## बजेटले मधेशलाई...

नीति के हुनुपर्छ भने ब्युरोक्रेसीमा फर्स्ट ग्रेडको माइन्ड मात्रै हुनुपर्छ। फर्स्ट ग्रेडको माइन्ड विदेश गइहाल्छ, थर्ड ग्रेडको माइल्ड ब्युरोक्रेसीमा आइसकेपछि त्यसले बनाउने योजना, उनीहरूले गर्ने खर्च त्यसले त स्वाभाविकरूपमा राम्रो हुँदैन। त्यसैले, जति प्रभावकारी हुनुपर्ने हो त्यति प्रभावकारी हुँदैन। त्यसकारणले राज्यको नीतिमा समस्या छ। थर्ड ग्रेडको माइन्डलाई मात्रै ब्युरोक्रेसीमा प्रवेश गराउने जुन कल्पना गरिएको त्यसले अपेक्षाकृत काम भइरहेको छैन।

यसपटकको बजेटले नेपालमा समृद्धिको ढोका खोल्ने परिकल्पना गरेको छ। नेपाल समृद्ध नहुने कुनै कारण नै छैन। नेपाललाई समृद्ध बनाउनका लागि हरेक पूर्वाधारहरू छन्। तर, त्यसका लागि राज्यको प्रतिबद्धता, राजनीतिक प्रतिबद्धता र काम गर्ने वातावरण छैन। बजेटमा सबैतिर सन्तुलित भएको देखिन्छ। चुनौती कहाँनेर छ भने यसको आकार ठूलो भयो। आकार ठूलो भएपछि यसले परिणाम ल्याउँछ कि ल्याउँदै भन्ने प्रश्न मात्रै छ।

# दिल्लीमा नेपाल-भारत रेल सेवा सम्झौताको तेस्रो बैठक



काठमाडौं। नेपाल-भारत रेल्वे सम्झौताको विस्तृत पुनरावलोकनको तेश्रो बैठक नयाँ दिल्लीमा सुरू भएको छ। सन् २००४ मा भएको रेल सेवा सम्झौताको यो तेश्रो बैठक बसेको हो। रेला सेवा सम्झौता भएको डेढ दशकको अवधिमा २००९मा पहिलो र २०१२ मा दोश्रो बैठक बसेको थियो। दिल्लीको केन्द्रीय सचिवालय, रायसीना रोडस्थित भारतीय रेल मन्त्रालयमा सुरू भएको द्विपक्षीय बैठकमा मुख्य रूपमा नेपाल र भारतबीच रेल कनेक्टिभिटिको समग्र विषयमा समीक्षा हुँदैछ। मुख्य रूपमा बल्क कार्गोको आप्रवाहलाई सहज, सरल, द्रूत र मितव्ययी बनाउने विषयमा छलफल हुँदैछ। यसका प्राविधिक विषयमा पनि छलफल हुने बैठकमा सहभागी हुने एक अधिकारीले जानकारी दिए।

निर्माण सम्पन्न जनकपुर-जयनगर खण्डको लागि भारत सरकारले नेपाललाई अनुदान सहयोग वापत दिएको बग्गी हस्तान्तरणदेखि, कार्गो आप्रवाह सेवालगायत थप लाइन विस्तारसम्मका समग्र विषयमा यो बैठकमा समीक्षा हुने बुझिएको छ। त्यसैगरी रक्सौलदेखि काठमाडौं रेलसेवा विस्तार योजनाको सम्भाव्यता अध्ययनका विषयमा पनि बैठकमा छलफल हुँदैछ।

यसका अतिरिक्त विशाखापटनम बन्दरगाहलाई प्रयोग गरेर हुने बल्क कार्गो आप्रवाह सहज गराउने विषयमा पनि कुरा राख्ने नेपाली पक्षले जनाएको छ। बैठकमा नेपालका तर्फबाट उद्योग तथा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नवराज ढकाल नेतृत्वको टोली रहेको छ भने भारतका तर्फबाट भारतीय रेल्वे बोर्डका कार्यकारी निर्देशक मनोजकुमार नेतृत्वको टोली सहभागी छ। बैठक शुक्रबारसम्म चल्नेछ।

## मुक्तिनाथमा भारतीय तीर्थयात्रीको संख्यामा वृद्धि



काठमाडौं। पछिल्ला वर्षमा मुक्तिनाथ आउने भारतीय तीर्थयात्री बढेका छन्। सन् २०१७ मा २४ हजार ८८८ ले मुक्तिनाथ दर्शन गरेका थिए। अर्को वर्ष उक्त संख्या बढेर ३३ हजार २०० पुगेको थियो।

सन् २०१९ को पाँच महिनामा २० हजार ११९ भारतीयले मुक्तिनाथ भ्रमण गरेका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), इलाका संरक्षण कार्यालय जोमसोमका अनुसार मे महीनामा मात्र नौ हजार ३७२ मुक्तिनाथ आएका थिए।

दोस्रो पर्यटकीय यामसम्ममा भारतीय तीर्थयात्रीको संख्या गत वर्षभन्दा धेरैले बढ्ने अनुमान गरिएको छ। मुक्तिनाथ घुम्ने विदेशी पर्यटकमा सबैभन्दा बढी भारतीय छन्।

मुक्तिनाथ दर्शनले मोक्ष प्राप्ति र मनोकांक्षा पूरा हुने जनविश्वास छ। हिन्दू धर्म मान्ने भारतीयले मुक्तिनाथलाई पवित्र तीर्थस्थलका रूपमा लिन्छन्।

पछिल्ला आठ वर्षमा डेढ लाख बढी भारतीय तीर्थयात्रीले मुक्तिनाथ क्षेत्र घुमेको आँकडा छ। भूकम्प गएको वर्ष सन् २०१५ मा सबैभन्दा कम आठ हजार ४५९ ले मुक्तिनाथ भ्रमण गरेका थिए।

## बजेटमा आधारभूत रूपमा परिवर्तन आवश्यक : चौधरी



काठमाडौं। नेपाल कांग्रेसका प्रतिनिधिसभा सदस्य तथा उद्योगी विनोद चौधरीले नेपालको बजेटको संरचनामा आधारभूत रूपमा परिवर्तन गर्नुपर्ने आवश्यक रहेको सुझाव दिएका छन्।

मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद चौधरी 'समृद्ध नेपाल निर्माणको अभियानलाई अगाडि बढाउन जुन प्रकारको बजेटको स्ट्रक्चर हुनुपर्ने हो, त्यसमा आधारभूत फन्डामेन्टल चेन्ज गर्नुपर्ने तर्क गरेका छन्। गतिशील अर्थतन्त्रका लागि विकास खर्च ६० प्रतिशत र चालु खर्च ४० प्रतिशत हुनुपर्ने सर्वमान्य नियम भए पनि आगामी आर्थिक वर्षको बजेटमा चालु खर्च ६६ प्रतिशत र विकास खर्च २३ प्रतिशत मात्र देखिएको चौधरीले बताए।

देशमा आएको ठूलो राजनीतिक परिवर्तनले पनि जनतालाई फाइदा हुन नसकेको भन्दै उनले विनियोजन गरिएको विकास खर्च गर्ने क्षमता पनि सरकारमा नदेखिएको टिप्पणी गरे।

उनले मुलुक राजस्वले चालु खर्च पनि धान्न नसक्ने दुष्चक्रमा फस्दै गएको बताएका छन्। रेमिट्यान्सको रकमका कारण बढेको आयातमा धान्न नसक्ने गरी कर लगाएर सरकार चलिरहेको उनको भनाइ छ।

## बुद्ध एयरको जनकपुर उडान थप

जनकपुरधाम। जनकपुर विमानस्थलबाट रात्रिकालीन उडान सुरू भए पछि बुद्ध एयरले आफनो उडानको संख्या थपेको छ। रात्रिकालीन उडानका लागि आवश्यक पर्ने आईएफआर र एयर फिल्ड लाइटिङ प्रणली जडान भएपछि बुद्धले उडान सुरू गरेको हो।

विमानस्थलमा रात्रि उडान गर्न मिल्ने भएपछि नेपालको निजी क्षेत्रको अग्रणी हवाइसेवा प्रदायक कम्पनी बुद्ध एयरले उडान संख्यामा वृद्धि गरेको छ। यसअघि बुद्धले काठमाडौं-जनकपुर दैनिक दुई उडान गर्दै आएको थियो। रात्रिकालीन उडान गर्न मिल्ने भएपछि जुन १ तारिखदेखि बुद्धले दैनिक १ उडान थप गरेको हो। बुद्धले हाल काठमाडौं-जनकपुर दैनिक ३ र जनकपुर-काठमाडौं दैनिक ३ उडान गर्दै आएको छ।

यात्रुको समस्यालाई मध्यनजर गर्दै बिहान, दिउँसो र बेलुका उडान सुरू गरेको बुद्धका बजार निर्देशक रूपेश जोशीले जानकारी दिए। उनका अनुसार जनकपुरको तीनवटै उडानमा ७२ सिट क्षमताको एटीआर विमानले उडान गर्नेछ।

## भारतीय विदेशमन्त्रीलाई देउवाको शुभकामना

काठमाडौं। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भारतीय विदेशमन्त्रीमा नियुक्त भएका एस जयशंकरलाई बधाई दिएका छन्। भारतीय दूतावासमार्फत बधाई सन्देश पठाउँदै देउवाले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले वैदेशिक मामिलामा नयाँ उचाइ लिने विश्वास रहेको बताएका छन्। देउवाले विदेश सचिव रहेका बेला जयशंकरसित भएका बैठकमा प्रस्तुत व्यक्तिगत ज्ञान र क्षमता स्मरण गरेको उल्लेख पनि गरेका छन्। 'तपाईंको विदेशमन्त्रीको कार्यकालमा नेपाल र भारतबीचको सम्बन्ध अझै बलियो हुनेमा आशावादी छु,' देउवाले सन्देशमा भनेका छन्।

## आर्थिक समाचार

### आइएमई लाइफ इन्स्योरेन्स र गरिमा विकास बैंकबीच सम्झौता

काठमाडौं। आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र गरिमा विकास बैंक लिमिटेड काठमाडौंबीच बैंक अस्योरेन्स सम्झौता भएको छ। उक्त बैंक अस्योरेन्स सम्झौतामा इन्स्योरेन्स कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्ट र गरिमा विकास बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गोविन्द प्रसाद ढकालले हस्ताक्षर गरेका छन्। सो बैंक अस्योरेन्स सम्झौतापश्चात् सर्वसाधारण तथा बैंकका ग्राहकहरूले गरिमा विकास बैंक लिमिटेडको कुनै पनि शाखाबाट छिटो, छरितो र सहज रूपमा आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको जीवन बीमा गराउनका साथै जीवन बीमा सम्बन्धी जानकारी प्राप्त गर्न सक्नेछन्। आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले हाल ७६ शाखाहरू मार्फत सेवा प्रदान गर्दै आइरहेको छ भने विभिन्न १० वटा योजनाहरू बजारमा ल्याएको छ।

### ग्लोबल आइएमई बैंकको रू ५ लाख

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकको संस्थागत सामाजिक उत्तरदायित्व शीर्षकअन्तर्गत नेपाल प्रहरीको समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत महानगरीय ट्राफिक प्रहरी महाशाखालाई भवन निर्माणका लागि रू ५ लाख सहयोग गरेको छ। आइतबार आयोजित एक कार्यक्रममा बैंकका का.मु. कार्यकारी प्रमुख महेश शर्मा ढकालले महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रहरी बरिष्ठ उपरिक्षक बसन्त कुमार पन्तलाई उक्त रकम हस्तान्तरण गरेका छन्। उक्त कार्यक्रममा बोल्दै का.मु. कार्यकारी प्रमुख ढकालले महानगरीय ट्राफिक प्रहरी महाशाखाको समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई सहयोग गर्न पाएकोमा खुशी व्यक्त गरे। नेपाल प्रहरीको समुदाय-प्रहरी कार्यक्रलाई सहयोग गरेकोमा महाशाखाको तर्फबाट प्रहरी बरिष्ठ उपरिक्षक पन्तले बैंकलाई धन्यवाद ज्ञापन गरेका छन्। ग्लोबल आइएमई बैंक लिमिटेडले स्थापनाकाल देखि नै सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामाजिक कार्यहरूमा सहयोग गर्दै आएको छ। उक्त अवसरमा बैंकका सहायक महाप्रबन्धक आरती राणा, बजार तथा व्यवसाय प्रवर्द्धन विभागका प्रमुख बसन्तराज रेग्मी तथा बैक तथा महानगरीय ट्राफिक प्रहरी महाशाखाका विभिन्न व्यक्तिहरूको उपस्थिति रहेको थियो।

### बजाजको सोरूम विराटचोकमा

विराटनगर। नेपालका लागि बजाज मोटरसाईकलको आधिकारिक वितरक हन्सराज हुलासचन्द् एण्ड कम्पनीले मोरङको बिराटचोकमा नयाँ सोरूम सञ्चालनमा ल्याएको छ। पुर्ण सुविधासहितको उक्त नयाँ सोरूममार्फत मोरङका ग्राहकले गुणस्तरीय सेवा प्राप्त गर्ने विश्वास कम्पनीले लिएको छ। कम्पनीका अनुसार उक्त सोरूमको नाम 'मनकामना अटोकोबाईल्स' दिएको छ। नयाँ सोरूमले ग्राहकलाई बाइकको स्पेएर पार्ट्स, सेल्स, सेवा तथा एसेसरिज खरिदका लागि सहज बनाउनेछ। यसैको माध्यमबाट एचएच बजाजले देशभर आफ्नो बिक्रीलाई थप सशक्त बनाउन सहयोगद्ध पुगनेछ।

### नेपालमा मामागोतो रेस्टुरेन्ट चेन

काठमाडौं। अजर हस्पिटालिटिद्वारा सञ्चालित भारतको प्रख्यात रेस्टुरेन्ट चेन प्यान एसियाको मामागोतो रेस्टुरेन्ट नेपालमा स्थापना गरिएको छ। प्यान एसियाको नेपालमा पहिलो अन्तर्राष्ट्रिय चेन हो। नेपालका लागि आधिकारिक साझेदारका रूपमा नेपालका स्थापित घरानाका दुई युवा सुमित अत्री तथा सिभान्त पाण्डे रहेका छन्। काठमाडौंको पानीपोखरीमा अवस्थित मामागोतो आफैंमा अद्वितीय रहेको छ। यसमा विभिन्न परिकारको फ्युजन खानाको टेस्ट गर्न पाइन्छ। आकर्षक एवं आनन्ददायी वातावरण, शान्त परिवेश रेस्टुरेन्टका आफ्नै विशेषता हुन्। भारतमा विभिन्न ९ वटा शहरमा यसका शाखा सञ्चालित रहेका छन् भने नेपालमा यो प्यान एसियाको पहिलो अन्तर्राष्ट्रिय आउटलेट हो।

## नेपाल र भारतका स्रष्टाको संयुक्त साहित्यिक सभा

काठमाडौं। नेपाल र भारतका साहित्यकारबीच धनकुटामा पहिलो पटक संयुक्त साहित्यिक सभा गरिएको छ। सल्लेरी साहित्य संगम धनकुटाले गरेको सभामा भारतका विभिन्न प्रान्त र नेपालका विभिन्न जिल्लाबाट साहित्यकारको जमघट रहेको थियो। भारतबाट कोलकातास्थित साहित्य त्रिवेणीका सम्पादक कुँवरवीरसिंह मार्तण्डको नेतृत्वमा ९ जना कवि सहभागी थिए। टोलीमा गायत्री साहित्य संस्थान नयाँदिल्लीका अध्यक्ष बब्ली वशिष्ठ, उत्तर भारत साहित्य परिषदका संस्थापक अशोक भाटी, साहित्यकार तथा इन्डियन रेल्वे स्टेसनका प्रमुख सुशील शेली, वरिष्ठ कवि राज ख्यायिला, साहित्यकार योगेश समदर्शी, साग डनिया र मधु सिंह थिए। कार्यपत्रमा टिपण्णी गर्दै भारतका साहित्यकार कुँवरवीरसिंह मार्तण्डले भारत र नेपालको साहित्यको अन्तरसम्बन्ध परापूर्वकालदेखि भएकोले साहित्यकारलाई दुवै देशकै साहित्यबारे जानकारी हुनु आवश्यक रहेको बताए। कार्यपत्रले दुवै देशको भाषा, साहित्यको विगत, वर्तमान र भविष्यलाई समेत उजागर गरेको टिप्पणी गरे।








## नेपाली बाल प्रतिभाको धमाका



काठमाडौं। भारतीय गायन रियालिटी सो सारेगमपमा नेपाली बाल प्रतिभाले धमाका मच्चाएका छन्। नेपाली बाल गायक आयुष केसी र प्रितम आचार्य सारेगमपको फाइनलमा प्रवेश गरेका हुन्। फाइनलमा ६ जना प्रतिस्पर्धीबीच गायन प्रतिस्पर्धा हुनेछ। आयुष भक्तपुरका हुन भने प्रितम इटहरीका हुन्। जी टिभीमार्फत प्रत्येक हप्ताको शनिबार र आइतबार सारेगमप प्रसारण हुने गर्दछ। यहाँ भारतका चर्चित गायक तथा संगीतकार निर्णायकको भूमिकामा छन्। आयुषले यसहप्ता 'तुम मिले' भन्ने गीत गाएका थिए भने प्रितमले 'तडप तडप के इस दिलसे' भन्ने गीत गाएका थिए।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं